वर्ष १० / अंक १/ २०४८ कार्तिक-मंसीर

# मूल्याङ्कन

विचार-अर्न्तक्रियामुखि मासिक





असफल कर्मचारी आन्दोलनको मूल्यांकन

सदन: बुर्जुवाहरुको लागि निकै उपलब्धीपूर्ण

प्र.ले.सं. / एकता रोज्दा विचार छुट्ने विचार रोज्दा एकता टुट्ने
अन्तर्वार्ता: श्यामप्रसाद शर्मासँग

नेपाली कांग्रेस कति प्रजातान्त्रिक, कति समाजवादी

हिन्दू धर्म नेपालको प्राचीन धर्म होइन ।
- प्रो. माणिकलाल श्रेष्ठ

घरेलु तथा साना उद्योग, समस्या र समाधान

अमेरिका संकटको भुमरीमा

महंगी:
"सरकार यत्ति कमजोर छ कि मूल्य वृद्धि रोक्न सक्दैन"

क्यान्सरमाथि विजय



## के समाजवादको मृत्यु भएको हो ?

मूल्य रु. १०/- मात्र

No matter
what brand
your TV is,
it can't
resist a
GOLDSTAR VCP




GOLDSTAR VCP Model - 4320 P
The heart-throb of all TVs

VCP brought to you
for the first time
in Nepal by the
makers of your
favourite
GOLDSTAR - TV



Manufactured by Goldstar Nepal Industries (P) Ltd.
in technical collaboration with Goldstar Co. Ltd., S. Korea

कभर फोटोः सोभियत संघमा गत महिना आयोजित लेनिनवादीहरुको जुलुश [illegible]ाको एक दृष्य

सर्वहारा जनवादविना सर्वहारा अधिनायकत्व संभव छैन ।

एउटा देशमा समाजवाद निर्माण एउटा सीमासम्म मात्र गर्न सकिन्छ !

स्टालिन युगको समाजवाद "राज्य समाजवाद" थियो ।

विगतको समाजवादी कार्यप्रणालीको सिंहावलोकन । पृष्ठ.... ६





संसदप्रतिको जनताको भ्रम साफ गर्ने थुप्रै मसलाहरु सरकारले दिंदादिंदै पनि ती सार्वजनिक भण्डाफोरको विषय बन्न सकेनन्

संसदको सीमा र कमजोरी के ? सरकार र विपक्षको भूमिका के रह्यो ? पृष्ठ ..... ८

प्रधानमन्त्रीकै सक्रियतामा मूल्य निर्धारण समिति बन्यो । झन उल्टो यही वेलादेखि महंगी तेज गतिमा बढ्यो । यही घटनाभित्र अहिलेको महंगीको रहस्य लुकेको छ ? पृष्ठ .... ११





वामपन्थी समर्थित हरेक घटनालाई "नौलो जनवादी क्रान्ति" मान्ने हो भने यो पाँच वर्षभित्र यस्ता नौला जनवादी क्रान्तिहरु प्रशस्तै हुनेवाला छन् ।

सवाल कर्मचारीको थियो तर सवाल कर्मचारीको मात्र थिएनं । पृष्ठ .१५

# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)
वर्ष १० / अंक १/२०४८ कार्तिक-मंसीर

हाम्रो मूल्यांकन / ४

विचार-अन्तर्क्रिया किन ? / ५

अन्तर्क्रिया

के समाजवादको मृत्यु भएको हो ? / ६

आजको घटना / आजको विचार

यस पटकको संसद अधिवेशनले के देखाएको छ ? / ८

संसदमा वामपन्थी सांसदहरुको क्रियाकलाप:

पञ्चरत्नको आँखामा / ९

महंगी किन बढिरहेछ ? / ११

महंगीबारे गोविन्दप्रसाद लोहनी के भन्नु हुन्छ ? / १४

असफल कर्मचारी संघर्ष: को कति जिम्मेवार ? / १५

विशेष लेख

नेपाली कांग्रेस र प्रजातान्त्रिक समाजवाद / २२

नेपालमा हिन्दूकरण कहिलेदेखि र कसरी / २७

समस्या र दृष्टिकोण

नेपाली अर्थतन्त्रमा घरेलु तथा साना उद्योग: समस्या र सम्भावनाहरु / ३४

आँखी झ्याल

अमेरिका संकटको भूमरीमा / ४१

ज्ञान विज्ञान

के तपाई क्यान्सर निको पार्न चाहनुहुन्छ ? / ५१

कला / साहित्य / संस्कृति

(श्यामप्रसाद शर्मासँग अन्तरवार्ता) / ५५

प्रलेसं / अब के गर्ने / ५६

दर्शन / दिग्दर्शन

मार्क्सवादलाई मार्क्सवादी ढंगबाट कसरी प्रयोग गर्ने / ५७

घटना प्रवाह

कार्यगत एकताको खाँचो

जे पनि हुनसक्छ ५८

"हामी मार्क्सवादी सिद्धान्तलाई त्यस्तो कुनै पूर्ण र अनुर्लंघनीय चीज ठान्दैनौं; बरु त्यसको उल्टो हामी के कुरामा सहमत छौं भने यसले त त्यो विज्ञानको जग मात्रै राखेको छ, जसलाई समाजवादीहरुले यदि उनीहरु जीवनको गतिसँग तादाम्यता कायम गर्न चाहन्छन् भने, सबै दिशामा अझ अगाडि बढाउनै पर्छ । हाम्रो विचारमा मार्क्सवादी सिद्धान्तको स्वतन्त्र विस्तृतीकरण रुसी समाजवादीहरुको लागि विशेष रुपले आवश्यक छ, किन कि यो सिद्धान्तले सामान्य मार्गदर्शक नियमहरु मात्र प्रदान गर्दछ, जुन ठोस रुपमा फ्रान्समा भन्दा बेलायतमा बेग्लै ढंगले; जर्मनीमा भन्दा फ्रान्समा बेग्लै ढंगले र रुसमा भन्दा जर्मनीमा बेग्लै ढंगले लागु हुन्छ । त्यसैले, हामी हाम्रो पत्रिकामा सैद्धान्तिक सवालका बारेमा लेखिएका लेखहरुलाई सहर्ष स्थान दिनेछौं र हामी सबै कामरेडहरुलाई विवादास्पद मुद्दाहरुमा खुला छलफलका निम्ति आमन्त्रण गर्दछौं ।"

-भी.आई. लेनिन / भी.आई. लेनिन, मार्क्स-एंगेल्स, (स्रोतः पृ. १२१), मार्क्सिज्म (अंग्रेजी), विदेशी भाषा प्रकाशन गृह, पेकिङ, १९७८

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
नारायणकाजी श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**अन्तर्क्रिया प्रकाशन (प्रा) लि.**
का लागि
**सम्पादक / प्रकाशक**
सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा) लि.
न्हूसाल, झोछें
ख-२,२३७
काठमाडौं-२३
फोनः २१३६९४
पो.ब.नं. ३०२६, काठमाडौं

# हाम्रो मूल्याङ्कन

पंचायती शासनकालमा तथ्यमूलक आलोचना गरे वापत दर्ता खारेज समेत भएको र गएको १० वर्षदेखि जनमुखी पत्रकारिता गरिआएको "मूल्याङ्कन" अब समाचारमुखी साप्ताहिकको बदलामा नयाँ रुप र सज्जामा विचार अन्तर्क्रियामुखी मासिकका रुपमा प्रकाशित हुन लागिरहेछ । यो अब कुनै राजनैतिक समूहसँग पनि वैचारिक रुपले संबद्ध नरहीकन नेपालको समूचा बाम आन्दोलनमा द्वन्दात्मक वस्तुवादका आधारमा जीवनका संपूर्ण पक्षहरुमा विचार-अन्तर्क्रिया चलाउँदै विचारधारात्मक स्पष्टता पैदा गर्नका निम्ति समर्पित पत्रिकाको रुपमा पाठकहरु समक्ष पेश हुन लागिरहेछ ।

नेपालको बामशक्ति नै नेपाली समाजको आमूल प्रगतिशील परिवर्तनको निम्ति संघर्षरत एक मात्र जुझारु शक्ति हो । आफ्नो संघर्षशीलता, लगन र जनमुखीपनका कारणले यो शक्ति अझै पनि जन-आस्थाको केन्द्र र उज्यालो भविष्यको आशा रहीआएको छ । तथापि अहिले पनि यो शक्ति विभाजित छ । यसमा सुधारवादी धार, उग्रपन्थी धार र मार्क्सवादी धार बीच संघर्ष चलिरहेको छ । दिशा अस्पष्टता तथा चिन्तनमा जडता र अन्धता - सुधारवादी पथ-विचलन नै नेपालको बाम-आन्दोलनको मूल समस्या बनेको छ । समाजको आमूल परिवर्तनको निम्ति संघर्षरत यो शक्तिसित अहिले पनि समाजको आमूल परिवर्तनको निम्ति कुनै स्पष्ट वैचारिक खाका छैन । जीवनको कुनै पनि पक्षमा प्रष्ट, उन्नत र वस्तुसम्मत विकल्प छैन । विश्व र समाज बदलिंदो छ, गतिशील छ । त्यसको गतिसित गति कायम गर्दै त्यहाँ पैदा भईरहेका नयाँ नयाँ समस्याहरु, प्रश्नहरु, ज्ञान र अनुभवहरु अनुरुप आफ्नो चिन्तन र संस्कृतिलाई पनि दुरुस्त र विकसित पार्दै लैजाने द्वन्दात्मक चिन्तन प्रक्रियाको पनि नेपालको बाम-आन्दोलनमा अभाव छ ।

यो समस्या हल नगरीकन र यो अभाव पूर्ति नगरीकन बाम शक्तिले समाजको आमूल परिवर्तनको अगुवाइ गर्न संभव हुँदैन । यसका निम्ति द्वन्दात्मक वस्तुवादका आधारमा जीवनका सबै पक्षमा र संसारमा विकसित ज्ञानका सबै क्षेत्रमा खुलेआम बिचार-अन्तर्क्रिया चलाउनु नितान्त जरुरी भएको छ । सत्यमुखी र व्यवहारसित गाँसिएको विचार-अन्तर्क्रियासिबाय अर्को कुनै उपायबाट भावी नेपालको प्रष्ट र वस्तुसम्मत वैचारिक खाका र विकल्प तयार गर्न संभव छैन । संसारमा पैदा भइरहेका नयाँ नयाँ समस्याहरु, प्रश्नहरु, ज्ञान र अनुभवहरुबारे निरन्तर रुपमा उद्देश्यमूलक बिचार-अन्तर्क्रिया नचलाईकन बदलिंदो समाज र विश्वसित गति कायम गर्नु संभव हुँदैन । त्यसैले, सही चिन्तन पद्धतिमा आधारित विचार-अन्तर्क्रिया नेपालको बाम-आन्दोलनको निम्ति अहिले सर्वाधिक जरुरी भएकोछ ।

यही कारणले र यही जरुरत पूरा गर्न हामीले "मूल्याङ्कन"लाई विचार-अन्तर्क्रियामुखी मासिकका रुपमा निकाल्ने प्रयत्न गरेका हौं । "मूल्याङ्कन", त्यसैले, निरुद्देश्य र अन्तहीन विवाद सिर्जना गरेर बैचारिक अन्यौल सिर्जना गर्ने प्रक्रियालाई र प्रयत्नलाई आफ्ना पृष्ठहरुमा कुनै स्थान नदिने कुरामा सचेष्ट छ । यो समाजको आमूल र प्रगतिशील परिवर्तनको निम्ति जीवनको संपूर्ण पक्षमा प्रष्ट र सही धारणा बनाउन, सही विश्व दृष्टिकोण र चिन्तन् पद्धति विकास गर्न, उद्देश्यमूलक र सत्यउन्मुख विचार-अन्तर्क्रिया चलाउँदै विचारधारात्मक स्पष्टता विकास गर्नमा केन्द्रित हुनेछ । यसले विश्वमा र समाजमा विकसित नयाँ नयाँ समस्या र सवालहरु बारे, ज्ञान र अनुभव बारे पनि पाठकहरुलाई जानकारी दिने र ती सवालमा सही समझदारी र समाधान हासिल गर्न मद्दत गर्ने लक्ष्य राखेको छ । यसले पूँजीवादी खेमाका समस्याहरुलाई पनि उदांगो पार्ने कार्य गर्नेछ र समाजवादी खेमाका समस्याहरुलाई पनि छलफलमा ल्याउने छ ।

यो बिचार-अन्तर्क्रियामुखी पत्रिका हुनाले सम्पादक मण्डलको सामूहिक प्रतिक्रियादेखि बाहेक सबै लेख-रचनाप्रति लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ । सम्पादक मण्डलको विचार उपर पनि विचार-अन्तर्क्रियालाई स्वागत गरिनेछ । कुनै पनि सवालमा तात्कालीन समय र स्थितिमा वस्तु सम्मत स्पष्ट र सर्वाङ्गिण धारणा विकास गर्न सहायक हुने लेख, रचना र विचार आउन छोडेको महसूस नभएसम्म त्यो सवालमा बिचार-अन्तर्क्रिया जारी राखिनेछ । अन्यथा त्यो बन्द गरिनेछ ।

आशा छ, विचार-अन्तर्क्रियाको यो प्रयत्नले नेपालको बाम-आन्दोलनलाई विचारधारात्मक स्पष्टताको आधारमा एकताबद्ध गर्न र सामाजिक परिवर्तनलाई वैचारिक रुपले अगुवाई गर्न एक हदसम्म मद्दत गर्नेछ । हामी समाजको आमूल परिवर्तनको निम्ति संघर्षरत संपूर्ण वाम समूहहरु, नेता तथा कार्यकर्ताहरु, बुद्धिजीवि तथा व्यक्तित्वहरुलाई विचारधारात्मक स्पष्टताको निम्ति विचार-अन्तर्क्रियाको यो जरुरी प्रक्रियामा आफै सामेल हुन; यसमा सहयोग गर्न र यसबारे आलोचना र सुझाव पठाउन हार्दिक आव्हान गर्दछौं ।

# विचार-अन्तर्क्रिया किन ?

जन-आन्दोलनका सहभागी त्यत्रा जनताको त्याग र शहीदहरुको बलिदानबाट सीमित रुपमै भएपनि प्राप्त "वाक-स्वतन्त्रता"लाई हामीले क्षणिक सत्ता-उन्मुख सस्तो राजनीतिक प्रचारबाजी र गालीगलौजमा जत्ति प्रयोग गर्‍यौं, त्यत्ति सत्य-उन्मुख गम्भीर राजनैतिक-दार्शनिक चिन्तन र आदन-प्रदानमा प्रयोग गर्न सकेका छैनौं। व्यक्तिगत, समूहगत पूर्वाग्रह र "अहं"बाट मुक्त भई स्वच्छ अन्तर्क्रियाको बाटो पक्डन प्रकृयागत र संस्कारगत थुप्रै कठीनाइहरु पनि हाम्रासामु रहेका छन्। यी कठिनाइहरुबाट पार पाउने उपायहरुको खोजी हुनु नितान्त जरुरी छ।

यसपल्ट प्रस्तुत छ- वर्तमानमा विचार अन्तर्क्रियाको उपयोगिताबारे क. झलनाथ खनाल, क. लिलामणि पोखरेल र क. शंभुराम श्रेष्ठका विचारहरुः







## झलनाथ खनाल

"पूर्वेली समाजमा आत्मिक प्रगति (Spiritual Development) को बहुत प्रारंभिक कालमा नै "वादे वादे जायते तत्वबोध" जस्तो महत्वपूर्ण द्वन्दवादी चेतनाको विकास भएको पाइन्छ। यस चेतनालाई त्यसबेला, त्यसपछिको युगमा र वर्तमान अवस्थामा मानिसहरुले सचेत रुपमा ग्रहण गर्ने र आफ्नो दैनिक व्यवहारमा लागू गर्ने गरिरहेका छन् कि छैनन्, त्यो बेग्लै कुरा हो। तर पूर्वेली मात्र होइन पश्चिमेली र सिङ्गो मानव जातिको आत्मिक विकास "वादे वादे" को प्रकृयाबाट नै हुँदै आएको छ र भैरहेको छ।

समाजलाई रुपान्तरण गर्ने चाहने, त्यसभित्र कायाकल्प गर्न चाहने र त्यसलाई परिवर्तन, विकास र समुन्नतिको शीखर चढाउन चाहने अग्रगामी आन्दोलनका बाहकहरुभित्र, यस्ता बाहकहरुमध्ये पनि मार्क्सवाद जस्तो वैज्ञानिक विचार प्रणालीको प्रकाशमा सामाजिक परिवर्तन गर्न चाहने क्रान्तिकारी परिवर्तनबाहक शक्तिहरुबीच आपसी भेटघाट, सम्पर्क, बातचीत, छलफल र गम्भीर बहसहरु अत्यन्त आवश्यक कुराहरु हुन्।"

## लिलामणि पोखरेल

"विचार र सिद्धान्तको क्षेत्रमा आएको विचलनले कम्युनिस्ट आन्दोलनमा संकट देखापरेको हो। यो संकट समाधानका लागि विचारका क्षेत्रमा चिन्तन र खोज अनिवार्य छ। यसका लागि राजनैतिक क्षेत्रमा अन्तर्क्रिया हुनु जरुरी छ। अन्तर्क्रियाले मार्क्सवादका सार्वभौम पक्षको औचित्यमाथि प्रश्न उठाउनु होइन बरु त्यसको बस्तुगत कृयान्वयनको पक्षमा देखापरेका यन्त्रवाद, व्यवहारवाद र शुद्धतावादका रुपमा देखा परेका विभिन्न प्रवृत्तिहरुबाट मुक्त हुने बाटो खोज्नु पर्दछ।

नयाँ चुनौति र समस्याहरुको मार्क्सवादी हल कसरी हुन सक्छ ? कम्युनिस्ट आन्दोलनको अग्रगामि गति कुन कुराले अवरुद्ध भएको छ ? भएकोमा के थप्दा वा के बाट थालनी गर्दा गति लिन सकिन्छ ? यी सवालहरुमा छलफल, वहस गर्दा निस्कने नयाँ उपायले नेपालको वाम आन्दोलनलाई अवश्य पनि टेवा दिनेछ।"

## शम्भुराम श्रेष्ठ

"नेपाली कम्युनिस्ट आन्दोलन आज विभाजित अवस्थामा छ। यसलाई एकीकृत बनाउन वैचारिक एकता हासिल गर्नु जरुरी छ। त्यसका लागि छलफल बहस गर्दै एक ठाउँमा पुग्ने प्रकृया चलाउन आवश्यक छ।

कम्युनिस्ट आन्दोलनमा नीति र कार्यक्रममा पनि प्रष्टता छैन। सही नीति र कार्यक्रम विकसित गर्नको लागि तथ्यहरुमा आधारित द्वन्द-छलफलको त्यतिक्कै खाँचो छ। विश्वमा आएको परिवर्तन, विशेष गरी सोभियत संघ र पूर्वी यूरोपका हालैका घटनाहरुको सन्दर्भमा मार्क्सवादको सत्यतालाई प्रमाणित गर्ने र यसको रक्षा गर्ने कार्य सम्पन्न गर्न पनि मार्क्सवादी बीच नै अन्तक्रिया हुनु जरुरी छ।"

विचार अन्तर्क्रियाको पक्षमा सानो पाइलाको रुपमा प्रस्तुत हुन लागेको **"मूल्यांकन"** का बारेमा पनि हामीले क. शंभुराम श्रेष्ठसँग प्रसंग चलाएका थियौं। यसबारे उहाँको भनाई यस्तो थियो- "यस्तो स्थितिमा विचार अन्तर्क्रियाकै निमित्त "मूल्यांकन" मासिक प्रकाशन हुन लाग्नु खुसीको कुरा हो। यस्तो एउटा पत्रिकाको नेपालमा ठूलो खाँचो छ। त्यसैले यो पत्रिकाले ठूलो लक्ष (Mission) लिएर आएको छ। म यसको सफलताको कामना गर्दछु।"

# के समाजवादको मृत्यु भएको हो ?

नीरव शेरचन

**(पूर्वी यूरोप र सोभियतसंघमा घटेका राजनीतिक घटनाहरुले गर्दा विश्वभरि नै "समाजवाद" बारे विभिन्न प्रश्नहरु उठिरहेका छन् । विपक्षीहरुले "समाजवादको मृत्यु" भएको घोषणा गरिरहेको वर्तमान सन्दर्भमा समाजवादी खेमाभित्रै पनि पूर्वी यूरोप र सोभियतसंघमा घटेका यी घटनाहरुको सार खिची निस्कर्ष**

**अन्तरक्रिया**

**झिकेर त्यसबाट पाठ सिक्ने प्रकृयाहरु तीव्र भइरहेका छन् । विश्वभरि नै विभिन्न कोणबाट यसबारे प्रतिकृयाहरु आइरहेका छन् । दिमागहरु गहिरिदै छन्, कलमहरु दगुर्दैछन्, गोष्ठी र सभाहरु हुँदैछन् । नेपालमा पनि यो क्रम जारी छ तर गम्भीर रुपले यस विषयको गहिराइमा पुग्ने प्रयत्न हुनु अझै जरुरी छ । यसै सन्दर्भमा यो लेख प्रस्तुत गरिएको छ । आफ्नै मौलिक अध्ययन चिन्तनको छाप समेत समाविष्ट यस लेखका लेखक नीरव शेरचन सौन्दर्य शास्त्र, महिला समस्या र मार्क्सवाद स्वयंकै बारेमा अध्ययन र लेखन गर्दै आउनुभएका व्यक्ति हुनुहुन्छ ।)**

सन् १९८९ को अन्त्यतिर पूर्वी यूरोपीय देशहरुको राज्य व्यवस्था ताशको महलझैं एक पछि अर्को गर्दै ढले । सन् १९९१ मा महान अक्टोबर क्रान्तिको जन्मभूमि सोभियतसंघको राज्य व्यवस्था मात्र ढलेन, संघ विखण्डित भएर १२ टुक्रा हुन पुग्यो । जुन देशका युवाहरु विवाहको अवसरमा लेनिनको सालिकमा गई फूल चढाएर समाजवाद निर्माणको शपथ खान्थे त्यहाँ लेनिनको प्रस्तर सालिकलाई क्रेन लगाएर ढालियो र सोभियत जनता मुक-दर्शक भएर हेरिरहे । समाजवादी क्रान्तिका योद्धाहरुलाई खलनायकको उपाधि दिइयो र येल्तसिन र गोर्वाचोभ जस्ता विश्व पूँजीवादका विश्वास पात्र सोभियत नेताहरु नायकको दर्जा ओगट्न पुगे । यी देशहरुको विफलताले हर्षोन्मत्त भएको श्रमचोर चुसाहा वर्गले विजयको गगनभेदी घोषणा गऱ्यो– "समाजवादको मृत्यु भएको छ !" फ्रान्सिस पुजियामा जस्ता एकाधिकार र वित्तीय पूँजीका वफादार सिद्धान्तकारहरु अझ एक कदम अघि बढेर गर्जिए- "समाजवाद मात्र होइन, इतिहास कै अन्त्य भएको छ !"

समाजवादी कहलाइएका यी मुलुकहरुको व्यवस्थालाई प्रतिक्रियाको प्रचण्ड आंधीले धराशायी पाऱ्यो । यसले श्रमजीविवर्गको श्रमलाई मुनाफामा बदली आफ्नो ढुकुटी भर्ने शोषकवर्गको हौसला मात्र बढाएन, श्रमजीवि जनताको मुक्ति आन्दोलनभित्र संशय, नैराश्य, वैचारिक अन्यौल र दिशाविहीनतालाई पनि जन्म दियो । वामपन्थी खेमाभित्र यो संकटलाई एक थरीले समाजवादकै पतन ठानेर विचलित हुँदै समाजवादको सान्दर्भिकतामाथि नै प्रश्नचिन्ह उठाउन पुगे भने अर्को थरीले त्यसलाई संशोधनवादको पतनको संज्ञा दिँदै समाजवादको निम्ति स्थिति झन अनुकूल बनाइदिएको तर्क पेश गरे । नेपाली वामपन्थमा पनि वर्तमान संकटलाई हेर्ने यी दुवै प्रवृत्तिको प्रतिविंव देख्न पाइन्छ । तर विसौं शताब्दीमा अक्टोबर क्रान्ति पछिको तर तात्विक रुपमा भिन्न दिशाका संभवत: सबैभन्दा महत्वपूर्ण घटनाहरु मध्ये पर्ने यी घटनाक्रमलाई बुझ्न १९१७ पछिका ७४ वर्षको कालखण्डको द्वन्दात्मक र ऐतिहासिक भौतिकवादी विवेचना गर्ने र आफ्ना मूल्य एवं मान्यता र व्यवहारलाई गहिरिएर आत्मनिरीक्षण गर्ने संकल्पको आवश्यकता छ । त्यस आवश्यकतातर्फ सचेतकको भूमिका निर्वाह गर्ने सानो प्रयास गर्नु यस लेखको उद्देश्य रहेको छ ।

## समाजवादको पतन कि संशोधनवादको पतन ?

समाजवाद वा सर्वहारावर्गको अधिनायकत्वको सान्दर्भिकतामाथि प्रश्नचिन्ह उठाउनेहरुलाई तत्कालै दक्षिणपन्थी, अवसरवादी, संशोधनवादीया गद्दारको पगरी गुथाईहाल्ने संस्कारबाट नेपाली वामपन्थ मुक्त छैन । तर विचारणीय कुरा के छ भने यो नेपालको मात्रै समस्या होइन । विश्व वामपन्थको एउटा ठूलो हिस्सा सोभियत संघ र पूर्वी यूरोपीय देशहरुमा आएको संकटले गर्दा समाजवाददेखि विरक्त हुँदैछन् । समाजवाद असफल पो भयो कि भन्ने चिन्तामा परेका छन् । त्यस मनोभावना उत्पन्न हुनुको पछाडि केही बस्तुगत कारणहरु छन्, जसलाई पन्छाउन मिल्दैन । राल्फ मिलिब्राण्ड भन्छन्:-

"... तिनीहरुमध्ये एउटा कारण पूँजीवादले निरंतर प्रदर्शन गरिरहेको असाधारण अन्वेषणात्मक शक्ति र (Resilience) हो । संकट, बेरोजगारी, व्यापक दरिद्रता, घरबार विहीनता, लागू पदार्थ सेवन, अपराध, जन तथा सामाजिक सेवाको अनिकाल, अन्याय, सबै खाले क्रूरता र बजारद्वारा निर्देशित सामाजिक संवन्ध भएको समाजमा पाइने मूलभूत अमानवीयताको वावजुद, त्यो व्यवस्थाले कमसेकम विकसित पूँजीवादी देशमा आमूल परिवर्तनको मांगलाई रोक्न सक्ने प्रवन्ध मिलाएको छ ।" -(मिलिब्राण्ड, "प्रश्नको घेरोमा समाजवाद" १९९०)

तर मिलिब्राण्ड र अन्य धेरै समाजवादी चिन्तकहरु समाजवादप्रति मोहभंग हुनुमा पूँजीवादको यस क्षणिक सफलताभन्दा महत्वपूर्ण कारण सोभियत संघ लगायत



(यो ट्यांकर र सोभियतसंघका यी जनताहरु)

आफूलाई समाजवादी वा साम्यवादी भन्ने राष्ट्रहरुले प्रदान गरेको कटु अनुभवलाई मान्दछन् । समाजवाददेखि विरक्तिएका वामपन्थीहरु र उनीहरुमा फरक चाहिं के छ भने उनीहरु त्यो अनुभवलाई समाजवाद मान्दैनन् । राज्य शक्तिमा अधिकार जमाएका नोकरशाहहरुद्वारा जनतामाथि थोपारिने केन्द्रिकृत योजना, अतिरिक्त मूल्यको सिद्धान्तद्वारा निर्देशित आदेशात्मक अर्थव्यवस्था र बुर्जुवा प्रजातन्त्र जति पनि जनवाद नरहेको सर्वहारा वर्गको अधिनयकत्वको वर्ण शंकर जन विरोधी सत्तालाई समाजवाद भन्न सकिन्छ ? यो अहम महत्वको प्रश्न हो । त्यस्तो व्यवस्थामा आएको संकटलाई समाजवादकै संकट ठानी अब एकमात्र विकल्प "प्रजातान्त्रिक समाजवाद" को मिश्रित अर्थव्यवस्था भएको वकालत गर्ने एकथरी र समाजवादप्रति आफ्नो प्रतिवद्धतालाई नत्यागीहाले पनि सर्वहारा वर्गको अधिनायकत्वलाई क्रमश: त्याग्दै त्यसको सट्टामा बहुदलीय जनवादद्वारा सञ्चालित हुने "बहुलवादी समाज" (Pluralistic Society) स्थापना गर्न चाहने अर्का थरी- यी दुवै खाले सोच बोकेका नेपाली वामपन्थी मित्रहरुले हतारिएर निर्णय गर्नुअघि यस प्रश्नप्रति गहिरिएर विचार गर्नु आवश्यक ठान्दछु । यदि त्यस्तो व्यवस्थालाई समाजवाद मान्ने हो भने समाजवाद निर्माणको लागि त्यत्रो त्याग, तपस्या, बलिदान गर्नु व्यर्थ छ । तर यदि त्यो व्यवस्था समाजवाद होइन भने वर्तमान संकटलाई समाजवादको पतन कसरी भन्न सकिन्छ ?

सोभियत संघको वर्तमान संकटलाई आधुनिक संशोधनवादको पतन देख्नेहरुले मार्क्सवाद-लेनिनवादको झण्डालाई दृढतापूर्वक उचालीरहेका छन् । आधुनिक संशोधनवाद भन्नाले उनीहरु स्टालिनको मृत्यु र खुश्चेभको कदमपछि, विशेषत १९५६ को सोभियत कम्युनिस्ट पार्टीको बीसौं महाअधिवेशनपछि उत्पन्न भएको स्थितिलाई औंल्याउँदछन् । १९६० को दशकमा सोभियत संघ र जनगणतन्त्रवादी चीनको वीचमा चलेको ऐतिहासिक वैचारिक द्वन्द्व "महान बहस" (The Great Debate) मा उनीहरु चिनीयाँ अडानको पक्षधर छन् । स्टालिन युगलाई हेर्ने दृष्टिकोणमा उनीहरु बीच केही मतान्तर छ । एकथरी स्टालिन युगलाई समाजवादको अनुकरणीय मोडेल ठान्छ र त्यसप्रति आलोचनात्मक रवैया अपनाउन तैयार छैन । अर्को थरी स्टालिन र स्टालिन युगका नकारात्मक पक्षबारे पनि छलफल गर्नुपर्ने आवश्यकता संझन्छ तर माओले १९६० तिर औंल्याएका बुँदाहरुको घेराभित्र सीमित भएर मात्र । दुवै पक्षले आफूलाई माओत्सेतुंग विचारधाराका अनुयायी मानेता पनि सर्वहारा अधिनायकत्वमाथि एकतर्फी जोड, सर्वहारा जनवाद र विचारधारात्मक सचेतनताको महत्वलाई गौण ठान्ने प्रवृत्तिले उनीहरु संकटको मूल कारणहरुको गहिराईमा नउत्री आस्था प्रदर्शनको सतही अभ्यासमै संतुष्ट



लेनिन: आत्मविश्वास

रहने संभावनालाई नकार्न सकिन्न ।

संशोधनवादको पतन भएको दावी गर्ने शक्तिहरुले त्यसको सामाजिक आर्थिक प्रणालीको गहन विश्लेषण गरेको पाइएको छैन । उनीहरु भन्छन् त्यो समाजवाद होइन र त्यो नांगो पूँजीवाद पनि होइन । त्यसलाई नामाकरण गर्ने प्रयत्नमा "छद्म पूँजीवाद" शब्दको बढी प्रयोग भइरहेको पाइन्छ । तर छद्म पूँजीवाद साहित्यमा मीठो सुनिएता पनि यसले ३५ वर्षको सामाजिक आर्थिक प्रणालीको व्याख्या, त्यसको उदय र पतनका कारणहरुको स्पष्ट विवेचना गर्न मद्दत पुऱ्याउँदैन । ३५ वर्षको व्यवहारिक अनुभवपछि पनि खुश्चेभी संशोधनवादी राज्यप्रणालीलाई छद्म पूँजीवाद भनिरहनु विश्लेषणकै दरिद्रताको परिचायक हैन र ? हालसालै केही व्यक्तिहरुले "नोकरशाही पूँजीवाद" भनेको पनि सुन्न पाइएको छ । यो सारात्मक कदम हो । मेरो विचारमा खुश्चेभी संशोधनवादी आर्थिक प्रणालीलाई नोकरशाही* राज्य पूँजीवाद (Bureaucratic State Capitalism) भन्नु पर्दछ ।

## खुश्चेभी संशोधनवादी युग नोकरशाहराज्य पूँजीवादी व्यवस्था हो !

मार्क्सले जुन पूँजीवादी व्यवस्थाको शल्यक्रिया गरे त्यो मूल रुपमा मुनाफाको निम्ति प्रतिस्पर्धा गरिरहेका व्यक्तिगत उत्पादन र वितरणको स्वतंत्र बजार प्रणालीमा आधारित पूँजीवादी व्यवस्था थियो । तर मार्क्स उत्पादन र पूँजीको केन्द्रिकरणको विश्वव्यापी प्रकृयाबाट अनभिज्ञ थिएनन् । आफ्नो विश्वप्रख्यात ग्रन्थ "पूँजी"मा उनले त्यस प्रकृयाको परिणाम स्वरुप एकातिर एकाधिकार पूँजीको विकास र अर्कोतिर पूँजीवादको अन्तर्राष्ट्रिय चरित्रको उदय हुने संभावना तर्फ औंल्याएका थिए । (मार्क्स पूँजी अंग्रेजी ग्रन्थ १, १९७२, ७१५ पेजमा)

लेनिनको पालासम्म आईपुग्दा पूँजीवादको "अन्तर्राष्ट्रिय चरित्र"ले साम्राज्यवादको रुप लिई सकेको थियो र पूँजीवाद आफै एकाधिकार पूँजीवाद (Monopoly Capitalism) मा परिणत भैसकेको थियो । साम्राज्यवाद एकाधिकार पूँजीवाद हो भन्ने व्याख्या गर्दै लेनिनले भनेका थिए-

"आर्थिक दृष्टिले साम्राज्यवाद पूँजीवादको सबैभन्दा उच्च अवस्था हो, जहाँ उत्पादनले यति विशाल रुप लिएको हुन्छ कि त्यहाँ स्वतंत्र प्रतिस्पर्धाले एकाधिकारलाई बाटो छाडीदिन्छ । यो नै साम्राज्यवादको आर्थिक सार हो । ट्रस्ट, सिन्डीकेट, दैत्यकार बैंकको सर्वशक्तिमानता, बैंकमा पूँजीको घनत्व आदि मार्फत एकाधिकारले आफ्नो रुप देखाउँछ ।" (संकलित रचनाहरु अंग्रेजी ग्रन्थ २३, पेज ४२)

तर यस्तो एकाधिकार पूँजीवादले प्रतिस्पर्धालाई पूर्ण रुपले विस्थापित भने गर्दैन । पूँजीवाद मुनाफाको प्रतिस्पर्धाविना बाच्नै सक्दैन । त्यसैले एकाधिकार पूँजीवादी व्यवस्थाभित्र प्रशस्त द्वैध र अन्तरविरोधी तत्व देख्न पाइन्छ, जस्तै- एकाधिकार पूँजी र प्रतिस्पर्धा, योजना र अराजकता, उद्देश्यपूर्ण राजनैतिक क्रियाकलाप र बजारको लथालिंगपन । एकाधिकार र प्रतिस्पर्धाको अन्तरविरोध बोकेको साम्राज्यवाद संकटमा पर्न थालेपछि त्यसको निवारण समाजवादी क्रान्तिले मात्र गर्न सक्ने लेनिनको ठहर थियो । तर एकाधिकार पूँजी र साम्राज्यवाद तुरुन्तै संकटग्रस्त भएन । त्यसले बचावका उपायहरु खोज्यो र त्यही प्रयत्नमा राज्य एकाधिकार पूँजीवाद (State Monopoly Capitalism) मा विकास गऱ्यो । पूँजीवाद कै अस्तित्वमा खतरा उत्पन्न भएको बेला एकाधिकार पूँजीपतिहरुलाई पूँजीवाद बचाउने अन्तिम उपाय राज्यसँग एकिकृत हुनु थियो । त्यस संभावनाप्रति लेनिनको दृष्टि पुगेको तथ्य उहाँका थुपै लेखहरु- विशेषत नयाँ अर्थनीति (NEP) संबन्धी लेखहरुबाट थाहा हुन्छ । मार्क्सले पूँजीको केन्द्रिकरणबाट एकाधिकार पूँजीको विकास हुने संभावना औंल्याएझै लेनिनले पनि राज्यको शक्ति र एकाधिकार पूँजीको शक्ति आपसमा मिसिंदै राज्य एकाधिकार पूँजीवादको विकास हुने प्रक्रियातर्फ सचेत गराएका थिए । आधुनिक युगमा राज्य एकाधिकार पूँजीवाद आधुनिक पूँजीवादको केन्द्रिय अभिव्यक्ति भएर देखा परेको छ ।

राज्य एकाधिकार पूँजीवादलाई छोटकरीमा राज्यपूँजीवाद पनि भनिन्छ । त्यस अर्थव्यवस्थामा राज्य र एकाधिकार पूँजीको संयुक्त स्वामित्व भएका मिश्रित कम्पनीहरु अर्थात कर्पोरेशनहरुको संख्या बढिरहेको हुन्छ । एकाधिकारले विशुद्ध राज्य सम्पतिको पनि उपयोग गर्दछ । राज्य संचालित संस्थाहरुबाट यसले सस्तो कच्चापदार्थ, शक्ति र सेवा प्राप्त गर्दछ । राज्य पूँजीवादले पूँजीपतिलाई श्रम उपलब्ध गराउन, श्रमको बेचविखनलाई नियन्त्रण गर्न, त्यसको प्रयोग, प्रशिक्षण र पुर्नप्रशिक्षण गर्न महत्वपूर्ण भूमिका खेल्दछ । राज्य र एकाधिकारको योगले एउटा अर्को प्रक्रियालाई पनि जन्म दिन्छ त्यो हो- नोकरशाही पूँजीपतिहरुको उत्पादन । पूँजी र उत्पादनमा नियंत्रण राख्न सक्ने उपल्ला तहका राज्य नोकरशाहहरु आफ्ना सम्पर्क र संवन्धको उपयोग गरेर मुनाफा बटुल्ने हुन सक्दछन् र त्यसरी एकाधिकार पूँजीपतिकै स्वरुप ग्रहण गर्न थाल्दछन् । त्यसैले पूँजीवादका विभिन्न चरणहरुबाट गुज्रिरहेका देशहरुमा पनि धेरथोर नोकरशाह पूँजीपतिहरुको अस्तित्व रहेको पाइन्छ ।

(नोभोसेलोभ, "साम्यवादी आन्दोलनका समस्याहरु" पृष्ठ ६६, अंग्रेजी १९८१)

साम्राज्यवाद र पूँजीवादको यो वर्तमान अवस्थालाई प्रष्ट्याउँदै सो.क.पा.को केन्द्रिय समितिले सन् ११९६७ मा अक्टोवर क्रान्तिको पचासौं वार्षिकोत्सवको अवसरमा भनेको थियो "आधुनिक पूँजीवाद राज्य एकाधिकार पूँजीवाद हो- जो दुई विश्व प्रणाली (पूँजीवाद र समाजवाद) बीच चलेको संघर्षमा आफूलाई व्यवस्थित गर्न खोजीरहेकोछ ।" तर विडंवना के छ भने सन् १९६७ मा सोभियत कम्युनिस्ट पार्टीले जसलाई समाजवादी प्रणाली भनिरहेको थियो, त्यो समाजवाद नरहेर राज्य एकाधिकार पूँजीवादकै एउटा अर्को संस्करण बनिसकेको थियो ।

विश्वका शक्तिशाली देश र प्रचारमाध्यमले समाजवादी भनी आएका मुलुकहरुलाई राज्य पूँजीवादी देश भनिदिंदा एकैचोटि विश्वास गर्न गाऱ्हो हुन्छ । तर नेपाली बामपन्थले यो अवधारणालाई बुझ्न त्यति गाऱ्हो छैन किनकि यसको मुख्य प्रवाहले सोभियत संघलाई सामाजिक साम्राज्यवाद मानीआएको हो । सोभियत संघलाई सामाजिक साम्राज्यवाद भनिनु उचित थियो भने प्रश्न उठ्दछ- त्यसको आर्थिक सार के हो ? आर्थिक सार समाजवाद थियो भने सामाजिक साम्राज्यवादको उदय कसरी हुनसक्छ ? समाजवाद थिएन भने के थियो त ?

*(बाँकी ४३ पेजमा)*

पढ्नहोस्-

साप्ताहिक **पृष्ठभूमि**
साप्ताहिक **जनादेश**
नेपाल भाषा दैनिक **विश्वभूमि**

## आजको घटना / आजको विचार



# यसपटकको संसद अधिवेशनले के देखाएको छ ?

**पूँजीवादी समाज संसदीय प्रणालीमा पनि राज्यको निरंकुश-तन्त्र खतम हुँदैन र हुन सक्तैन, चुनिएको बहुमत र सरकार त्यहाँ पनि चुनिएकै नाममा निरंकुश हुन्छ र हुनसक्छ । खालि निरंकुशतन्त्रको रुप मात्र फेरिन्छ । पूँजीवादी संसदीय प्रणालीमा बहुमतको पूँजीवादी निरंकुश तन्त्रलाई निर्वाचित संसदले छोपछोप मात्र पार्छ, खतम पार्दैन ।**

संसारमा सबै राजनीतिक प्रणालीहरु समाज विकासको प्रक्रियामा त्यसको एउटा चिश्चित चरणमा जन्मेका छन् । जब पुरानो राजनीतिक प्रणालीले मानिसको जीवनको उत्पादन र समाजको विकासलाई तगारो हालेको जनताहरु महशूस गर्छन्, उनीहरु त्यसको ध्वंश र परिवर्तनको निम्ति संघर्ष गर्छन् । यही क्रममा राजनीतिक उथल पुथलको आँधीबेरी शुरु हुन्छ । पूरानो राजनीतिक प्रणालीको ध्वंश हुन्छ र नयाँको स्थापना हुन्छ । यसरी संसारमा अन्तिम र अपरिवर्तनीय भनेको कुनै राजनीतिक प्रणाली छैन । सबै राजनीतिक प्रणालीको परिवर्तनको मूल स्रोत जनता र जीवनको उत्पादन नै हो ।

मानव समाजमा पूँजीवादी संसदीय राजनीतिक प्रणाली पनि समाज विकासको त्यही नियम अन्तर्गत अस्तित्वमा आयो । जब सामन्तवादी निरंकुश राजतन्त्रले आर्थिक क्षेत्रमा सामन्तवादकै गर्भबाट पैदा भएको स्वतन्त्र बजार र स्वतन्त्र एवं समान प्रतिस्पर्धामा आधारित नयाँ पूँजीवादी अर्थतन्त्रको विकासमा, मानव जीवन र समाजको विकासमा तगारो खडा गऱ्यो, पूँजीपति वर्गले जनताको अरु तप्कासित मिलेर त्यसलाई ध्वंश गऱ्यो । अनि त्यो अर्थतन्त्र सुहाउँदो राजनीतिक प्रणालीका रुपमा प्रतिस्पर्धामा आधारित संसदीय राजनीतिक प्रणाली स्थापना गऱ्यो । सामन्तवादी निरंकुशतन्त्र ध्वंश गर्ने प्रक्रियामा शुरुमा यसले दिएका नारा आकर्षक र प्रगतिशील थिए- निरंकुशतन्त्र होइन, जनतन्त्र हुनुपर्छ ! सामन्ती ठालुतन्त्र होइन, स्वतन्त्रता, समानता र भाइचाराभाव हुनुपर्छ ! अधिकार एक व्यक्तिमा केन्द्रित होइन, संसद, सरकार र अदालतमा बाँडिनु पर्छ ! अन्याय, अत्याचार होइन, सबैलाई समान न्याय र मानवतावाद हुनुपर्छ !

नेपालमा राजाको पंचायती निरंकुशतन्त्रको पनि त्यही कारणले ध्वंश र परिवर्तन भयो । त्यसको ठाउँमा अहिले प्रतिस्पर्धात्मक पूँजीवादी संसदीय प्रणाली

स्थापित भएको छ । संसदीय चुनावको प्रतिस्पर्धामा बहुमत ल्याएर पूँजीवादी शक्ति सत्तारुढ भएको छ । हामी अहिले त्यही संसदीय प्रणालीको पहिलो संसद अधिवेशनको समीक्षा गर्न लागिरहेकाछौं ।

## अधिवेशनले जनताको जीवनको निम्ति के दियो ?

यो ऐतिहासिक जन-आन्दोलनले निकै ठूलो जन-बलिदानको मोल तिरेर ल्याएको संसदको अधिवेशन थियो । त्यसैले जनताले स्वाभाविक रुपमा यस संसद अधिवेशनमाथि आफ्नो जीवनका मूलभूत समस्याको समाधानको लागि निकै धेरै आशा-आकांक्षा राखेका थिए । सबै कुरा नेपाली कांग्रेसको बहुमत र एकमना सरकार आएपछि ठीकठाक हुनेछ भन्ने नेपाली कांग्रेसको प्रचारले यो आशा अरु बढाएको थियो ।

तर यो संसद अधिवेशनको सबैभन्दा ठूलो अन्तरविरोध र विफलता के रह्यो भने यसले बहुसंख्यक जनताको जीवन र समाजको विकासलाई प्रगतिको दिशातिर लैजाने कुनै एउटा नीति र कार्यक्रम समेत तर्जुमा गर्न सकेन । न किसान, न मजदूर, न महिला, न त कुनै उत्पीडित वर्ग र जनजातिमाथि भइरहेको अन्याय, शोषण, असमानता र उत्पीडनबाट मुक्ति दिलाउने कुनै नयाँ प्रगतिशील निर्णय नै यो संसद अधिवेशनले लिनसक्यो । अधिवेशन १०२ दिन लामो ! तर जनताको जीवन र समाजको विकासको निम्ति कुनै प्रगतिशील र ठोस निर्णय नलिईकनै ! यस अर्थमा यसलाई उपलब्धीहीन, गफैगफमा वितेको, खर्चिलो अधिवेशन सिवाय के भन्न सकिन्छ ?

उल्टो, यही अधिवेशनको दौरानमा जुन गतिमा र उचाइँमा महंगी बढ्यो त्यति गतिमा महंगी पूरै पंचायती कालमा पनि बढेको थिएन । यसले जनताको जीवनस्तरलाई डाँवाडोल पाऱ्यो । जीवनलाई अति कष्टमय र अभावग्रस्त बनायो । तर नाफाखोर ठूला, एकाधिकार जमाएर बसेका व्यापारीले कमीशनखोर र चन्दालोलुप सरकारको चरित्र र कमजोरी बुझेर पनि जानाजान ज्यादा नाफाको निम्ति बढाएको यस कृत्रिम महंगीलाई नियन्त्रित गर्ने दरो निर्णय लिन पनि सार्वभौम र सर्वशक्तिमान भनिएको यो संसद पूरै असफल रह्यो । न यसले ठूला व्यापारीहरुको मनपरीतन्त्र विरुद्ध नै कुनै नियन्त्रण गर्ने मजबुत कदम लिन सक्यो, न सरकारलाई नै कुनै प्रभावकारी निर्णय लिन बाध्य गराउन सक्यो । वामपन्थी विपक्षले महंगी नियन्त्रण गर्न "सर्वदलीय महंगी नियन्त्रण आयोग" बनाउने प्रस्ताव यस अधिवेशनमा पेश गऱ्यो । तर नेपाली कांग्रेसको बहुमत र गरीबमुखी भनिएको सरकारले महंगी नियन्त्रण गर्ने जस्तो जनमुखी र गरीबमुखी प्रस्ताव पनि ठूला नाफाखोर व्यापारी वर्गको पक्ष लिएर जबर्दस्ती तुहाई दियो ।

# संसदमा बामपन्थी सांसदहरुको क्रियाकलाप: पद्मरत्नको आँखामा



### - *संसदमा बामपन्थी सांसदहरुको कूल क्रियाकलाप बारे*

सदनमा साझा प्रहारलक्ष्य विरुद्ध साझा सवालमा सबै बामपन्थीहरु एक गठ हुनुपर्ने । तर यो हुन सकेन । साझा सवालमा पनि बामपन्थीहरु बीच सरसल्लाह र संयोजन हुन सकेन । जन असंतुष्टि पैदा गर्ने थुप्रै मसला सरकारले आफैंले दिइरहेको थियो । तर बामपन्थी विपक्षले महंगी, गोलीकाण्ड, सुकुम्वासी, मजदूर र जनजातिका समस्या लगायत जनताको जीवनसँग गाँसिएका कुनै पनि महत्वपूर्ण सवाललाई जनसमक्ष ल्याएर सार्वजनिक छलफल र भण्डाफोरको विषय बनाउन सकेन । सरकार आफैंले जे चाहेको छ, त्यही गर्न सफल भइरह्यो । प्रत्येक विधेयक, बजेट र सरकारी कार्यक्रम विना-सार्वजनिक भण्डाफोर पास गर्न सफल भयो ।

बामपन्थी सांसदहरु मध्ये अधिकांशको अधिकांश समय स्थानीय समस्यामा फलानो कुरा सत्य हो कि होइन ? भन्ने जस्ता प्रश्न सोधेर खेर गायो । यो त मन्त्रीलाई विभागमा भेटेर वा टेलिफोन गरेर बुझे पनि हुने कुरा हो । यसरी व्यर्थमा समय फाल्नाले सत्तासीन वर्गलाई निकै फाइदा पुग्न गयो ।

### - *संसदमा उपयोग वा भण्डाफोर नीतिको कार्यान्वयन बारे*

बुर्जुवा संसदलाई बुर्जुवाहरुले बुर्जुवा संसदकै रुपमा विना सार्वजनिक भण्डाफोर र जनदवाव संचालन गर्न सफल भए । तर क्रान्तिकारी सांसदहरु भने त्यसको क्रान्तिकारी उपयोग वा भण्डाफोर गर्न असफल भएका छन् । सदनभित्र अलिअलि भण्डाफोर र विरोधमा बोल्ने काम भयो । तर उपयोग र भण्डाफोर भनेको त्यति मात्र त होइन नि । मूल कुरो सदनको वास्तविकता सडकमा ल्याउन सक्नु हो । र, त्यसैका आधारमा सदनबाट जनताको आधारभूत समस्या किन हल हुन सक्दैन भन्ने चेतना जगाउनु हो । त्यो चाहिं हुन सकेन । आखिर सदनबाटै नौलो जनवाद त आउन संभव छैन । उता बुर्जुवाहरुलाई भने निकै उपलब्धी भएको छ । विल्कुलै विपरीत ध्रुवको चिन्तन भएको सदन शान्तिपूर्ण रुपले चल्नसक्यो । मजदूर बाहेक जनताको कुनै पनि तप्काको आधारभूत समस्याबारे विधेयक लान हामी असमर्थ भयौं । स्रोत भएर पनि सरकारको कुनै पनि गोप्य अनाचार र भ्रष्टाचारको कुरो सार्वजनिक जानकारीमा ल्याउन हामी समर्थ भएनौं । प्रयत्न गरेको भए यो हुन संभव थियो ।

### - *कमजोरीको मूलभूत कारणबारे*

यो फगत प्राविधिक कमजोरी हो भन्ने पक्षमा म छैन । कमजोरीको मूल कारण गंभीरताको अभाव हो । दिशा अस्पष्टता हो । मूल कमजोरी सम्बन्धित पार्टी नेतृत्वको हो । सदनमा के गर्ने, के नगर्ने ? के बोल्ने, के नबोल्ने ? त्यो त सांसदहरुलाई पार्टी नेतृत्वले निर्देशित गर्नु पर्ने कुरा हो । तर पार्टी र सांसदहरु बीच राम्रो संयोजन र जीवित संवन्ध भएको देखिएन । सदनमा पार्टी र पार्टीकाबीच पनि संयोजन भएन । एउटै सवालमा पनि एउटै पार्टीका सांसदहरु समेत अघिल्लो बेन्च "हुन्छ" भनी राखेको हुन्थ्यो, पछिल्लोले "हुन्न" भनी राखेको हुन्थ्यो । एउटै साझा सवालमा एउटा पार्टी सदन बहिस्कार गरी राखेको हुन्थ्यो, अर्को पार्टी सदनमै बसी राखेको हुन्थ्यो । यो कमजोरी पार्टी नेतृत्वले समस्यालाई गंभीरतापूर्वक लिएमा हटाउन सक्छ र हटाउनै पर्छ ।

उपयोग र भण्डाफोरलाई प्रभावकारी बनाउनका लागि वाम सांसदहरुको एउटा संयोजन समिति र संसद चलिरहेको समयमा एउटा साझा दैनिक संसद-बुलेटीनको जरुरी छ भन्ने मलाई लागेको छ ।

## सार्वभौम को ? जनता कि सरकार ?

यस घटनाले के कुरा छर्लंगै देखाई दिएको छ भने संविधानमा जे सुकै लेखेपनि वास्तवमा जनता र संसद दुवै सार्वभौम छैनन्, सार्वभौम त बहुमत प्राप्त भनिएको सरकार मात्र छ । अन्यथा सार्वभौमसत्ता सम्पन्न जनताको जीवन नै डाँवाडोल हुने गरी महंगी बढ्छ, तर ती सर्वशक्तिमान भनिएका जनताहरु महंगी बढाउन सहायता गर्ने सरकारलाई आफूले चुनेका सांसदमार्फत किन केही गर्न सक्दैनन् ? जनताले चुनेका सांसद जनताप्रति नै जिम्मेवार हुँदैन, उसको पार्टी र पार्टीको बहुमतप्रति जिम्मेवार हुन्छ । तर ती सार्वभौमसत्तासम्पन्न जनताहरु किन त्यस्ता गैर-जिम्मेवार सांसदहरुलाई आफ्नो हितमा निर्णय लिन दवाव दिन सक्दैनन् ? आवश्यकता परे किन फिर्ता बोलाउन सक्दैनन् ? जनतालाई सर्वशक्तिमान त भनियो । तर सर्वशक्तिमान हुनको निम्ति सडकमा जानु सिवाय सांसद, संसद र सरकारलाई नियन्त्रण गर्ने जनतासित अरु संयन्त्र खै ? यसको मतलब त के भयो भने संसदमा जसको एकचोटी बहुमत हुन्छ, ऊ जनताको जीवन विरुद्ध जतिसुकै निकृष्ट काम गरेपनि जनताको नियन्त्रणभन्दा बाहिर हुन्छ । न संसद उसलाई केही गर्न सक्छ । न जनता उसलाई केही गर्न सक्छन् ।

## संसदको सीमा र कमजोरी

महंगीको यो घटनाले पूँजीवादी संसदको सीमा र कमजोरीलाई प्रष्टै देखाई दिएको छ । यसले के देखाएको छ भने पूँजीवादी संसदीय प्रणालीमा पनि राज्यको निरंकुशतन्त्र खत्तम हुँदैन र हुन सक्दैन । चुनिएको बहुमत र सरकार त्यहाँ पनि चुनिएकै नाममा निरंकुश हुन्छ र हुनसक्छ । खालि निरंकुशतन्त्रको रुप मात्र फेरिन्छ । पूँजीवादी संसदीय प्रणालीमा बहुमतको पूँजीवादी निरंकुशतन्त्रलाई निर्वाचित संसदले छोपछाप मात्र पर्छ, खत्तम पार्दैन । संसदीय प्रणालीको मूल दोष र सीमा नै के देखियो भने सरकार र बहुमत जत्तिसुकै जन-विरोधी भयो भने पनि एकचोटि चुनेर पठाएपछि, जनतासित, अर्को चुनाव नभएसम्म, उसलाई तत्काल नियन्त्रण गर्ने, नियन्त्रित भएन भने फिर्ता बोलाएर दण्डित गर्ने नियन्त्रणको अख्तियार र साधन हुँदैन ।

संसद अधिवेशनको उपलब्धी-हीनताले संसद र संसदीय प्रणालीप्रति नै जनतामा व्यापक उदासिनता र निराशा पैदा गरेको छ । अधिवेशनको पछिल्लो चरणमा अधिवेशन हेर्न आउने दर्शक व्यापक रुपले घट्नु र शून्यप्रायः हुनु त्यसको एउटा प्रष्ट संकेत हो । उदास र निराश जनताले पूँजीवादी संसदको सीमा र कमजोरी नै यही हो भनेर बुझ्ने मौका पाए र यो भन्दा उन्नत विकल्पको प्रष्ट खाका र दिशा-निर्देश पाए भने यो उदासीनता र निराशा उन्नत विकल्प खोज्ने शक्ति र क्रान्तिकारी आन्दोलनमा रुपान्तरण पनि हुन सक्छ । त्यो भएन भने यसले उनीहरुलाई पुरानै राजनीतिक प्रणाली यो भन्दा राम्रो थियो नि ! भन्ने निष्कर्ष र मनोदशातिर पनि आम रुपमा लैजान सक्छ । यो मनोदशा प्रतिगामी शक्तिको लागि १७ साल फेरि दोहोऱ्याउन मलिलो जमीन हुन सक्ने संभावना छ ।

संसदले आफ्नो सीमा खालि माथि उल्लेख गरिएका सवालमा मात्र होइन, अरु थुप्रै सवालमा पनि देखायो ।

यही अधिवेशनको दौरानमा बालाजूको औधोगिक क्षेत्रमा मजदूरहरुलाई पूँजीपतिले गैर-कानूनी तरीकाले निष्काशित गऱ्यो । अन्यायमा परेका मजदूरहरुले सांसदहरुमार्फत प्रधानमन्त्री र संसदसम्म पनि न्यायको लागि अपील गरे । तर न सरकारले उनीहरुलाई न्याय दिलायो र न सार्वभौमसत्तासम्पन्न संसदले नै । बाँके बर्दियाका बासहीन सुकुम्वासीहरुले यही अवधिमा संसदभवन रहेको सिंहदरबारअगाडि न्याय र बासको निम्ति अपील गर्दै धर्ना दिए । गाउँका गरीब र विपन्न वर्गप्रति निकै 'चिन्तित' सरकारले उनीहरुलाई जबर्दस्ती प्रहरी लगाएर धपायो । संसदले यस सवालमा पनि केही गर्न सकेन । यही अवधिमा विगत जन-आन्दोलनको एक ठूलो सहयोगी शक्ति निजामती कर्मचारीहरुले अन्तरीम सरकारले मागपूर्ति सम्बन्धमा दिएको बचनको पालनाको निम्ति नयाँ सरकारसित अर्जी गऱ्यो र संसदलाई समेत न्यायको निम्ति गुहाऱ्यो । तर 'प्रजातन्त्रवादी' सरकारले उनीहरुलाई पनि जबर्दस्ती दमन गऱ्यो । संसदको अधिवेशनले यसमा पनि केही गर्न सकेन ।

संसदको अधिवेशनको अवधिमा घटेका यी प्रमुख घटनाहरुले के देखाएका छन् भने संसदमा बहुमत प्राप्त गरेको नेपाली कांग्रेस मजदूर, सुकुम्वासी, आफ्नै निजामती कर्मचारी लगायत जनताको कुनै पनि उत्पीडित तप्काको पक्षमा केही गर्न तयार छैन । ऊ प्रष्ट रुपमा ठूला व्यापारी, ठूला पूँजीपति र प्रतिक्रियावादी प्रशासकहरुको पक्ष लिन्छ र जनताको रहेक समस्या मरिचमानको दमन शैलीमा हल गर्ने जमर्को गर्छ ।

तर सर्वाधिकार सम्पन्न भनिएको संसद, सरकारले एक पटक कुम हल्लाएपछि कुनै पनि अन्यायमा परेको वर्ग र तप्कालाई न्याय दिलाउन सरकारलाई बाध्य गराउन समर्थ छैन । जनता, समाज र न्यायको पक्षमा सरकारमाथि संसदको नियन्त्रण भन्ने कुरा वास्तवमा ढोंग मात्रै हो । वास्तविकता के हो भने संसदमाथि चाहिं जसको बहुमत छ उसैको तानाशाही र नियन्त्रण चल्दछ । सबैभन्दा अधिकारसंपन्न संसदमा नै आवाज उठाएर जनताको कुनै पनि समस्या हल गर्न र अन्याय न्यायमा बदल्न संभव हुन्न भने, र सरकार उत्पीडित वर्ग र जनताको आवाज सुन्न र न्याय दिन बाध्य हुन्न भने अब, अन्यायमा परेका उप्पीडित जनतासित अरु उपाय के त ? यो प्रश्न संसदको यो अधिवेशनले टड्कारो रुपमा उठाएको छ । यो संसद अधिवेशन आफैले के देखाईरहेको छ भने जनताको जीवनको र समाजको कुनै पनि प्रमुख समस्या र अन्याय हल गर्न पूँजीवादी संसदमा मात्र भर पर्नु ठीक छैन । किनभने संसदले सरकारलाई केही गर्न पनि बाध्य गराउन सक्दैन । त्यसैले आफ्ना जीवनको प्रमुख समस्या हल गर्ने हो भने संसदबाहिर अर्थात सडकमा त्यस्तो शक्तिशाली र संगठित जन-गतिविधि चलाउनु जरुरी छ जसको आवाज सुन्न सरकार, संसदीय बहुमत र संसद सबै बाध्य होऊन् ।

## नियमावली र निरंकुशतन्त्र

यो संसद राजाको सामान्ती निरंकुशतन्त्रको निशेषधमा आएको थियो । तर यो संसदको पहिलो अधिवेशनले के देखाएको छ भने पूँजीवादी प्रणालीमा पनि सरकार र स्वयं संसदकै सभामुख पनि निरंकुश हुन सक्दछन् । सरकार र सभामुखलाई निरंकुश पार्ने काम त वर्तमान संसद नियमावली आफैंले गरेको छ ।

संविधानको धारा ६३ मुताविक संसदले आफ्नो कार्य संचालनको लागि आफैंले नियमावली बनाउन सक्दछ । तर यस पटकको संसद अधिवेशन राजाले दिएको संसद नियमावली मुताविक नै चल्यो । यो नियमावलीको मूल दोष नै के छ भने यसले सरकार र सभामुखलाई निरंकुश र स्वेच्छाचारी बनाएको छ र सांसदहरुलाई अधिकारविहीन र पंगु ।

यो नियमावली मुताविक सांसदहरुको कुनै पनि प्रश्न, प्रस्ताव, सार्वजनिक महत्वको प्रस्ताव, ध्यानाकर्षण, प्रस्ताव, संकल्प र छलफललाई सभामुखले आफूखुशी अनावश्यक ठहऱ्याएर खारेज गर्न सक्दछन्, संशोधन गर्न सक्दछन् । सांसदहरु यसबारे केही गर्न सक्दैनन् । संसदमा प्रस्ताव नराखी कुनै छलफल गर्न पाइन्न । तर प्रस्ताव उपर छलफल आवश्यक छ कि छैन भनेर एकलौटी निर्णय गर्ने अधिकार संसदलाई होइन, सभामुखलाई मात्र छ । यो नियमावली मुताविक सरकारी कार्यक्रम, नीति, बजेट, सरकारी क्रियाकलाप माथि सांसदहरुले उठाएको कुनै पनि प्रश्न र सामाजिक जीवनको कुनै पनि महत्वपूर्ण सवालमा सरकारमा रहेका मन्त्रीहरु एउटा प्रष्टीकरण वा जवाफ दिएर सजिलै फुत्कन सक्दछन्, चाहे त्यो जतिसुकै नाजायज र बेठीक किन नहोस् । संविधानले सांसदहरुलाई संसदमा पूर्ण वाक् स्वतन्त्रताको ग्यारेण्टी गरेको छ । तर नियमावलीले त्यो वाक् स्वतन्त्रतामाथि पनि संविधानले तोकेदेखि बाहेकका थुप्रै बार बन्देजहरु लगाएको छ ।

*(बाँकी ४९ पेजमा)*

आजको घटना / आजको विचार

# महँगी किन बढिरहेछ ?

मा. चन्द्रराज ढुंगेल

## महँगी किन बढ्छ ?

कुनै पनि वस्तुको मोलमा आरोह-प्रत्यारोह हुनु वस्तुको माग र पूर्तिको स्थितिले निर्धारण गर्छ । वस्तुको माग बढेमा मूल्य बढ्छ र माग घटेमा मूल्य पनि घट्छ । वस्तुको उत्पादन लागतमा कुनै कारणवश बृद्धि हुन गएमा पनि वस्तुको मूल्य बढ्छ । प्राकृतिक कारणले उत्पादनमा कमी हुन गएमा पनि मूल्य बृद्धि हुन सक्दछ ।

यस बाहेक अन्तर्राष्ट्रिय बजारमा र सीमा क्षेत्रको बजारमा वस्तुको वा मुद्राको भाउमा घटीबढी हुनुले पनि देशभित्रको बजारमा बजार भाउ घटीबढी हुन सम्भव छ । सरकारले बजेट घाटा पूर्ति गर्न थोरै सुन वा बहुमूल्य वस्तु सुरक्षण राखेर आवश्यकता भन्दा धेरै नोट निष्काशन गर्‍यो भने पनि मुद्राको वस्तु किन्ने क्षमता घट्छ र वस्तुको मोल बढ्दछ । नेपालमा यो कारणले मात्र वर्षेनी सरदर १० प्रतिशत मूल्य बृद्धि हुने गरेको छ ।

मूल्य बृद्धि कृत्रिम अभाव सिर्जना गरेर पनि हुन सक्दछ । व्यापारीहरूले आपसमा मिलेर चांडै नै अति नाफा कमाउनका निम्ति बजारमा अत्यावश्यक वस्तुहरूको अभाव सिर्जना गरीदिन्छन् ताकि ग्राहकहरू जति पनि बढी पैसा तिरेर त्यो वस्तु किन्न राजी होउन् । यसरी पनि बजारमा वस्तुको आपूर्ति कम हुन्छ, माग बढ्छ र मूल्य आक्कासिन्छ । ग्राहक-भयले पनि महंगी बढाउन सक्छ । कुनै वस्तुको आपूर्ति वास्तवमै नघटेतापनि घट्ने सम्भावना छ वा वस्तु महंगो हुने सम्भावना छ भनेर ग्राहकहरूले महशूस गरेमा त्यो डरबाट उनीहरू त्यो वस्तु आवश्यकता भन्दा वेसी थुपार्न थाल्दछन् । यसरी वस्तुको माग बढ्न थाल्दछ र वस्तुको मोल पनि एक्कासी बढ्दछ ।

## अहिलेको महँगीको प्रकरण

नेपालमा अहिले नेपाली कांग्रेसीको एकमना सरकार सत्तामा आएदेखि नै महंगी निकै चर्को गतिमा बढेको छ । नेपाली कांग्रेसले आफ्नो सरकार बनेको पहिलो पत्रकार सम्मेलनमा नै दुइटा कुरालाई प्राथमिकता दिएर काम थाल्ने कुरा बताएको थियो– पहिलो, शान्ति सुरक्षाको बहाली गर्ने र दोश्रो जनतालाई राहत दिने । शान्ति सुरक्षाको सवाल यस लेखको विषय होइन । शान्ति सुरक्षा भन्दा पनि व्यापक गरीवी र अभावको भूमरीमा फसेका जनताले सरकारको राहत कार्यक्रमलाई स्वागत र आशाको दृष्टिले हेरेका थिए । जनआन्दोलनपछि आएको स्थायी सरकार हुनाले यस सरकारप्रति बढ्ता आशा आकांक्षा राख्नु अस्वाभाविक पनि थिएन । आर्थिक अभाव हटाउने कुनै पनि दलको कार्यक्रमलाई नेपाली जनताले सकारात्मक आँखाले हेर्नु अनुपयुक्त थिएन ।

**"हामीले वचन दिएका छौं तर सरकार यत्ति कमजोर छ कि मूल्य वृद्धि रोक्नै सक्दैन ।"**



जनता ऐक्यवद्ध संघर्ष चाहन्छ ।

यसै सिलसिलामा प्रधानमन्त्रीकै सक्रियतामा मूल्य निर्धारण समिति बन्यो । सात दिन भित्र त्यस उच्च स्तरीय मूल्य निर्धारण समितिले प्रतिवेदन पनि पेश गऱ्यो । तर सरकारले त्यो प्रतिवेदन जनसमक्ष ल्याउन सकेन र वास्तविक स्थितिको जानकारी नै जनतालाई दिन सकेन । झन् उल्टो यही बेलादेखि महंगी तेज गतिमा बढ्यो । 'दाल में कुछ काला है' भनिए जस्तै यही घटनाभित्र अहिलेको महंगीको रहस्य लुकेको छ । हालको मूल्य बृद्धि यही समितिको विवादबाट शुरु भएको हो ।

अहिले प्रधानमन्त्रीले व्यापारीहरूले सम्झौता भङ्ग गरेको दोषारोपण गर्नु भएको छ र व्यापारीहरूले चाहिं संझौता भंग गरेको आरोप सरकारमाथि लगाएको छ । तर दुबै थरीले के सम्झौता गरेका थिए र कुन कुन शर्त भङ्ग भयो भन्ने कुरा भने दुबै थरी भन्दैनन् । यो अहिले पनि रहस्यको विषय छ । के अड्कल काट्न सकिन्छ भने सामान्य मूल्य निर्धारणको नियमलाई यी दुई थरीको मिलोमतोमा त्यतिखेर तोडमरोड गरिएको थियो । अहिलेको मूल्य बृद्धि त्यसैको परिणति हो ।

त्यही मूल्य निर्धारण समितिमा रहेका एकजना जिम्मेवार व्यापारीसंग लेखकको कुरा हुँदा के थाहा लाग्यो भने व्यापारीहरूले तात्कालीन चामलको मूल्यमा केही मूल्य बढाएर थोकमा प्रति किलो ९.७५ र खुद्रामा प्रति किलो १०.२५ मा दशैंसम्म चामलको नियमित आपूर्ति गर्ने वचन दिएका थिए । "हामीले वचन दिएका छौं । तर सरकार यति कमजोर छ कि मूल्य बृद्धि रोक्नै सक्दैन ।" उक्त व्यापारीको टिप्पणी यस्तो थियो । यो भनाइभित्र बर्तमान महंगीको रहस्य लुकेको देखिन्छ ।



लेखक

## अहिलेको मूल्य स्थिति

मूल्य वृद्धिका लागि को कति दोषी छ भनेर निक्यौंल गर्नुभन्दा पहिले अहिलेको सरकार बहाल हुँदा र हालको मूल्यमा कति अन्तर आयो, त्यो तल दिइएको मूल्यान्तर तालिका बाट हेर्ने प्रयत्न गरौं :

बृद्धिको प्रवृत्ति भने यो मूल्यसूचीले दर्शाउन खोजेको छ ।

## महँगी किन बढ्यो त ? सरकारी भनाइ

माथिको सूचीले नेपाली कांग्रेसको एकमना सरकार सत्तामा आए यता दैनिक उपभोग्य वस्तुमा काफी धेरै मूल्य बृद्धि भएको देखाएको छ । महंगीको यो गति र अनुपात पूरै पञ्चायत कालमा पनि देखा परेको थिएन । यसरी किन महंगी बढ्यो त ? यस बारेमा सरकारले निम्न कारण अघि सार्दछ :

१. कर्मचारी आन्दोलन २. अन्तर्राष्ट्रिय मूल्य स्थिति ३.खुल्ला सीमाना ४. पञ्चायती व्यवस्थाको गलत नीति

### तालिका

| बस्तु | सरकार गठन हुँदाको मूल्य स्थिति | हालको मूल्य स्थिति | बृद्धि प्रतिशत |
|---|---|---|---|
| मन्सुली चामल, प्रति किलो | ९/५० | १६/- | ६७% |
| मासको दाल, " | १६/-- | २७/- | ६८% |
| मुसुरको दाल, " | १३/-- | २४/- | ९२% |
| रहरको दाल, " | २२/-- | ३०/- | ३६% |
| मैदा " | ८/-- | ११/- | ३७% |
| जिरा, प्रति पाउ | ११/-- | २२/- | १००% |
| आलु, प्रति धार्नी | १०/-- | २२/- | १२०% |
| खाने तेल प्रति लिटर | ४०/-- | ७०/- | ७५% |
| साबुन (लुगा धुने) प्रति वटा | ५/-- | ६/२५ | २५% |
| डेरीको दूध प्रति प्याकेट | ५/-- | ६/५० | ३०% |
| रासायनिक मल | – | – | ४०.५% |
| कपडा, सामान्य सरदर | – | – | ५०% |
| मुद्रा अवमूल्यन | – | – | २२% |

स्रोत : लेखकको आफ्नै सर्वेक्षण, डिल्लीबजारको बजार मूल्यबाट, २०४८ असोज

यो राष्ट्रिय स्तरको प्रतिनिधि मूल्य सूची होइन । विभिन्न ठाउँमा मूल्यहरू फरक फरक छन् । यो एउटा खास समय बिन्दुको मात्र मूल्य हो र त्यहाँदेखि यता पनि लगातार मूल्य बृद्धि हुँदै आएको छ । तथापि मूल्य

१. मूल्य बृद्धि र कर्मचारी आन्दोलनमा कुनै सम्बन्ध देखिन्न । न त कर्मचारीको कुनै माग सरकारले पूरा गरेको छ, न कर्मचारीहरूलाई तलब भत्ता नै सरकारले बढाउनु परेको छ । मूल्य बृद्धि त आर्थिक

क्षेत्रका नियमहरूका आधारमा हुने गर्दछ। कर्मचारी आन्दोलन सकी सकेपछि सबैभन्दा धेरै मूल्य वृद्धि हुनुले पनि मूल्य बृद्धिमा कर्मचारी आन्दोलनको कुनै हात थिएन भन्ने तथ्यको पुष्टि हुन्छ।

२. जतिखेर नेपालमा वस्तुहरू, खास गरी खाद्य वस्तुहरूको, मूल्य बृद्धि हुन शुरु गऱ्यो, त्यतिखेर अन्तर्राष्ट्रिय बजारमा ती वस्तुहरूको मूल्य बृद्धि गराउने कुनै आर्थिक, राजनीतिक परिघटना घटेका थिएनन्। भारतले आफ्नो मुद्राको डलरसंग अवमुल्यन गर्दमा नेपालले पनि त्यतिखेर नै त्यति नै परिमाणमा मुद्रा अवमूल्यन गर्नु जरूरी थिएन बरु त्यसबाट पुनर्मूल्यन गर्न सकिन्थ्यो। त्यो मुद्रा अवमूल्यनले खाद्यान्नको मूल्यमा असर पार्नु पर्ने कुनै कारण देखिन्न। मलको भाउ बढ्नाले खाद्यान्नको मूल्य बृद्धि भएको भन्ने तर्क निकाल्ने हो भने पनि मलको भाउको कारणले आगामी उत्पादनमा र आउँदो वर्षमा मात्र मूल्यवृद्धि हुन सम्भव हुन्छ, गत वर्षको उत्पादनमा होइन। किनभने किसानहरूले आफ्नो उत्पादन त ४/५ महीनाअघि नै व्यापारी वर्गलाई बेचिसकेका थिए र उनीहरूसंग भाउ बढाएर बेच्नलाई खाद्यान्नको कुनै भण्डार नै थिएन।

३. नेपालका केही अनिवार्य भू-राजनीतिक वाध्यताहरू छन्। खुला सीमाना हुनु पनि नेपालको एउटा बाध्यता हो। तर खुला सीमाको बाध्यता देखाएर सीमाना पारीका सारा आर्थिक क्रियाकलापहरूको कार्बन कपी गर्ने हो भने नेपालको स्वतन्त्रता र आन्तरिक नीतिको अस्तित्व नै कहाँ रह्यो? फेरि खुला सीमाना त पहिले पनि थियो नि! पहिले यो अनुपातको महंगी किन बढेन? अहिले मात्र किन बढ्यो? उता सीमाना पारी खाद्यान्नको अभाव भयो, त्यसैले यताबाट त्यहाँ अन्न ओइरिनाले महंगी बढ्यो भन्ने हो भने पनि भारतमा गत वर्षको उत्पादन बृद्धि सामान्य वर्षमा हुनु पर्ने प्रवृत्ति अनुसार नै बढेको देखिन्छ। सीमाना पारी उपभोग्य वस्तु ओइरिएकै हो भन्ने हो भने पनि, त्यो त सरकारको असक्षमता हो। सरकार आफ्नो देशमा महंगीको कारणले जनजीवन डाँवाडोल र अस्तव्यस्त हुने शर्तमा पनि शक्ति प्रयोग गरेर सीमाना नियन्त्रण गर्न सक्दैन भने जनताको निम्ति उसको अस्तित्वको आवश्यकता नै के? त्यसैले, खुला सीमानाका कारणले नेपालका उपभोग्य वस्तुहरू भारततिर छिरेको र यसबाट वस्तुको राम्रो उत्पादन भएर पनि अभाव भएको हुन सक्छ। तर खुला सीमानाबाट यसरी अनियन्त्रित रूपमा उपभोग्य वस्तु अन्यत्र ओइरिन सक्नुको पनि मूल कारण भने सरकारको नालायकीपन हो, असक्षमता हो, गैर जनमुखी चरित्र हो।

**प्रधान मन्त्रीकै सक्रियतामा मूल्य निर्धारण समिति बन्यो। झन उल्टो यही बेलादेखि महँगी तेज गतिमा बढ्यो।**

४. पञ्चायती व्यवस्थाको गलत नीतिका कारणले अहिले महंगी बढ्यो भन्ने तर्कमा पनि कुनै तुक छैन। अहिलेको महंगीको दोष पञ्चायती शासनकाललाई दिनु आफ्नो दोष छोप्न अरूलाई जिम्मेवारी पन्छाउने हिजोकै प्रवृत्तिको पुनरावृत्ति सिवाय केही हुन सक्दैन। किनभने, पञ्चायती व्यवस्थाको गलत नीतिका कारणले त्यतिखेर पनि महंगी बढ्थ्यो। तर 'जन उत्तरदायी' र 'जन निर्वाचित' सरकार अस्तित्वमा आएको हालको तीन महिनामा जुन अनुपात र गतिमा महंगी बढ्यो त्यत्ति अनुपात र गतिमा ३० वर्ष पञ्चायती शासनकालमा पनि महंगी बढेको थिएन। त्यसैले, जन उत्तरदायी र जन निर्वाचित सरकारले डेढ दुई वर्ष अघि नै सत्ता छोडेका पञ्चायती शासकहरूलाई अहिलेको मूल्य बृद्धिका लागि उत्तरदायी ठहऱ्याउनु बेठीक हो। आफ्नो असक्षमता छोप्न खोज्नु हो।

यसरी महंगी बढ्नुको पछाडि सरकारले पेश गरेका कुनै पनि कारण सही र तथ्यसम्मत छैनन्।

## माग र आपूर्तिको स्थिति

नेपालमा अहिले महंगी बढ्नुको कारण अत्यावश्यक वस्तुको संचिति र आपूर्ति कम हुनु पनि होइन। सरकारकै तथ्यांकलाई आधार मान्ने हो भने पनि लगभग ५ लाख टन खाद्यान्न अहिलेको उपभोग्य स्तर भन्दा पनि बेसी देखिन्छ। त्यो नेपालको खाद्यान्न संचितिको स्थिति हो। केन्द्रिय तथ्यांक विभागको Statistical Pocket book, 1990 लाई आधार मान्ने हो भने पनि त्यसले आ. व. १९८७/८८ मा २ लाख ७९हजार ७२५ मे.टन र १९८८/८९ मा ४ लाख ९६ हजार ३२० मेट्रीक टन खाद्यान्न आवश्यकता भन्दा वेसी अर्थात बचत रहेको देखाएको छ। त्यसले चामल, जुन अहिले बजारमा ३ महीना अघि भन्दा दोबर महंगो भएको छ, त्यसको बचत पनि १९८८/८९ मा ३ लाख ४४ हजार ९७४ मे टन आवश्यकता भन्दा वेसी भएको देखाएको छ। १९८९/९० मा पनि खाद्यान्नको उत्पादन कुनै हिसाबले घटेको सरकारी आंकडाले देखाउँदैन। यस स्थितिमा खाद्यान्नको संचिति नभएर वा आपूर्ति कम भएर महंगी

बढेको भन्ने तर्क पनि आधारहीन ठहर्छ ।

## आखिर महँगी किन बढ्यो त?

देशभित्र खाद्यान्न लगायत अत्यावश्यक वस्तुको आवश्यकताभन्दा बेसी संचिति र आपूर्तिको स्थिति छ। तर पनि यति ठूलो अनुपातमा महंगी बढ्छ भने त्यसको एउटै कारण हुन सक्छ । त्यो हो–केही भ्रष्ट र नाफाखोर ठूला व्यापारीहरूले अति नाफाको लागि जनताका दैनिक आवश्यकताका वस्तुहरू जबर्जस्ती थुपारी रहेछन् वा अन्यत्र पठाइरहेछन् र यसरी कृत्रिम अभाव सिर्जना गरीरहेछन् ताकि बजारमा माग बढोस् र ग्राहकहरू जतिसुकै मूल्य तिर्न पनि राजी होउन् । तर नेपाली कांग्रेसको 'विपन्नप्रेमी' सरकार चाहिं महंगीले सारा विपन्नहरूको जीवन डाँवाडोल र अस्तव्यस्त पारी सक्दा पनि बजारमा हस्तक्षेप गर्दैन। बजार र व्यापारीहरूलाई स्वतन्त्र छाडी दिन्छ । त्यस्ता भ्रष्ट र नाफा खोर व्यापारीहरूलाई कडा कार्वाही गर्दैन । यो सरकारको असक्षमताको टडकारो उदाहरण हो । अहिले महंगी बढ्नुको मूल कारण नै यही हो ।

यसमा मूल दोष सरकारको छ । सरकारको निजीकरण र स्वतन्त्र बजार नीतिको छ । दैनिक आवश्यकताका वस्तु पनि निजी क्षेत्रको जिम्मामा छोड्ने नीतिको छ । हो, व्यापारीहरूले अति नाफाको निम्ति वस्तुहरूको कृत्रिम अभाव सिर्जना गरेका छन् । नाफा कमाउनु, अति नाफा कमाउनु पूँजीपति र व्यापारी वर्गको चरित्र नै हो । र, नाफाको कुनै सीमा हुँदैन नाफाले नैतिकता अनैतिकता हेर्दैन । सामाजिक दायित्व त सरकारको हो । जनमुखी र जनउत्तरदायी सरकारको हो । नत्र राज्यको आवश्यकता नै किन ? त्यसैले, अहिलेको महंगीमा व्यापारी र सरकार दुवै दोषी त छन् । तर दुवैको उत्तरदायित्व बराबर छ भन्न मिल्दैन । नेपाली कांग्रेसको सरकार जनमुखी नहुनु, जनउत्तरदायी नहुनु, बरू व्यापारीमुखी हुनु, कमिशन र चन्दामुखी हुनुको कारणले गर्दा नै महंगी यो अनुपातमा बढ्न संभव भएको हो । व्यापारीहरूले सरकारको यही कमजोरीबाट फाइदा उठाएका हुन् । सरकारको सबभन्दा कमजोर ठाउँमा हिर्काएका हुन् । । अन्यथा महंगीले आम जनजीवन संकटग्रस्त हुँदा पनि भ्रष्ट व्यापारीहरूमाथि कडा कार्वाही गर्न सरकारमा आत्मबल किन भएन ? किन खाद्यान्न गोदाममा छापा मारेको नाटक गरियो, तर त्यसपछि महंगी झन बढ्यो ?

सरकारमा अब जन उत्तरदायित्वको भाव अलिकता मात्र पनि बाँकी छ भने शहरका केही ठाउँमा सुपथ मोलका पसल खोल्नमा सीमित भएर पुग्दैन । बजारमा हस्तक्षेप गर्नै पर्दछ। बजारलाई आफ्नो नियन्त्रणमा लिनै पर्दछ । महंगी घटाएर सरकार सम्हाल्न शुरु गर्दाको स्थितिमा ल्याउनु पर्दछ । व्यापारीहरूसित केही संझौता भएको थियो भने जनसमक्ष ल्याउनु पर्दछ । अन्यथा महंगीको मारमा पिल्सिएका संकटग्रस्त जनताले नेपालमा कत जनउत्तरदायी सरकार छ भनेर विश्वास लिने आधार के ? □

# गोविन्दप्रसाद लोहनी के भन्नुहुन्छ ?

## महंगी वृद्धि: प्रमुख कारणहरू

नेपाली कांग्रेसको सरकार सत्तामा आउने बित्तिकै सामानको भाउ अकासिनुको मूल कारण व्यापारीहरूले चुनावमा दिएको चन्दाको पैसा उपर गर्न खोज्नु हो र सरकार त्यसमा चूप लागीदिनु हो । मुफतमा कुनै व्यापारीले चन्दा दिदैन । चन्दा दिए भन्दा दोब्बर तेब्बर नकमाउने हो भने, के चन्दा दिने ? खाद्यान्न व्यापारीहरूले यही सोचे र भाउ बढाए । नेपाली कांग्रेसको सरकारले व्यापारीहरूलाई बेरोकटोक क्षतिपूर्ति उठाउन दियो । त्यसैले चूप लाग्यो । चन्दा वामपन्थीहरूले पनि लिएका थिए । त्यसैले उनीहरू पनि चूप लागे । यसरी तुरुन्त बेलगाम महँगी बढ्यो ।

व्यापारीहरूले यति अचाक्ली महँगी बढाउनुको कारण सरकारलाई हियाएर, सरकारलाई सारै कमजोर ठानेर पनि हो । उनीहरूले यो सरकारलाई पञ्चायती सरकार जस्तै कमजोर ठानेका छन् । उनीहरूले के ठाने भने, प्रजातन्त्र भनेको अराजकता हो र अराजकता भनेको बेस्सरी मुनाफा कमाउने अवसर हो । नत्र व्यापारीहरूले प्रजातन्त्र आएकोमा खुशी यसरी मनाउनु पर्ने कारण के ?

सरकारले यसपाली भदौमा धान र दलहन तेलहन सीमापारी जान रोकेन, खुल्लमखुल्ला छाडिदियो । रोक्नु भन्ने अर्डर नै गएन । पहिले यो रोकिन्थ्यो । त्यसकारणले यहाँ चामल, दाल,तेलको अभाव भयो र बाहिरबाट समेत झिकाउनु पर्ने स्थिति आयो । नेपालको गत वर्षको दालको उत्पादन हेर्ने हो भने यी वस्तुहरू अहिले अभाव हुनु पर्ने अरू कुनै कारण देखिन्न ।

लुगाफाटा, तेस्रो देशका वस्तुहरू चाहिं डलरको तुलनामा नेपाली

[बाँकि २१ पेजमा]

# असफल कर्मचारी आन्दोलन: को कति जिम्मेवार ?

— जागीर खाने मन छ कि छैन ?

— माफी माग्दै निवेदन लेख्नुस् ।

— अरूको बहकाउमा लागी आन्दोलनमा भाग लिएको हुँ भनी लेखेर दिनुस् ।

— यो पूर्जी बुझ्नुस् । यो तपाईको खोसुवा, निलम्बन, घटुवा वा सरुवा जेको पनि चिठी हुन सक्छ । बुझ्नु हुन्न भने ढोकामा टाँस गर्न पठाइने छ ।

— तपाईंले कालो पट्टी बाँध्नु भएको थियो, धर्नामा भाग लिनु भएको थियो, घेराउ गर्न जानु भएको थियो । किन यस्तो गर्नु भयो ?

यी माथिका आदेश र प्रश्नहरूले हाकिमहरू आफ्ना मातहतका कर्मचारीहरूलाई घोचिरहेका दृश्यहरू आज हामी प्रायः अफिसहरूमा देख्छौं । टेबुलअगाडि उभिएको स्टाफले यी आदेशहरू पालना गर्ने वा प्रश्नहरूको जवाफ दिने समय २४ घण्टा वा १२ घण्टा पनि पाउँदैन । कतै कतै त 'दुई मिनेटमा' 'अहिले नै तुरुन्तै जवाफ दिनुस्' भन्ने आदेश दिइएको पाइएको छ ।

मानौं, हाकिमको टेबुल अगाडि उभिएको कर्मचारी कुनै अपराधी हो !

मानौं, सरकारसंग प्रत्यक्ष रूपले पटक पटक कुराकानी, भेटघाट, संझौता, पुनः अल्टिमेटम, शुरुमा संघर्षको टोकन कार्यक्रम, अनि पछि बृहद् सहभागितायुक्त कार्यक्रम अनि जुलुश, अनसन आदि– यी सब खुला, क्रमिक र प्रजातान्त्रिक तरीकाहरू अप्नाएर सरकारबाट स्वीकृती प्राप्त संगठनको आह्वानमा पेशागत मागहरू लिएर संघर्षमा भाग लिएको कर्मचारी कुनै फौजदारी अभियोग लागेको अभियुक्त हो !

यसरी आज अड्डाखानाहरूमा सरकारले एउटा अनौठो र क्रुर आतंकपूर्ण वातावरण खडा गरिरहेछ । हाकिमहरू मध्ये पनि हिजोका पञ्चायतीतन्त्रका भाट हाकिमहरू यो सन्त्रासको डण्डा जोडतोडले कर्मचारी वर्गमाथि बजारेर सरकार रिझाउँदैछन्, आफूलाई सरकारको पक्का भक्त देखाउँदैछन् ।

कर्मचारीले संघर्षको कार्यक्रम फिर्ता लिएपनि सरकारले यसका दौरानमा कर्मचारीमाथि गरिएका कार्वाहीहरू फिर्ता लिइरहेको छैन । 'दबाउने र उठ्न नदिने' अवसरको रूपमा यसलाई सरकारले लिइरहेको छ । केहीलाई दबाएर, हटाएर, घटाएर बाँकीलाई तर्साउन खोज्दैछ सरकार ।

तसर्थ, आज नेपालको कर्मचारी वर्गमा घोर निराशा, कुण्ठा र क्षुब्धता छाइरहेको छ । सोझो रूपले सरकारसंग हात पसार्नेहरू दण्डित भएका छन् भने चाकडी, चाप्लुसीले प्रोत्साहन पाएको छ । भ्रष्टाचारको आहालमा डुबेर बांगो बाटोबाट जबर्जस्ती खानेहरू भने सुरक्षित भएका छन् । अनुरोध, माग वा संघर्ष गर्ने प्रवृत्तिको आँकुरा निमोठ्दै चाप्लुसी र लुटपाट गर्ने प्रवृत्तिहरूलाई मलजल गरेर कर्मचारी यन्त्रमा उत्प्रेरणा जाग्न सक्छ ? हतोत्साह र आतंकले कर्मचारी यन्त्रको दक्षता बढ्छ ?

राष्ट्रका सामु खडा भएका नयाँ नयाँ चुनौतिहरूको सामना गर्न अत्यन्त उत्साहित र दक्ष कर्मचारी यन्त्रको अत्यावश्यकता भएको 'बदलिएको नेपाल' मा यो ठूलो प्रश्न उठिरहेछ ।



(कर्मचारी–जुलुस ! इतिहासको एक अध्याय)

हामी सबैलाई थाहा भएको कुरा हो-यसको उत्तर सरकारले हठ र पूर्वाग्रहमा दिएको छ। कर्मचारी आन्दोलन जबर्जस्ती दबाइनु यसको प्रत्यक्ष प्रमाण हो।

घटना घटिसकेको छ। तर यो इतिहासमा त्यत्तिकै थान्को लगाएर छोड्न मिल्ने घटना हैन। यसको असर, प्रभाव र व्याप्तिको महत्वको हिसाबले हामीले यसलाई फर्केर हेर्नु जरूरी छ। संघर्ष सञ्चालनमा जिम्मेवार पक्षहरू र आम जनता समेतले यसबाट पाठ सिक्नु पनि जरूरी छ।

## आन्दोलनको शुरूवात

विगत ऐतिहासिक जन आन्दोलनमा सडक संघर्ष सेलाएको बेला आन्दोलनको राप बचाउने काम कर्मचारी वर्गले गरेको थियो। पश्चात्यत विरोधी राजनैतिक शक्तिहरूको आह्वानमा राष्ट्रिय नैतिक दायित्व बोधको आधारमा ठूलो खतरा मोलेरै पनि आन्दोलनमा भाग लिएको यो वर्गले आन्दोलनपछि आएको सरकारबाट आफूले ठूलो आत्मीयता र सहानुभूति पाउने स्वाभाविक आशा राख्यो। कर्मचारी संगठनमा आवद्ध भई कर्मचारीहरूले अन्तरिम सरकारकै पालामा आफ्ना पेशागत मागहरू राखे। ०४७ मंसीर २६ गतेबाट उनीहरू विगत जनआन्दोलनको जोश र उमङ्गसाथ संघर्षमा उत्रिए। संघर्षले व्यापकता लियो। सरकारले सम्झौताको प्रस्ताव राख्यो। कर्मचारीहरूले पनि 'आफ्नो सरकार' प्रति विश्वास जनाए र पुस ५ गते सम्झौता भई संघर्ष रोकियो।

सम्झौतामा उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गरी त्यसको प्रतिवेदन अनुसार कर्मचारीहरूलाई खाजा, परिवहन, शैक्षिक र आवास जस्ता भत्ताहरू दिने र सो कुरा ०४८ वैशाख १ गतेदेखि लागु गर्ने र अन्य कुराहरू ०४८ साउन १गतेदेखि लागू गर्ने व्यहोरा प्रष्ट रूपमा किटान गरिएको थियो।

वैशाख १ गतेको दिन त आयो तर अन्तरिम सरकारले त्यही महिना भित्रै हुन गइरहेको आम निर्वाचनलाई देखाएर आयोगको प्रतिवेदन हाल लागू नगर्ने कुरा गर्‍यो। त्यतिखेर कर्मचारीहरू संघर्षमा उत्रिएको भए सरकार माग पूरा गर्न बाध्य हुनुपर्ने स्थिति थियो तर उनीहरूले सरकारको अनुरोधमा 'शिशु प्रजातन्त्र' को मुख हेरे। चुनावलाई असर नपरोस् भनी संघर्षतिर लागेनन्। प्रतिवेदनका बुँदाहरू निकट भविष्यमै नवनिर्वाचित हुने सरकारले लागू गर्ने छ भनी सरकारले बचन दियो।

---

**मामला कर्मचारीको थियो। तर मामला कर्मचारीको मात्र थिएन। यो त प्रजातान्त्रिक सघर्षको बाटोलाई प्रोत्साहित गर्ने कि दुरूत्साहित भन्ने अहम् महत्वको मामला थियो।**

---

चुनाव सकियो। कांग्रेसले एकमना सरकार बनायो। कर्मचारीहरूले विगत सरकारले गरेको सम्झौता र दिएको वचन पूरा गर्न सरकारसंग अनुरोध गरे। तर विडम्बना! जो पहिले कर्मचारीको पक्षमा कर्मचारीहरूभन्दा पनि बढी चर्को स्वरमा आवाज उठाउँथे उनै गिरिजा प्र० कोइराला आफू प्र० म० भएपछि त कर्मचारीका यिनै आवाजहरूलाई 'शिशु प्रजातन्त्र विरोधी राग' को रूपमा लिन थाले। सल्लाहले काम नचल्ने देखिएपछि १ महिने अल्टिमेटम दिइयो तर समाधान निस्केन।

## संघर्षको कार्यक्रम

त्यसकारण ०४८ असार १६ गतेबाट संगठनका केन्द्रिय पदाधिकारीहरूले कालो पट्टी बाँध्ने कामबाट कर्मचारी आन्दोलन शुरु भयो। कांग्रेसले कर्मचारी फुटाउन खोलेको 'संघ' को खारेजी, संगठनमा सबै तहको प्रवेश र भ्रष्टाचारीहरूमाथि कारवाही समेतको माग राखी शुरू भएको यो आन्दोलन जिल्लाहरूमा समेत फैलदै साउन २ गते काटमाडौंको अन्तर संस्थान कर्मचारीहरूको हातेमालोसम्ममा पुग्दा निकै तेज गतिमा अघि बढ्दै थियो। साउन २० गतेबाट चारजना पदाधिकारीहरू आमरण अनसनमा बसेपछि २३ गते नि. से. नि. जलाउने कार्यक्रमको अघि र पछि दैनिक रूपमा जुलुस र धर्नाका कार्यक्रमहरू भए। यसैबीच थुप्रै कर्मचारीहरूको गिरफ्तारी, खोसुवा, निलम्वन, स्पष्टीकरण, धम्की, त्रास आदि हुँदै गोलिकाण्डहरू र खोटाङ्गमा मनोज जोशी हत्या काण्ड समेत भए।

साउन १७ बाट सरकारले 'कानून सम्मत प्रतिनिधि'हरूसंग थालेको वार्ता नौटङ्कीको रूपमा मात्र देखा पर्‍यो। आन्दोलन दबाउन वा शिथिल पार्न कर्मचारीहरूलाई अल्मल्याएर समय लम्ब्याउने चालवाजीको रूपमा सरकारले यसलाई प्रयोग गर्‍यो। साउन २७ गते प्रहरीले जबरजस्ती अनसनकारीहरूलाई भद्रकालीबाट महाराजगंज अस्पताल पुर्‍याएको विरोधमा २८ गते काठमाडौंमा विशाल राँके जुलुस भयो, जसमाथि राती सरकारले लाठीचार्ज गर्‍यो। आलटाल, मिथ्या प्रचार र आतङ्क सरकारको पक्षबाट र दैनिक सडक कार्यक्रमहरूको सृङ्खला कर्मचारी पक्षबाट हुँदै विना उपलब्धी नै भाद्र ८ मा

अनसनकारीहरूको अनसन तोडियो र संघर्ष स्थगित भयो ।

संघर्ष स्थगित भएपछि मात्र 'खास वार्ता' अघि बढाउने कुरा गरिरहेको सरकारले यसरी साँच्चै संघर्ष स्थगित भएपछि भने वार्ता अघि बढाउनुको साटो आलेटाले गरी टारिदियो ।

## सरकारको भूमिका

कर्मचारीहरूको यो आन्दोलन विगतकै सरकारी बाचाको परिणाम थियो । पेशागत चरित्र र प्रजातान्त्रिक प्रक्रियायुक्त यो आन्दोलनलाई सरकारले वार्ता र सुलहद्वारा सुल्झाउन सम्भव र जरूरी दुबै थियो । तर शुरुदेखि नै सरकार यो आन्दोलनलाई वामपन्थीहरूको आन्दोलनको रूपमा हेरेर अघि बढ्यो । सरकारको रवैयालाई एकै शब्दले व्यक्त गर्ने हो भने त्यो 'धूर्ततापूर्ण' थियो । प्रजातान्त्रिक उदारता वा सदाशयको सट्टामा सरकारले साह्रै नै निम्नकोटीको 'काइतेपना' र क्रूरता अख्तियार गऱ्यो ।

**फूट :**

ने०कां० ले सचेत रूपले खोलेको 'संघ' लाई लगाएर सरकारले कर्मचारी आन्दोलनको समयमा 'फूट'को खेल खेल्यो । अवसरवादीहरूले आन्दोलनमाथि 'घात' गरेर सरकार रिझाए र आफू चोखो बने । कतिपय कमजोर मनस्थितिका इमान्दार अधिकृतहरूलाई चाहिं आतंकित पारेर अलग्याउने र आन्दोलनको विरोधमा उतार्ने काम गरियो । उपरी आम्दानीमा डुबेका केही भ्रष्ट कर्मचारीहरूको सिङ्गै तब्का चर्को ढङ्गमा 'बन्धुद्रोह' को काममा परिचालित भयो ।

**दमन :**

स्पष्टीकरण माग्ने र चेतावनी दिने कार्यका अतिरिक्त धम्की र त्रासहरूमा कर्मचारीलाई धकेल्ने काम गरियो । खोसुवा, निलम्बन गिरफ्तारी लादियो । लाठी, गोलि र हत्याकाण्ड समेत भए । महाराजगंज हस्पिटलमा बत्ती निभाएर राती

> **श्रावण २ गते काठमाडौंको अन्तर संस्थान कर्मचारीहरूको हातेमालो सम्ममा पुग्दा निकै तेज गतिमा यो अघि बढ्दै थियो**
>
> **प्रजातान्त्रिक उदारता वा सदाशयको सट्टामा सरकारले साऱ्है नै निम्न कोटीको 'काइतेपना' र क्रुरता अख्तियार गऱ्यो ।**

प्रदर्शनकारीहरूमाथि लाठी बर्साइयो । ठाउँठाउँमा अफिसहरूमा 'भिजिलान्ते' गुण्डा दल पठाएर संघर्षरत कर्मचारीहरूलाई ज्यूज्यानको असुरक्षाको आतङ्कमा डुबाउने काम गरियो ।

**कुप्रचार :**

'नयाँ सरकारले १०० दिन पनि काम गर्न नपाउँदै' भन्ने कुरालाई पूँजी बनाएर कर्मचारी आन्दोलनलाई 'प्रजातन्त्र विरोधी' कदमको रूपमा प्रचार गरियो । विपक्षी वाम पार्टीहरूको यस आन्दोलनप्रतिको समर्थनलाई आधार बनाएर वाम–आन्दोलनको रूपमा यसलाई व्याख्या गरियो । कर्मचारीले राजनीति गरेको आरोप फैलाइयो । 'संघ' लाई भने वि० पि० जयन्तीको काममा अफिसमा प्रत्यक्ष उतार्न समेत पछि नपर्ने ने० कां० 'संगठन' का कर्मचारीले भने राजनीति गरे भन्ने छुद्र प्रचारवाजीको स्तरमा ओर्लियो । सरकारी सञ्चार माध्यमहरूलाई कर्मचारी संघर्षबारे एकतर्फी विरोध र भ्रम फैलाउने साधन बनाइयो । कर्मचारी संघर्षको विरोधमा फाटफुट केही कर्मचारीलाई वक्तव्य दिन लगाएर त्यो रेडियो, टि. भि. बाट ठूलो महत्व दिएर प्रसार गरियो । मरिचमानले विगत जनआन्दोलनको बेला अप्नाएको शैली भन्दा कुनै पनि अर्थमा यो शैली फरक थिएन । कर्मचारी जुलुसमा आधिकारिक रूपमा कहीं पनि नराखिएको "नौलो जनवाद – ल्याउँछौं ल्याउँछौं" वा "पञ्चायती व्यवस्था – जिन्दावाद" भन्ने नारा जुलुसले लगायो भनी झुठ प्रचार गरियो । यही झुठलाई आधार बनाएर कांग्रेसपक्षीय व्यक्ति र छापाहरूले व्याख्या र विश्लेषणहरू प्रस्तुत गरेर 'मण्डले प्रोपोगाण्डा' शैलीलाई माथ गर्न खोजे । कांग्रेसका जिम्मेवार नेताहरुद्वारा कर्मचारीहरूलाई 'मुठीभर वर्ग', 'बदनाम वर्ग' र



कर्मचारीहरू आमरण अनसनमा

'भ्रष्टाचारी' समेत भनियो। स्वयं प्र० म० गिरिजा प्रसाद कोइरालाले "सरकारले २ प्रतिशत कर्मचारीलाई हेर्ने कि ९८ प्रतिशत जनतालाई हेर्ने" भन्ने जस्ता प्रश्नहरू उठाएर निम्न स्तरीय राजनीतिक तर्कबाजीमा र प्रचारबाजीमा आफूलाई उतारे। २ प्रतिशत कर्मचारीहरू तिनै ९८ प्रतिशत जनताकै सेवाका लागि राखिएका हुन्। तिनीहरूको मनोबल बढाएर तिनलाई दक्ष बनाउनु ९८ प्रतिशत जनताको विरुद्ध हुँदैन तर पनि स्वयं प्र० म० ले यस्ता 'बालसुलभ' तर्कहरू गढेर सोझासाझा जनतालाई दिग्भ्रमित गर्न खोजेबाट के प्रष्ट भयो भने यतिखेर जे भन्दा वा गर्दा आफूलाई क्षणिक नै भएपनि तत्काल फाइदा पुग्छ त्यही नै भन्ने वा गर्ने 'काइतेपना' मा नें० कां० उत्रन लाज मान्दो रहेनछ। औचित्य र विवेक शून्य भएर 'सस्तो राजनीति' गर्ने प्रवृत्ति व्याप्त भयो।

### वार्ताको नाटक :

वार्ताको पक्षमा लागि परेको नदेखाउने हो भने आफू जनताको आँखाबाट अरू गिर्ने सम्भावनालाई टार्नको लागि मात्र सरकारले वार्ताको 'नाटक' रच्यो। माथि पनि उल्लेख गरिसकिएको छ कि वार्ताको टेबुललाई समय घर्काउने आलटालको माध्यम मात्र सरकारले बनायो। "संघर्ष रोक्नुस्, नत्र वार्ता अघि बढ्दैन" भन्नेले संघर्ष रोकेपछि चाहिं के गऱ्यो त ?

यसबाट 'जालसाँजीको गोटी चलाइ' बाहेक अरू केही गर्न सरकारले नचाहेको कुराको पुनः पुष्टि हुन जान्छ।

### अन्य हत्कण्डाहरू :

सरकारमा रहेको दलले 'बेरोजगार'हरूको नाममा जुलुसको आयोजना गरी ती जुलुसहरूमा आफ्ना नेता, कार्यकर्ता र आफ्नो पक्षका बहालवाला कर्मचारीहरू समेत समावेश गरी कर्मचारी संघर्षको विरोध गर्न लगाएर पञ्चायती कालको झोजु काण्डको बेला क० रोहितको विरुद्ध तात्कालिन प्र०म० मरिचमान स्वयंले भाग लिएर जुलुस निकाले जस्तो काम गर्नमा पनि सरकार अगाडि बढ्यो।

चर्को निगरानीको मात्रा यति सम्म बढाइयो कि कतिपय अड्डा–खानाहरूमा पत्रिकाहरू नपढून् वा कर्मचारीहरूको एक आपसमा भेटघाट नहोस् भनी कार्यालयको पुस्तकालय बन्द गर्ने काम समेत गरी राणाकालको सम्झना हुने स्थितिको समेत

**केहीलाई दबाएर, हटाएर, घटाएर बाँकी लाई तर्साउन खोज्दैछ सरकार।**

**२% कर्मचारीहरू तिनै ९८% जनताकै सेवाका लागि राखिएका हुन।**

सृजना गरियो। खोटाङ्ग काण्डको स्थलगत रिपोर्ट विपक्षी वाम सांसदले पेश गरेको भन्दा विपरीत र झुठो प्रसार प्रचार गर्ने काम पनि गरियो। मनोज जोशीका बाबुले "कर्मचारी आन्दोलनलाई एमालेले राजनीतिकरण गऱ्यो, त्यो मलाई मन परेको छैन" भनी बताए भनेर प्रचार प्रसार गरी यसलाई आधार बनाएर सरकारले कर्मचारी आन्दोलन राजनीतिक आन्दोलन भएको भनी जोडदार व्याख्या गऱ्यो। तर मनोज जोशीका बाबु नारायण प्र० जोशीले भनेको कुरा रहेछ – "कर्मचारी आन्दोलनलाई एमालेले या बामपन्थीले राजनीतिकरण गरे भन्नु ठीक भएन"। ("जनादेश" साप्ताहिकमा निज नारायण प्र० जोशीको अन्तरवार्ता)

## सहानुभूति गुमेको छ

समष्टीमा हेर्दा के देखिन्छ भने नें० कां० को सरकारले कर्मचारी वर्गलाई नसोचेको र नचिताएको साह्रै तल्लो स्तरमा उत्रेर दबायो। मूलतः यसले नें० कां० को 'प्रजातान्त्रिक' सिद्धान्तनिष्टताको वास्तविक स्तरको प्रदर्शन गऱ्यो। हिजो जनआन्दोलनको बेला त्यही कर्मचारी समेतको भूमिकाको आड र पृष्ठभूमिमा आज नें० कां० सरकारमा पुग्यो तर सरकारमा पुग्न नपाई यसले आफ्नो जनविरोधी रौद्र–रूप प्रदर्शन गरी आम कर्मचारीको साथ र सहानुभूति गुमाएको छ। दमन, फूट र आतङ्कको आडमा वाध्यतामा पारेर कर्मचारीको विवशताको फाइदा उठाएर सरकारले उनीहरूबाट नाम मात्रको काम लिन असम्भव छैन। तर दिल दुखेको, सन्त्रासमा डुबेको र धोकापूर्ण थप्पडको अपमान खप्न र मौन रहन वाध्य पारिएको जनशक्तिले कुनै पनि हालतमा पूर्ण दक्षताकासाथ काम गर्न सक्दैन। तीस वर्षे पञ्चायतकालीन प्रवृत्ति र विकृतिहरूसंग जुधेर जनताको पक्षमा बेगवान तरीकाले अघि बढ्ने हो भने सोका लागि सरकारलाई विशेष रूपले उत्साहित र आत्मविश्वासयुक्त कर्मचारी यन्त्रको खाँचो पर्छ तर वर्तमान सरकारले सो यन्त्र वास्तविक रूपमा गुमाएको छ।

## के कर्मचारी प्रतिगामी हुन् ?

हिजो नें० कां० सहितका प्रतिवन्धित पार्टीहरूको आह्वानमा ठूलो जोखिम मोलेर साथ दिने कर्मचारीवर्ग विगत जनआन्दोलनका पक्षधर पार्टीहरूको अभिन्न मित्र–वर्ग हो। यस्तो वर्गलाई 'प्रतिगामी' वा 'प्रतिगामीको बहकाउमा परेको' भन्ने आरोप समेत सत्तापक्षले लगायो।

हो, कर्मचारी वर्गभित्र प्रतिगामीहरू पनि होलान् र छन् तर यस वर्गको हालको मूल चरित्र प्रतिगामी हैन, जनआन्दोलनको पक्षधर नै हो। आफूभित्रको प्रतिगामी पक्षलाई मिचेर अघि बढ्न सक्ने जनपक्षीय ताकत मूल रूपमा विकसित भएको नहुँदो हो त विगत ऐतिहासिक जन आन्दोलनमा कर्मचारीवर्गको सहयोगी र सकारात्मक भूमिका हुनै सक्दैन थियो। यसको मूलभूत स्वरूप प्रतिगामी भएको भए त्यतिखेर यसको भूमिका पनि मूलभूत रूपमा नकारात्मक नै रहने थियो।

## सरकारले के गर्न सक्थ्यो ?

वास्तवमा सरकारले कर्मचारीहरूसंग शुरुमै वार्ता गरेर र वार्तालाई छकाउने साधन मात्र नबनाई विश्वासको वातावरण खडा गरी इमान्दारी र प्रजातान्त्रिक संस्कार प्रदर्शन गर्दै अगाडि बढेको भए स्वस्थ समाधान निस्कन सम्भव थियो। हाललाई

**सरकारले साम्राज्यवादीहरूको इशारा र आडमा वामपन्थी दबाउने निहित चालबाजी स्वरुप उक्त अस्वाभाविक रबैया अपनाएको हो।**

सद्भावनाको संकेत स्वरूप थोरै मात्र आर्थिक भार पर्ने मागहरू पूरा गरी यस वर्ष बाँकी आर्थिक भार नपर्ने सुधारका कदमहरू चाल्ने र आगामी वर्षहरूमा क्रमशः सुविधाका ठोस कदमहरू चाल्ने मूर्त कार्यक्रम-प्याकेज सरकारले दिनुपर्थ्यो। प्राप्त प्रजातन्त्रको रक्षा कांग्रेसको मात्रै सरोकारको विषय हैन, मूल रूपमा कर्मचारीहरू पनि यसप्रति उत्तिकै दायित्वबोधले प्रेरित छन् भन्ने कुरा उनीहरूको संघर्षका कार्यक्रमहरूमा प्रधान प्रवृत्तिको रूपमा देखा परेको अनुशासनशीलताले पनि प्रकट गरेको छ। त्यसैले सल्लाह–सुलहले समस्या समाधान हुन सक्थ्यो। सरकारले त्यसो गर्न रूचाएन।

## निहित लक्ष्य

कर्मचारी संघर्षमाथि ने० कां० र यसको सरकार जसरी जाइलागे त्यो 'असामान्य' प्रकारको जाइलगाइ देखिन्थ्यो। आम जनता र कतिपय कांग्रेसी कार्यकर्ताहरू नै पनि सरकारको रवैयाप्रति आश्चर्यचकित र क्षुब्ध देखिन्थे। कर्मचारीको संघर्ष भन्दा बढी 'बामपन्थीहरूको संघर्ष' को रूपमा कर्मचारी आन्दोलनलाई हेरेर सरकारले साम्राज्यवादीहरूको इशारा र आडमा 'बामपन्थी दबाउने' निहित चालबाजी स्वरूप उक्त अस्वाभाविक रवैया अप्नाएको हो भन्ने आरोप सरकारको हरदिनको व्यवहारले पुष्टी गरेको छ। वाम पार्टीहरूले कर्मचारी आन्दोलनलाई समर्थन गरेको कुरालाई आधार बनाएर यसलाई 'नौलो जनवादी क्रान्ति'को रूपमा बुझ्ने र व्याख्या गर्ने काम जो भयो यसले ने० कां० को राजनीतिक अति निरिहता वा टाट पल्टाइलाई नराम्ररी प्रदर्शन गरेको छ। प्रजातान्त्रिक दल र सरकारमा हुनुपर्ने स्वभावको उल्टो अमानवीयता, क्रुरता र अस्वाभाविक अस्वस्थ बदलाको भावनाले सरकारी पाइलाहरू प्रेरित देखिन्थे।

## वाम प्रभावबारे

ने० कां० वा कुनै पक्षले एउटा के कुरा राम्ररी बुझ्नु जरूरी छ भने नेपालको हालको प्रभावकारी विपक्षी शक्ति भनेको वाम शक्ति नै हो। संवैधानिक हिसावले भन्ने हो भने पनि यो ५ वर्षभित्र नेपालका कुनै पनि घटनाहरू वामशक्तिको 'Yes' वा 'No' भएर नै गुज्रनेवाला छन्। वाम शक्तिले समर्थन गरेका हरेक घटनालाई 'नौलो जनवादी क्रान्ति' भन्ने हो भने यस्ता 'नौला जनवादी क्रान्तिहरू' नेपालमा यो ५ वर्षभित्र असंख्य हुनेवाला छन्। यो नीलो आकाश जस्तै खुला सत्य हो। जहाँसम्म कर्मचारी वर्गभित्र वाम पक्षको प्रभावको कुरा छ, हरेक क्षेत्रमा वैचारिक रूपमा हरेक पार्टीको केही न केही प्रभाव हुनु स्वाभाविक हो। त्यसलाई लिएर यस्तो क्रुर रवैया अप्नाउने हो भने त नेपालमा अब हरेक पाँच वर्षमा आउने नयाँ सरकारले एक डेढ लाखको संख्यामा आफ्नै कर्मचारी पनि साथ लिएर आउने परम्परा बसाल्न थाल्नु पर्ने हुन्छ। के यो सम्भव र उचित छ ?

## समर्थन र सहयोग

कर्मचारी आन्दोनको पक्षमा शुरुदेखि नै मुलुकका वामशक्तिहरूले समर्थन गरे, र पछि सक्रिय रूपले सघाउने खुला घोषणाहरू पनि गरे। कर्मचारी वर्गलाई यसबाट ठूलो टेवा र भरोसा प्राप्त भयो। सदनमा पटक पटक कर्मचारीहरूको प्रश्नमा जोड दिएर र सदन वहिष्कार समेत गरेर यस समस्यालाई सडकमा लैजाने काम कार्य हुन निकै हदसम्म यसबाट संभव भयो। अरू तत्काका जनतालाई पनि संघर्षमा ऐक्यबद्ध गर्नमा यसले जुन भूमिका खेल्यो, यसको कारणले गर्दा काँग्रेसको जोडदार विरोध र विविध हत्कण्डाहरूको बावजूद पनि संघर्षको औचित्य सिद्ध गरी आम जनतासम्म पुऱ्याउन यसले अत्यन्त ठूलो भूमिका खेल्यो। यसबाट वाम पक्षको जनपक्षीय स्वरूप र जनपक्षीय स्वभावको अत्यन्त राम्रो प्रदर्शन भयो।

## कमजोरीहरु

यी सब कुरा हुँदाहुँदै पनि आन्दोलनलाई असफल पार्न सरकार-लाई सजिलो पुग्न जाने के कति कमी कमजोरीहरू कर्मचारी वर्ग र यसको संघर्षका हिमायतीहरूको कदममा रह्यो भन्ने बारेमा छलफल गरी केलाएर हेर्नु जरूरी छ।

कर्मचारी वर्गको वर्ग-स्वरूप अनुरूप यसले कति लामो समयसम्म-को संघर्ष चालू गर्न सक्छ भन्ने कुरा को विश्लेषणमा सम्बन्धित पक्षहरूको ठम्याइ वस्तुसंगत हुन नसकेको देखि-न्छ। घनत्वपूर्ण कार्यक्रमको अभावमा सरकारले चालवाजी गर्ने, फुटाउने, भ्रम फैलाउने र आतंक फिजाउने ज्यादा समय र मौका पाएको देखियो

संघर्षका कार्यक्रमहरूलाई सरल बाट जटीलतर्फ र सीमितबाट व्यापकतातर्फ उन्मुख किसिमको स्वाभाविक रूपले क्रमशः स्तर वृद्धि हुने बनाएर प्रस्तुत गर्नमा केही कम-जोरीहरू देखिए। धर्ना र घेराउ जस्ता गरुंगा कार्यक्रमपछि भ्रष्टाचारी को पुत्ला जलाउने र साइकल ऱ्याली जस्ता हल्का कार्यक्रमहरू पनि तय भएका देखिए।

प्रचार प्रसार र संचार प्रणा-लीको प्रभावकारितामा अझै विशेष जोड दिनु पर्ने देखिन्थ्यो।

सार्वजनिक रूपले संघर्षलाई साथ दिने घोषणा गरिसके पछि वाम पार्टीहरूले यसमा जुन स्तरको गंभीरता देखाउनु पर्थ्यो, गम्भीरताको त्यो स्तर न्यून भएको महशूस हुन्थ्यो। संघर्ष-लाई कसरी र कहाँ पुऱ्याएर टुंग्याउने र त्यसका प्रभाव र असरहरूलाई कसरी सम्हाल्ने भन्ने प्रष्ट खाकाको अभाव मूल कमजोरीको रूपमा देखापऱ्यो। औपचारिक सर्वदलीय बैठकको समझदारीमा सरकार नचलेपछि यसको विरूद्धको प्रतिक्रिया निकै गम्भीर हुनु जरूरी थियो।

मामला कर्मचारीको थियो। तर मामला कर्मचारीको मात्रै थिएन, यो त प्रजातन्त्रिक संघर्षको बाटोलाई प्रोत्साहित गर्ने कि दुरूत्साहित गर्ने भन्ने अहम महत्वको मामला थियो। प्रजातन्त्रवादीको बिल्ला भिरेको ने० का० यो बाटोलाई दुरूत्साहित गर्न अगाडि बढ्यो र आफू कार्मचारी र प्रबुद्ध जनताका सामु नांगियो तर वामपक्षले पनि कांग्रेसको यो नांङ्गो पनालाई जति दक्षतापूर्ण रूपले जनता-को पक्षमा उपयोग गर्नु पर्थ्यो त्यति गर्न नसकेको देखियो। कांग्रेससंगको बीचका औपचारिक र अनौपचारिक बार्ताहरू र मोलमोलाइहरूलाई काँग्रे-सले वामपक्षको संघर्षशीलताको धार-लाई भुत्ते बनाउनमा र जनतामा भ्रम फैलाउनमा प्रयोग गर्ने अवसरको रूपमा प्राप्त गरेको र उपयोग गरेको देखियो।

## नियमानुसार !

आजसम्म पनि कर्मचारीहरू मध्ये संघर्षमा लागेकाहरूमाथि का-रवाहीको क्रम रोकिएको छैन। जि-ल्लाका सि. डि. ओ. र 'संघ'पक्षीय आफ्ना तावेदारहरू समेत राखी गठित समितिहरू मार्फत सरकार तीन चार पाना सम्मका "तपाईंलाई किन वर्खास्त नगर्ने ?" भन्ने व्यहोराका स्पष्टीकरण पत्रहरू काट्दै निलम्बन र निष्कासनका हतियारहरू प्रयोग गर्दैछ। यो अन्यायपूर्ण छ। यो 'अन्याय'लाई 'नियमानुसार' भएको देखाउने कोशीस गरिंदैछ र नयाँ पुराना 'नियमहरू' का दफाहरू प्रयोग गरिंदैछन।

यतिखेर प्रश्न उठ्छ – कांग्रेसी बहुमतकै अन्तरिम सरकारले दिएको वाचालाई कांग्रेसकै एकमना सरकारले पूरा गर्ने जिम्मेवारी लिनु पर्थ्यो कि पर्दैनथ्यो ? कृष्णप्रसाद भट्टराईको वाचा र आश्वासनको जगमा उठेको कर्मचारीहरूको आन्दोलनका सहभागी हरुमाथि गिरिजाप्रसाद कोइरालाले कथित नियमका डण्डा बर्साउनु औचि-त्यको कुन नियमावलीभित्र पर्छ ? गम्भीर प्रश्न उठेको छ। संसारमा राजनैतिक नैतिकताको पनि कुनै नियमावली हुन्छ कि हुँदैन ?

## अन्तमा

यो कर्मचारी आन्दोलन नेपा-लको राजनैतिक इतिहासमा जनताको एउटा तप्काले सरकारमाथि विश्वास गरेर प्रजान्त्रिक प्रक्रयाद्वारा उत्साहित भई चालेको एक न्यायपूर्ण संघर्षको पाइला थियो। यस विश्वासका विरूद्ध निहित स्वार्थप्रेरित अस्वाभाविक 'घात' सरकारले यसलाई दियो। तर पनि संगठनवद्धता र संघर्षशीलता को प्रयोजन र गरिमामाथि यस्ता धोका र 'घात' हरुले कुनै पनि प्रका-रको प्रश्न चिह्न लगाउन सक्दैनन्। □

**–हरिगोविन्द लुईटेल**


विजया दशमी २०४८ को सुखद उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक मंगलमय शुभकामना !

**गोरखकाली रबर उद्योग लिमिटेड**
परिवार

[१४ पेजको बाँकी]
मूद्रा अवमूल्यनको कारणले महँगो भएका हुन् ।

## सरकारले के गर्न सक्थ्यो ?

सरकारले सीमाना नियन्त्रण गर्न सक्थ्यो । ८/१० हजार सेना सीमाना नियन्त्रण गर्नमा गस्ति गर्न लगाई दिने हो भने, जति नाका छन् तिनीहरूबाट मात्र कडाइपूर्वक नियन्त्रित रूपमा सामानको निकासी–पैठारी गर्ने हो भने र मानिसको आवत जावत गर्न दिने हो भने वस्तुको भाउमा केही हदसम्म नियन्त्रण कायम गर्न सकिन्थ्यो, चोरी निकासी रोक्न सकिन्थ्यो ।

भारतसितको व्यापारमा लाइसेन्स प्रथा लगाइ दिने हो भने पनि व्यापार नियन्त्रण गर्न सकिन्थ्यो । भारतबाट पनि हामीले चाहिएको बस्तु चाहिएको मात्रामा लिने थियौं । भारतमा पनि नेपाली वस्तुहरू नियन्त्रित मात्रामा मात्र निर्यात गर्ने थियौं ।

भारतीय मुद्रालाई पनि हामीले विदेशी मुद्रा गनिसकेपछि विदेशी मुद्रा नियन्त्रण ऐन भारतीय मुद्रामा पनि लगाउन सकिन्थ्यो । Import लाइसेन्समा उल्लेख भए जति मात्र भारतीय मुद्रा दिने गर्न सकिन्थ्यो । यस्तो गरेर भारतसितको अनियन्त्रित व्यापार रोक्न सकिन्थ्यो, जसबाट बस्तुको भाउमा प्रत्यक्ष असर परिरहेछ ।

गोदाममा अन्न थुपारेर कृत्रिम अभाव सिर्जना गर्ने व्यापारीका गोदाममा कडीकडाउ गरी छापा मार्न सकिन्थ्यो । ४८ घण्टाको सूचना जारी गर्ने । त्यति समयभित्र अत्यावश्यक खाद्यान्न सरकारलाई बुझाए बुझाऊ, नत्र जफत गरिनेछ भनेर चेतावनी दिने । र नबुझाए जफत पनि गर्ने । यो कदम उठाएको भए खाद्यान्नको यस्तो हाहाकार हुँदैनथ्यो । व्यापारीहरू भनेका कायर हुन्छन् । जफत नै गर्ने भएपछि उनीहरू वाध्य भएर गोदामबाट खाद्यान्न निकाल्थे ।

तर यस्तो गर्नलाई बलियो र जनमुखी सरकार चाहिने हुन्छ । त्यही नभएर नेपाली जनताले अहिले दुःख पाएका हुन् । नेपाली काग्रेसकै सरकारमा पनि २०१५ सालको वि. पी. को सरकार अहिलेको सरकार भन्दा निकै बलियो थियो । नेपालमा त्यतिखेर देशभरी भारतीय मुद्रा चल्थ्यो । नेपालमा भारतीय मुद्राको सट्टा नेपालभरी नेपाली मुद्राको चलन चल्ती गराउने ठूरो कदम वि.पी. कै पालामा २०१७ साल बैशाख १ गते लिइएको थियो । अहिलेको सरकारलाई त सबैले कमजोर ठानेका छन र हेपेका छन् ।

प्रस्तुती: श्याम श्रेष्ठ र नारायणकाजी श्रेष्ठ

☐ चन्द्रराज ढुंगेल : उपप्राध्यापक त्रि. वि. / राष्ट्रिय सभा सदस्य, सल्लाहकार 'मूल्यांङ्कन' ।

☐ गोविन्द प्र. लोहनी: ख्याती प्राप्त बुद्धिजिवी तथा अर्थशास्त्री

**वडादशैं तथा दीपावलीको शुभ उपलक्ष्यमा**
**समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभ–कामना !**

**साझा सहकारी लि०**
**बनेपा, काभ्रे ।**

विजया दशमी २०४८ को महान उपलक्ष्यमा मानव मात्रको सुस्वास्थ्य, चीर–जीवन एवं सार्वत्रिक मांगल्यका लागि श्री भवानी दुर्गासंग हार्दिक प्रार्थना गर्दै शुभ कामना व्यक्त गर्दछौं ।

**जनक शिक्षा सामग्री केन्द्र लिमिटेड** परिवार,
सानो ठीमी, भक्तपुर

विजया दशमी २०४८ को अवसरमा मंगलमय शुभ-कामना व्यक्त गर्दछौं!

साना किसान विकास आयोजना क्षेत्रमा आर्थिक कारोबार वाहेक प्रौढ शिक्षा, वातावरण संरक्षण, खानेपानी र सरसफाइ खोप कार्यक्रम, शिशु स्याहार र वालवृद्धि मूल्यांकन, तरकारी विऊ वितरण, सामुदायिक बिकास, महिलाहरुका लागि आयवृद्धि तथा सीप विकास

कार्यक्रमहरू कृषि विकास बैंक मार्फत संचालित भएका छन् ।

**कृषि विकास बैंक**
**मुख्य कार्यालय**

विशेष लेख

# नेपाली कांग्रेस र प्रजातान्त्रिक समाजवाद

**डा० कृष्णबहादुर थापा**



वि० पि० कोइराला

हिजो आज राजनीतिमा प्रजातन्त्र र समाजवाद एउटा 'फेसन' भएको छ । वास्तवमा जुन दल वा सरकार प्रजातान्त्रिक र समाजवादी छैनन्, तिनीहरूले पनि आफूलाई सिंगार्न "प्रजातन्त्र र समाजवाद" दुई शब्द जोडेका पाइन्छन् । यी शब्दहरू निकै आकर्षक छन र मानिसहरूलाई यिनले निकै अलमल्याएका पनि छन् । तर यस्ता शब्दले सिगार्ने धेरै दल र सरकारमा प्रजातान्त्रिक र समाजवादी आचरण तथा व्यवहार पाइदैन । नेपाली काग्रेस पनि एउटा यस्तै दल हो । हाल यसै दलको सरकार नेपालमा स्थापित भएको छ । यसले पनि आफूलाई "प्रजातान्त्रिक समाजवादी" दल भन्छ । अतः आज हामीले यसको सैद्धान्तिक आधार र वास्तविक चरित्र बुझ्नु आवश्यक छ । हामीले यी कुरा बुझेनौ भने 'प्रजातन्त्र र समाजवाद'को आकर्षक शब्द जालमै हामी पनि अल्मलिरहनेछौं ।

वास्तविक प्रजातन्त्र त्यहाँ मात्र हुन्छ जहाँ वहुसंख्यक वर्गका मानिसको शासन व्यवस्था कायम भएको हुन्छ । संसारभर यस्ता वहुसंख्यक वर्गमा पर्ने समुच्च शोषित, पीडित, मजदूर, किसान आदि हुन् । वास्तविक समाजवाद पनि यस्तै वहुसंख्यक वर्गको शासन व्यवस्थाबाट मात्र सम्भव हुन्छ । यस्तो वास्तविक प्रजातन्त्र र समाजवादको आधार मार्क्सवाद हो । पूर्वी यूरोप र सोभियत संघमा धेरै पहिलेदेखि आएको संशोधनवादी शासन व्यवस्थाको परिणतिलाई लिएर जुन हल्ला संसारभर भइरहेछ त्यसबाट मार्क्सवादी सिद्धान्त असफल भएको पुष्टी कतै हुदैन । अतः वास्तविक प्रजातन्त्र (वहुसंख्यक वर्गको शासन व्यवस्था) र समाजवाद यसैको माध्यमबाट मात्र स्थापना हुन्छ भन्ने कुरा हिजो जति सही थियो आज पनि त्यत्तिकै सही छ ।

यूरोपमा जब मार्क्सवादी सिद्धान्तमा आधारित प्रजातन्त्र र समाजवादको प्रभाव दिन पर दिन बढ्दै गयो त्यसपछि पूंजीवादी र उच्च वर्गको व्यवस्थालाई जोगाउन उनीहरूले पनि नक्कली प्रजातन्त्र र समाजवादको सहारा लिए । यस्तो प्रजातन्त्र र समाजवादमा शासन व्यवस्था पुरानै वर्गमा रहने बन्दोवस्तको सिर्जना गरियो तर नाम भने प्रजातन्त्र र समाजवादको दिइयो । मार्क्सवादमा आधारित सही प्रजातन्त्र (जसमा वहुसंख्यक शोषित पीडितको शासन व्यवस्था कायम हुन्छ) र वास्तविक समानतामा आधारित समाजवादलाई रोक्नु र घुमाउरो रूपमा पूंजीवादी र पुरातनवादीको शासन व्यवस्थालाई निरन्तरता दिनु यस्तो व्यवस्थाको मुख्य लक्ष्य थियो । त्यसैले यसमा अस्पष्ट आर्थिक समानताका कुराहरू पनि जोडी "समाजवादी प्रजातन्त्र" अथवा शब्दहरू उल्टापाल्टा पारेर "प्रजातान्त्रिक समाजवाद" भनिन लाग्यो र यस अघिका पूंजीवादी पार्टी र व्यवस्थाहरू यस्तै नाम लिएर देखापरे । यस्ता व्यवस्थाका पृष्ठ पोषकहरूलाई मार्क्सवादले वहुसंख्यक शोषित पीडित-जनताको व्यवस्थालाई "सर्बहाराको अधिनायकत्व" भनी सिधा अर्थमा नामाकरण गरेकोले "अधिनायकत्व" शव्दलाई लिएर मिथ्या प्रचार गर्न सजिलो भयो । उनीहरूले पूंजीवादी र सामन्त वर्गको अधिनायकत्वलाई प्रजातन्त्र नाम दिएकाले यस्तो व्यवस्थालाई स्थायित्व दिन सजिलो भयो यसरी प्रजातन्त्र र समाजवादले जहिले पनि वास्तविक प्रजा र वास्तविक वहुसंख्यक समाजलाई अल्मल्याउने र माथिल्लो वर्गको शासन टिकाउने काम मात्र गरिरहेको पाइन्छ ।

प्रजातन्त्र र समाजवादलाई सिद्धान्तकै आधारमा हेर्ने हो भने पनि यी दुवै अस्पष्ट छन् । सर्बप्रथम

प्रजातन्त्र (Democracy) कै कुरा लिऊँ । यसकै कुनै निश्चित, परिष्कृत, सर्बमान्य परिभाषा र व्यवहार छैन । कसैको निमित्त यो "वहुमतको आधारमा कार्य गर्ने" (सरकार चलाउने) पद्दति हो । अर्का थरीको लागि अनुपातिक प्रतिनिधित्वको सरकार पनि प्रजातान्त्रिक सरकार हो । अझ अर्का थरीका लागि सबै वयस्कले मताधिकार प्राप्त गर्नु नै प्रजातन्त्र हो । संसदीय प्रजातन्त्रको जननी मानिने बेलायतमा समेत मताधिकार विस्तृत गर्दै लैजानुलाई नै धेरै समयसम्म प्रजातन्त्र भनिन्थ्यो ।। फ्रान्सको क्रान्तिपछि मात्र केही मात्रामा त्यस्तो प्रजातन्त्रमा आर्थिक समानताका केही कुरा समावेश भए । उनीहरूले आर्थिक समानताका कुराहरू विशेष रुपमा थपेको वास्तवमा मार्क्सवादी समाजवादको प्रभाव पछि मात्र हो । यस प्रकारले प्रजातन्त्र भनेको के भन्ने स्पष्ट र निश्चित अवधारणा नरहेको स्पष्ट हुन्छ । यस्तो प्रजातन्त्रमा आर्थिक समानताका कुरा त झन मार्क्सवादी समानताको प्रभावलाई रोक्नको लागि समावेश गरिएको स्पष्ट हुन्छ। त्यसैले यस्तो प्रजातन्त्रमा वास्तविक प्रजातन्त्र र समाजवाद नाराको रूपमा मात्र रहने गरेको उदाहरण प्रशस्त पाईन्छ । यो कुरा आज भोलि हामी नेपाली जनताले पनि प्रत्यक्ष्य भोगिरहेका छौं ।

हिजो आज जुन प्रजातन्त्रको बढी प्रचार भएको छ त्यो माथि भनिएको सिद्धान्तको आधारमा निर्माण भएको हो । यस्तो प्रजातन्त्रको प्रचार प्रसारमा ती पश्चिमी देशहरूको विशेष भूमिका रहेको छ, जुन देश औपनिवेशिक साम्राज्यवादी थिए । उनीहरूको आर्थिक स्रोत विशेष गरेर औपनिवेशिक शोषणमा आधारित थियो । यस्ता देशका शासकहरूले प्राप्त गरेको औपनिवेशिक शोषणको केही हिस्सा त्यहाँका नागरिकहरूले पनि उपभोग गर्ने अवसर पाएकाले सामान्य जनताको आर्थिक जीवनस्तर पनि आधारभूत आवश्यकता पूर्ति नहुने कष्टसाध्य स्थितिभन्दा माथि औसत स्तरमा रहन गयो । तसर्थ उनीहरूको प्रजातन्त्रमा आर्थिक समानता र शोषणरहित व्यवस्था समावेश नहुँदा पनि एक हदसम्म सह्य स्थिति सिर्जना हुन पुगेको थियो । यस अवस्थामा खाली राजनीतिक समानता र स्वतन्त्रताको नारामा जोड दिंदै त्यहाँको "प्रजातन्त्र" हुर्किन गयो । तर त्यस्तो "प्रजातान्त्रिक" प्रणाली अप्नाउने देशहरूले त्यति नै बेला आफैले वकालत गर्ने गरेको राजनीतिक स्वतन्त्रता र समानतालाई उपेक्षा गरेर संसारको विभिन्न भागमा उपनिवेश खडा गरीरहेको मात्र होइन त्यहाँ वर्बर शासन चलाएको इतिहास छदैछ ।

शोषण गर्ने एक तप्काका वर्गलाई ध्यानमा राखेर अस्तित्वमा आएको यस्तो प्रजातन्त्रलाई अर्को शब्दमा कुलीन अथवा "बुर्जुवा" प्रजातन्त्र भनिन्छ । यस्तो प्रजातन्त्र स्थापित भएका पश्चिमी देशमा आर्थिक समानताको प्रश्न विशेष रूपले त्यस वेलादेखि मात्र उठ्न थाल्यो, जब त्यस्ता देशको औपनिवेशिक आर्थिक शोषणको अन्त्य हुदै जान थाल्यो र औद्योगिक मजदूरहरूले आफूमाथि भएको शोषणको विरोध गर्न थाले । तर यस्तो स्थिति आइपुग्ने बेलासम्म त्यस्ता देशहरूले औद्योगिक र प्राविधिक उन्नति गरिसकेका थिए । यसै माध्यमबाट व्यापार, लगानी, आर्थिक अनुदान आदिको अर्को साम्राज्य कायम गरिसकेका



लेखक

थिए । त्यसैले गर्दा उनीहरूको प्रजातन्त्र (पूंजीवादी प्रजातन्त्र) मा आर्थिक समानताको प्रश्न समावेश नभएर स्वतन्त्र वजार व्यवस्था, स्वतन्त्र आर्थिक प्रतिस्पर्धा आदि उनीहरूको नै वर्चश्व हुने आधारहरू समावेश भए । यसरी पहिले पहिले पश्चिमी मूलुकहरूले आफ्नो शोषण कायम गर्न सैनिक शक्तिको आधार लिन्थ्यो भने अहिले आएर आफ्नो स्वार्थ पूर्ति गर्ने खालको व्यवस्था कायम गर्न आर्थिक शक्ति प्रयोग गर्छ । यसको लागि उसले आफ्न खालको (model) प्रजातन्त्र निर्यात गरेको छ । र यसलाई स्थापना गर्न अनेक प्रकारको व्यवस्था मिलाएको छ । यसैको माध्यमबाट न आजको विश्वमा उसले आफ्नो आर्थिक र राजनैतिक साम्राज्य खडा गरेको छ।

हाम्रो नेपालमा पनि नेपाली कांग्रेसले अपनाएको 'प्रजातन्त्र' को मोडेल माथि छलफल गरिएको बुर्जुवा प्रजातन्त्र नै हो । पश्चिमा साम्राज्यवादीहरूले आफ्नो निहित स्वार्थका निम्ति यस्तो 'प्रजातन्त्र' कायम गर्ने र आफू सत्तामा स्थापित हुने ने. का. को स्वार्थलाई सहयोग गरिरहेको छ । ने. का. ले पनि पश्चिमाहरुको स्वार्थ सिद्धी हुने काम गरिरहेकै छ । त्यसका अतिरिक्त ने. का. ले भारतीय पूंजीपतिको स्वार्थका निम्ति उसको

राजनीतिक तथा आर्थिक प्रभावहरू लाई पनि स्वीकारेको छ। पश्चिमाहरूले ने. का. को यो अप्ठ्यारोलाई बुझि–दिने गरेको देखिन्छ ।

यसरी ने. का. को 'प्रजातन्त्र' नेपाल र नेपाली जनताको निम्ति हरसंभव कुराहरू गर्ने भन्दा पनि साम्राज्यवाद र विस्तारवादको स्वार्थलाई टेवा पु्याउने सीमाभित्र रूमल्लिएको छ ।

नेपाली कांग्रेसको प्रजातन्त्र बारेको माथिको छोटो छलफल पछि उसको "समाजवादी" सिद्धान्त बारे पनि केही जान्नु आवश्यक पर्दछ। समाजवादी विचारधाराको आरम्भ को बारेमा बुझ्दा के पाईन्छ भने यसको शुरू प्लेटोको "गणतन्त्र" (Republic) र टमस मोरको इटोपिया (Utopia) बाट शुरू भएको देखिन्छ । तर आधुनिक "बैज्ञानिक समाजवादी" विचारको आरम्भ औद्योगिक क्रान्तिपछि मात्र भएको हो । हालसम्म विकास भएको समाजवादी सिद्धान्त मध्ये कार्ल मार्क्सको समाजवादी सिद्धान्त नै सबै भन्दा विकसित अर्थात बैज्ञानिक हो । तर कार्ल मार्क्स बाहेक अन्य धेरै समाजवादी चिन्तक पनि छन्, जसको समाजवादी सिद्धान्त फरक फरक छन् । यिनीहरू मध्ये केहीको सिद्धान्तमा समाजवाद हुनलाई उत्पादनका साधनहरू पूर्ण राष्ट्रिय–करण हुनु पर्छ भन,केहीको धारणामा मुख्य उद्योगहरूको मात्र राष्ट्रिय-करण भए पनि समाजवाद हुन्छ । अझै अर्को थरी समाजवादी चिन्तकको भनाइमा समाजवादमा शक्तिशाली केन्द्रीय सरकारको नियन्त्रण र निर्देशनमा अर्थ व्यवस्था संचालन हुनु पर्छ । अझै अर्को थरी समाजवादी चिन्तक पनि छन् जो"वजार समाज-बाद'(Market Socialism)मा विश्वास राख्दछन् । उनीहरूको विचार अनुसार यस्तो समाज-वादमा अर्थ व्यवस्था पूर्णतः समाजवादी योजनाकारले निर्देशित र नियन्त्रित गरेको हुन्छ । यसरी समाजवादी सिद्धान्तका विभिन्न रूपहरू पाइन्छन् । यी मध्ये कुन समाजवादी सिद्धान्त नेपाली कांग्रेस-को हो स्पष्ट छैन तर यो भने स्पष्ट छ कि समाजवादी सिद्धान्त मध्ये वढी बैज्ञानिक मार्क्सवादी सिद्धान्त भने नेपाली कांग्रेस मान्दैन । त्यसको बिरोध गर्दै गरेको कुरा हामी सबैलाई ज्ञात छ ।

माथिको छलफलबाट के स्पष्ट हुन्छ भने समाजवादी चिन्तकहरूमा यसबारे मतभेद छ र एउटै निश्चित धारणा छैन तर समाजवादका केही गुणहरू र चरित्रका बारेमा भने उनीहरूमा एकमत रहेको पनि पाइन्छ । उनीहरू एकमत रहेको विषय हो-पूँजीवादी उत्पादन व्यवस्था ले निर्माण गरेको अन्याय, असमानता, कष्ट र अनियन्त्रित बजार व्यवस्थाको बिरोध । तर नेपाली कांग्रेसले यस्तो गर्दैन । यसबाट स्पष्ट हुन्छ कि नेपाली कांग्रेस वास्तवमा समाजवादी पार्टी पनि होईन ।

---

**नेपाली कांग्रेसको चुनाव घोषणा-पत्र, यसका नेताले विभिन्न ठाउँमा दिने भाषण र नारालाई एकातिर र अर्कातिर यसको व्यवहारलाई राखेर तुलना गर्दा यसको प्रजातान्त्रिक र समाजवादी आचरण उदाङ्गो हुन्छ ।**

---

यसरी प्रजातान्त्रिक र समाज-बादी सिद्धान्तको आधारमा हेर्दा नेपाली कांग्रेसलाई प्रजातन्त्रवादी र समाजवादी दुबै भन्न नसकिने आधार देखा पर्दछ। ने.कां.को प्रजातन्त्रवादी र समाजवादी भएको दावा खालि खोक्रो नारा र जनतालाई अल्मल्या-उने सूत्र मात्र भएको देखिन्छ । यो कुरा अझ नेपाली कांग्रेसको व्यवहारबाट छर्लङ्ग हुन्छ । नेपाली काँग्रेसको चुनाव घोषणा–पत्र,यसका नेताले विभिन्न ठाउँमा दिने भाषण र नारालाई एकातिर र अर्कोतिर यसको व्यवहारलाई राखेर तुलना गर्दा यसको प्रजातान्त्रिक र समाज-वादी आचरण उदाङ्ग हुन्छ । नेपाली कांग्रेस सत्तामा आएदेखि यताका एकतिर जनपक्षीय भाषण र अर्कोतिर यसले गरेका ठीक उल्टा जनविरोधी कार्यहरू नै यसलाई पुष्टी गर्न पर्याप्त छन् । यी भैरहेका जन विरोधी अप्रजातान्त्रिक र असामा-जिक कृयाकलापहरू अन्जानमा अथवा गल्तीले भएका होइनन् । यी सबै यसका भित्री उद्देश्य अनुसार नै भएका हुन् र हुदैजाने छन् किनकि माथि भनिसकिएको छ - नेपाली कांग्रेसको सिद्धान्त अर्थात "प्रजाता-न्त्रिक समाजवाद"पश्चिमी पूँजीवादी सिद्धान्त हो । यसमा मुख्यत तीन कुरा निहित छन् सर्वप्रथम त यस्ता व्यवस्था अपनाउने देशहरू पश्चिमी पूँजीवादी देशहरूको स्वार्थ अनुकुल कार्य गर्दछन् । दोस्रो, यस्तो व्यवस्थाले देशीय पूँजीपति विशेष गरेर दलाल पूँजीपति र यिनैसंग सम्बन्धित ठूला नेता, पार्टी, प्रशासक र माथिल्ला तप्काका मानिसको स्वार्थ रक्षा गर्दछ । यी बाहेक अन्य निम्न वर्गको स्वार्थ रक्षा र उत्था-नका कुराहरू खालि चुनाब प्रचार र भाषणमा मात्र सीमित हुन्छन् । माथिल्ला वर्ग र विदेशी पूँजीपतिको स्वार्थ रक्षार्थ यसै अनुरूपको देशको संविधान, नियम-कानून बनाइन्छ । कुनै व्यक्ति, समूह, वर्ग अथवा पार्टी-लाई त्यही हदसम्म स्वतन्त्रता दिइन्छ जुन हदसम्म यी वर्गका

स्वार्थमा खतरा उत्पन्न हुदैन । त्यो भन्दा यताउता पर्‍यो भने विरोधीलाई अनेक प्रकारले गैह्र प्रजातन्त्रवादी भएको दोष लगाइन्छ अनि सैनिक शक्ति लगाई या त बुटले कुल्चिन्छ, या त बन्दूकले उडाइन्छ । यस प्रकार उनीहरूको शासन प्रणालीको निरंतरता कायम गरिन्छ । तर नाममा भने यो "प्रजातान्त्रिक र समाजवादी" नै रहन्छ । तेस्रो, यस्को शासनको सिद्धान्त हो– वास्तविक प्रजातन्त्र (वहु संख्यक शोषित पीडित, मजदूर, किसान आदिको शासन) र समाजवादलाई सकेसम्म रोक्नु । यस्तो प्रणाली स्थापित भैसकेको देशको वदनाम गर्नु, शंसोधनको बाटोतर्फ लगाउनु र अन्तिममा सकिन्छ भने नष्ट गर्नु ।

नेपाली कांग्रेस पनि यस्तै सिद्धान्तमा आधारित पार्टी भएकोले यसले पनि देश वाहिर पश्चिमी र भारतीय पूँजीपतिहरूको स्वार्थरक्षा गर्दछ । देशभित्र पूँजीपति, दलाल पूँजीपति, माथिल्ला तहका यसैसंग सम्वन्धित प्रशासक र कांग्रेस पार्टी तथा यसका सदस्यहरूको मात्र स्वार्थ हेर्दै र रक्षा गर्दै राम्रो भाषण र नाराले तल्ला स्तरका जनतालाई अल्मल्याई जनताले चाहेको वास्तविक प्रजातन्त्र र समाजवाद कायम गर्नबाट रोक्छ । यसको उदाहरण नेपाली कांग्रेसले एकलौटी शासन प्राप्त गरेको ५ महिना पुग्दा नपुग्दै प्रसस्त देखा परिसकेका छन् । अन्तर्राष्ट्रिय स्तरमा पूँजीपति वर्गको सेवा पुर्‍याउने कार्य यसले धमाधम गरि रहेको छ । मूल्य बृद्धिमा यसैको साँठगाँठले ठूलो भूमिका खेलिरहेको छ । पश्चिमी पूँजीवादी शासक वर्ग आफ्नो स्वार्थ रक्षार्थ यसलाई हर तरहले मद्दत गर्दछन् । यसमा विशेष भूमिका सं. रा. अमेरिकाको छ । वास्तवमा मूल्यांङ्कन गर्ने हो भने के देखिन्छ भने सं. रा. अमेरिकाको यहाँ स्थित प्रतिनिधिहरूको इशारामा नेपाली कांग्रेसले शासन चलाई रहेको छ । २/३ महिना यता देशका विभिन्न पदमा भएका महत्वपूर्ण नियुक्तिहरूलाई केलाउने हो भने यो कुरा अझै स्पष्ट हुन्छ । यस्ता नियुक्तिहरूमा प्रायशः अमेरिकी विभिन्न नियोगसंग सम्बन्धित व्यक्तिहरू परेकाछन् । यो कारणले गर्दा नेपाली कांग्रेसकालागि धेरै वर्ष दुःख खपेका र केहीमात्रामा भएपनि जनताका दुःख बुझेका व्यक्तिहरू पछि परिसकेका छन् । यस सन्दर्भमा नेपाली कांग्रेस भित्रको अर्को समूह, जो भारतसंगको बढी निकटता चाहन्छ, पछि परिसकेको छ । नेपाली काँग्रेसकै "सर्वमान्य" समेतलाई पार्टी भित्रकै अर्को समूहले "साम्प्रदायिक" भन्न थालेको छ ।

राष्ट्रिय रूपमा नेपाली कांग्रेसले जन आन्दोलनमा सहभागी वनेका र साथ दिएका सम्पूर्ण पार्टी र जनतालाई छोडेको मात्र होईन यसैलाई नै मुख्य शत्रु मात्र थालिसकेको छ । आज उसको लागि, हिजोका पञ्च, मण्डले चाटुकार मौकेवाज, भ्रष्ट नोकरशाह, दलाल पूँजीपति वर्ग, आदि मित्र भएका छन् । उनीहरूलाई फाईदा दिने र उनीहरूबाट फाईदा लिने काम गरिरहेको छ । यस्ता उदाहरणहरू प्रशस्त पाइन्छन् । हिजोका वदनाम पञ्च र मण्डलेलाई पार्टी भित्र भित्र्याएको मात्र होइन कि पुराना इमान्दार कांग्रेसकै विरुद्धमा उभ्याउन पुगेको छ । त्यस्तै हिजोका वदनाम नोकरशाहहरूको पदोन्नति गरेको छ । परिवर्तन अनुसार सही कार्य गर्ने र गर्नुपर्छ भन्ने इमान्दार व्यक्तिलाई हर तरहले निरूत्साहित र हतोत्साहित तुल्याउने कार्यहरू योजनावद्ध किसिमले गरिदैछ । सम्पूर्ण जनता त्यसमा पनि बिशेष गरेर तल्ला स्तरका वहुसंख्यक जनतालाई प्रहार गर्नको लागि द्रुत गतिले महंगी बृद्धि गरिदैछ । महंगी वृद्धि सरकारी निस्कृयता अथवा यसको एउटा सहज गतिले मात्र भएको छैन बरू सरकारको सहयोग, साँठगाँठ र कृत्रिम तरीकाले यो भएको छ । यसरी गरीवलाई अझ गरीव मात्र होइन भोकै मर्नु पर्ने

**मार्क्सवादी सिद्धान्तमा आधारित प्रजातन्त्र र समाजबादको प्रभाव दिन पर दिन वढ्दै गयो । त्यस पछि पूँजीवादी र उच्च वर्गको व्यवस्थालाई जोगाउन उनीहरूले पनि नक्कली प्रजातन्त्र र समाजवादको सहारा लिए । यस्तो प्रजातन्त्रर समाजवादमा शासन व्यवस्था पूरानै वर्गमा रहने बन्दोबस्तको सिर्जना गरियो तर नाम भने प्रजातन्त्र र समाजबाद को दिइयो ।**

स्थितिको सिर्जना गरिएको छ । तर भाषणमा अझै गाउँमुखी वजेट ल्याएको, गरीवको व्यवस्था गर्ने योजना वनेको आदि झुठा दावा गरिन्छ । मूल्य बृद्धिले के गरीव वर्गको उत्थान हुन्छ ? मूल्य बृद्धिको ठूलो प्रहार गरीवलाई पर्छ कि धनीलाई ? काठमाडौं उपत्यकामा खोलिएका केही सरकारी "सस्तापसल" मा गरीव जनताको कस्तो भीड छ ? यसवाट के आवश्यक राहत पुगेको छ? देशको अन्य भागमा गरीव जनता बस्दैनन् ? गाउँ र गरीव जनताको भलाइ गर्ने नेपाली काग्रेसको "समाजवादी कार्यक्रम"को शुरुवात

के यही हो ? अतः यी उदाहरणवाट स्पष्ट हुन्छ कि नेपाली कांग्रेसले जनतालाई राहत दिने कार्य होईन, शोषण गर्ने, प्रहार गर्ने कार्य थालिसकेको छ ।

नेपाली कांग्रेसको सरकारले वर्तमान परिवर्तनलाई उज्वल भविष्य निर्माणार्थ सही रुपले र इमान्दारी पूर्वक प्रयोग गर्न चाहने प्रगतिशील समूहहरूलाई वदनाम र सकेसम्म नष्ट गर्ने अर्को काम पनि थालिसकेको छ । सारातिर "एकमना"को नीति अगाडि सारीरहेको छ । ठाडो खोसुवामा विशेष गरेर यस्ता कर्मचारीलाई तारो बनाइएको छ । यस प्रक्रयालाई अझै तीव्र गति दिन चिन्तन र अन्तराष्ट्रिय सहयोग जुटाउने कार्य भइ रहेको छ । राष्ट्रिय र अन्तराष्ट्रिय समाचार माध्यमलाई यस्को बिरुद्धमा खुव प्रयोग गरिइ – रहेकोछ ।

यसरी नेपाली कांग्रेसको "प्रजातान्त्रिक समाजवाद"को असली रुप दिन परे दिन स्पष्ट हुँदै जनसमक्ष देखा परिरहेको छ । नेपाली जनताले यसको राम्रो भाषण र कटु व्यवहारको स्वाद चाखिरहेका छन् । यसवाट सिद्ध भैरहेको छ कि चुनावमा घोषणा –पत्र द्वारा नेपाली कांग्रेसले जनतालाई दिएको बचनवद्धता वास्तवमा वचनवद्धता नभएर जनतालाई झुक्याउने कुटील चाल रहेछ । अब जनता आफैले यो कुटील चालवाट उम्कने उपाय सोच्नु पर्छ र सही निर्णाय लिनु पर्दछ । जनताका सही प्रतिनिधिले पनि जनतालाई सही बाटो लिन र सही निर्णय गर्न मद्दत गर्नु पर्ने हुन्छ ।

☐ डा० कृष्णवहादुर थापा: सह-प्राध्यापक त्रि० वि०, संयोजक: बुद्धिजीवी परिषद, काठमाडौं / सल्लाहकार 'झिल्को' तथा 'मूल्याङ्कन' ।

विजया दशमी तथा दीपावलीको शुभ उपलक्ष्यमा

समस्त देशवासीहरूमा

हार्दिक मंगलमय शुभ कामना!

**राजकमल स्पिनिङ्ग एण्ड विभिङ्ग मिल्स प्रा. (लि.)**

**वालाजु औद्योगिक क्षेत्र**

हाम्रा समस्त सदस्य महानुभावहरूमा दीपावलीको शुभ उपलक्ष्यमा शुभ कामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछौं ।

**धनी उपहार कार्यक्रम**

**जैसीदेबल, काठमाण्डौं**

**फोन नं. –२२०८८८**

बडा दशैं तथा दीपावलीको शुभ उपलक्ष्यमा

समस्त देशवासीहरूमा

हार्दिक मंगलमय शुभ कामना !

**बुद्धराम श्रेष्ठ**

**सरश्वती बजार, धुलिखेल**

**काभ्रे**

विशेष लेख

# नेपालमा हिन्दूकरण कहिलेदेखि र कसरी ?

प्रो० माणिक लाल श्रेष्ठ

नेपाल देशको हिन्दू धर्म तथा संस्कृतिको सम्बन्धबारे कुरा गर्दा आजकल दुई एकदमै विपरीत (र दुवै अतिवादी) विचारहरू अभिव्यक्त गरिएको बरोबर सुनिन्छ। एउटा धारणा छ–नेपाल हिन्दू राष्ट्र हो रे, वैदिक कालदेखि नै नेपाली जनताको हिन्दू (वैदिक, सनातनी र हिन्दू) धर्म र संस्कृति रही आएको छ भन्ने। यसको विपरीत दोस्रो धारणा छ–नेपाल मूलतः अहिन्दू राष्ट्र हो, प्राचीन काल र मध्य युगको शुरू सम्म पनि नेपाली जनता पूरै गैर–हिन्दू थिए, चौधौं शताब्दीमा मल्ल राजा जयस्थिति मल्लले नेपालमा वर्ण व्यवस्था लागू गरेदेखि मात्र हिन्दू धर्म संस्कृतिको प्रवेश भएको हो रे। तथ्यलाई केलाएर हेरेमा, इतिहासको राम्ररी अध्ययन गरी हेरेमा यी दुवै धारणाहरू पूरै गलत ठहरिन आउँछन्। वास्तवमा हिन्दू धर्म नेपालको प्राचीन धर्म होइन, परम्परागत रैथाने धर्म पनि होइन, हिन्दू धर्म नेपालमा बाहिरबाट प्रवेश गरेको हो अथवा बाहिरबाट पसेकाहरूले ल्याएका हुन्। यसको साथै नेपालमा त्यो ईशाको तेस्रो चौथो शताब्दीतिर नै हिन्दू धर्मले प्रवेश गरिसकेको थियो र वर्ण व्यवस्था लागू गर्ने क्रम शुरू भैसकेको थियो।

## नेपाल हिन्दू राष्ट्र होइन

एकथरी जातिवादीहरू नेपाललाई "हिन्दू राष्ट्र" भनी बारम्बार चिच्याइरहन कहिल्यै थाक्दैनन्। वर्तमान सम्विधान र पंचायती सम्विधानले नेपाललाई "हिन्दू अधिराज्य" भनी घोषणा गरेको छ। राणा शासन कालमा पनि नेपाललाई "हिन्दू राज" भनियो। पृथ्वीनारायण शाहले पनि नेपाललाई "असली हिन्दूस्थान" भन्न रुचाए। तर यी सबैले नेपाललाई "हिन्दू राज्य" मात्र बनाएका हुन्, "हिन्दू राष्ट्र" त कहिल्यै बनेन। राष्ट्रको अर्थ जनता हो। राज्य, सरकार वा राजनैतिक व्यवस्था होइन। नेपाली जनताको सबै वा कम से कम निकै ठूलो बहुसंख्या हिन्दू धर्मावलम्बी भएको भए "हिन्दू राष्ट्र" भन्न मिल्दथ्यो, तर यथार्थ यस्तो छैन।

**वास्तवमा हिन्दू धर्म नेपालको प्राचीन धर्म होइन, परम्परागत रैथाने धर्म पनि होइन, हिन्दू धर्म नेपालमा वाहिरबाट प्रवेश गरेको हो अथवा वाहिरबाट पसेकाहरूले ल्याएका हुन्।**

नेपाल बहुजातीय राष्ट्र हो। कहीं नश्लको आधारमा जाति छुट्याइन्छ, कतै धर्मको आधारमा फलानो फलानो जाति भनिन्छ। नेपालको वास्तविकतामा भने जाति छुट्याउने सबभन्दा वैज्ञानिक आधार भाषा हो। नेपालमा बोलिने भिन्न-भिन्न तीन दर्जनभन्दा बढी भाषा भएकाले छत्तीसभन्दा बढी जातिका नेपालीहरू छन्। यी विभिन्न जातिका

**नेपाली जनता सबै वा कमसे कम निकै ठूलो बहुसंख्या हिन्दू धर्मावलम्बी भएको भए हिन्दू राष्ट्र भन्न मिल्दथ्यो, तर यथार्थ यस्तो छैन।**

नेपालीहरूको साझा घर नेपाल देश हो। यो देशका नेपाली भाषाभाषीका (जसलाई उनीहरूले बोल्ने भाषा खस भाषा*को आधारमा ठीक वा गलत ढङ्गले खस जाति भनिन्छ) - जातिका मानिसहरूको धर्म हिन्दू धर्म हो। त्यस्तै तराईका मैथिली, भोजपुरी, अवधि भाषाभाषी जनतामा अधिकांश हिन्दू छन् र केही साना संख्यामा मुसलमानहरू पनि छन्। तर विभिन्न जातिमध्ये सबभन्दा बढी संख्या भएको तामाङ्ग जातिका जनता बौद्ध धर्मावलम्बी हुन्; सेर्पा, गुरूङ्ग, थकाली, मनाङ्गे गुरूङ्गहरू पनि बौद्ध धर्म मान्ने जाति हुन्; नेवार जातिमा अधिकांश बौद्ध छन् र केही हिन्दू छन्; मगरहरूले अहिले हिन्दू धर्म अपनाएका छन्, तर हिन्दू धर्म उनीहरूमाथि लादिएको हो, मूलतः उनीहरू हिन्दू होइनन्। किरातहरूको (राई, लिम्बू, सुनुवार आदिको) आफ्नै मौलिक धर्म छ, त्यो हिन्दू धर्म होइन। थारूको धर्म मिश्रित छ, उनीहरूको परम्परागत धर्म बौद्ध धर्म हो, सम्भवतः

* अहिले नेपाली भाषा भनिने भाषाको पहिलेको नाम गोरखा भाषा, पर्वते भाषा र खस भाषा थियो। यो भाषा अहिले बोल्ने ब्राम्हण आदि जातिहरू खस जाति भित्र पर्दैनन् तर उनीहरूले खस भाषा बोल्ने हुनाले यो भाषाभाषीहरू सबैलाई मोटामोटी रूपले खस जाति भनिएको हो।

**सबै नेपाली हिन्दू होइनन् र हिन्दू भन्दा गैर-हिन्दू नै बढी छन् । यस्तो स्थितिमा नेपाललाई हिन्दू राष्ट्र भन्नु घोर जातिवाद हो ।**

गौतम बुद्ध स्वयम नै थारुको एक उपजातिका थिए । यस प्रकार सम्पूर्ण नेपाली जनतालाई हेर्ने हो भने कोही हिन्दू, कोही बौद्ध र कोही मुसलमान छन् । सबै नेपाली हिन्दू होइनन् र हिन्दूभन्दा गैर-हिन्दू नै बढी छन् । यस्तो स्थितिमा नेपाललाई "हिन्दू राष्ट्र" भन्नु घोर जातिवाद हो ।

## "चार वर्ण छत्तीस जात"का नेपाली भन्ने कथन गलत

सम्पूर्ण नेपालीहरूलाई "चार वर्ण छत्तीस जात"का नेपाली भन्ने सुनिन्छ । "चार जात छत्तीस वर्ण" भन्ने गरेको पनि सुनिन्छ । जे होस् सम्पूर्ण नेपालीहरूलाई वर्ण र जातमा विभाजित गर्न खोज्नु "हिन्दू शौविनिज्म" हो । हिन्दू जातिका जनता जात र वर्ण मान्छन्, खस जाति (नेपाली भाषाभाषी) भित्र बाहुन, क्षेत्री, सार्की, दमाई, कामी आदि जात छन् । त्यस्तै हिन्दू धर्मावलम्बी अरू जातिमा पनि जात प्रथा छ । नेवार (हिन्दू तथा बौद्ध दुवै सम्प्रदायका) जातिमा जात-प्रथा छ, तर यो जातिभित्रको जात प्रथा वर्णमा आधारित होइन । मल्ल शासन-कालमा कुन कुन राज्य पद सम्हालेका व्यक्तिहरूका सन्तान हुन् त्यसमा आधारित जात छ, जसलाई साँचो अर्थमा जात भन्न पनि मिल्दैन, वर्ण त हुँदै होइन । त्यसपछि नेपाली जनताको विशाल अंश तामाङ, गुरूङ, राई, लिम्बू, दनुवार, थारु, शेर्पा, मगर, चेपाङ आदि कुनै पनि जातिभित्र वर्ण-व्यवस्था र जात-प्रथा छैन । मुसलमानहरूको धर्म इस्लाम-ले मानिस मानिसमा वर्ण र जातको ऊँच-नीच मान्दैन । यस स्थितिमा नेपाली राष्ट्रलाई "चार वर्ण" वा "छत्तीस जात" भित्र बाँध्न खोज्नु आपत्तिजनक जातिवाद हो । श्री ५ सुरेन्द्रको राज्य-कालमा प्रधानमन्त्री जङ्गबहादुर राणाले लागू गरेको मुलुकी ऐनमा विभिन्न जातिलाई नै जातमा परिणत गरी (अरू जात सरह जातिलाई पनि राखेर) बाहुन, क्षत्री, कामी, दमाई, सार्की, तामाङ्ग, गुरूङ, मगर, नेवार, राई, लिम्बु, मुसलमान आदि जातहरू पनि किटेर फेहरिस्त बनाइएको थियो । बाहुन, क्षत्री, कामी, दमाई भन्नु एक जाति

**बाहुन, क्षत्री, कामी, दमाई भन्नु एक जाति (खस जाति) भित्रका जातहरू हुन्; नेवार, गुरूङ्ग, मगर, राई, लिम्बु आदि त जात होइनन्, जाति हुन् । फेरि मुसलमान भन्नु त जात र जाति होइन, एक धर्म हो ।**

(खस जाति) भित्रका जातहरू हुन् । नेवार, गुरूङ्ग, मगर, राई, लिम्बू, आदि त जात होइनन्, जाति हुन् । फेरि मुसलमान भन्नु त जात र जाति होइन, एक धर्म हो । ती सबलाई विभिन्न जात भन्नु सबैमाथि ब्राह्मण-वाद लाद्ने साम्प्रदायिक कुकृत्य थियो, तर यही कुकृत्यलाई दिगो राख्न खोज्ने षडयन्त्रमा लागेका अतिवादी-जातिवादीहरू आज पनि छन् ।

## नेपालमा हिन्दू धर्म भन्दा बौद्ध धर्मको लामो ऐतिहासिक परम्परा

बौद्ध धर्मका प्रवर्तक गौतम बुद्ध स्वयम नै हिन्दू धर्मावलम्बी कूलमा जन्मी हिन्दू परम्परामा हुर्केर हिन्दू धर्मको विरुद्ध विद्रोह गरी बौद्ध धर्म प्रचार गरेको तथ्यको पृष्ठभूमिमा धेरै मानिसहरू बुद्धले हिन्दूहरूलाई बौद्ध धर्ममा परिवर्तन गरेका हुन् र त्यसकारण आजका बौद्धहरू पनि शुरूमा हिन्दू थिए भनी तर्क दिई हिन्दू धर्मको लामो परम्परा देखाउन खोज्छन् । तर यो कुरा भारतको लागि सत्य भए पनि नेपालको हकमा मिल्न आउँदैन । बरु नेपालको पूर्वी कोशी क्षेत्र र पूर्वी तराईका केही भूभाग बाहेक अरू ठाउँमा हिन्दू धर्मभन्दा बौद्ध धर्मको पहिले प्रवेश भएको देखिन्छ ।

नेपाल गौतम-बुद्धको जन्म-भूमि (लुम्बिनी जन्म स्थल), गौतम बुद्धका पिता सुद्धोधनको जन्म-भूमि (जन्म स्थल कपिलवस्तु), गौतमकी माता महामायाको जन्म-स्थल देवदह (कोल्लियहरूको राज्य देवदह, श्री र्‍हिस डेविड्स्का अनुसार हिमालयको फेदीमा रहेको राज्य, बौद्ध जातक अट्टकथाका अनुसार कपिलवस्तुबाट उत्तरतिर पर्ने र चिनियाँ यात्री ह्वेन शाङ्का अनुसार कपिलवस्तुबाट पचास ली अर्थात माइल उत्तरपूर्व-तिर पर्ने) पनि नेपालभित्र परेको कुराले नेपालको बौद्ध-परम्परा स्पष्टै देखाउँछ । त्यसै गरी गौतम बुद्ध भन्दा पहिलेका बुद्धहरूमध्ये कनक-मुनिको वासस्थान वर्तमान निग्लिहवा



**नेपालमा बौद्धहरूको प्रवेश पहिले कि हिन्दूहरूको पहिले ?**



लेखक

नजीकै निग्लिसागर दहसंगै सोभित-राम नामक कुटी भएको तथ्य, परम्परागत विश्वास अनुसार विपश्वी बुद्धको अस्थि गाडिएको ठाउँ स्वयम्भू चैत्य र शिखि बुद्धको समाधि काठमाडौं नजीक फर्पिङ्गमा पछि बनेको शेष (शिखि) नारायणको मन्दिरसंगै रहेको कुराले बौद्ध धर्म र परम्परासित नेपालको अभिन्न सम्बन्ध देखाउँछ ।

## पाटन र काठमाडौं शहरको निर्माण बौद्ध परम्परामा

पाटन शहर विहारै विहारले भरिएको र बौद्ध दर्शनको अध्ययन-केन्द्रको रूपमा रहेको तथ्यको साथै शहरका चार कुनामा चारवटा थूर-हरू रहेको कुराबाट पाटन शहर नै बौद्ध स्थापत्य-परम्परामा निर्माण भएको देखिन्छ । भारतका बौद्ध शहरहरू– पाटलीपुत्र, वैशाली, राज गृह र श्रावस्तिमा पनि शहरका चार कुनामा यस्तै थूरहरू रहेको कुरा श्री डी. एल्. स्नेलग्रोवले औंल्याउनु भएको छ। त्यसै गरी काठमाडौं नगरको निर्माणबारे विचार गर्दा इन्द्र जात्राको केही दिन अगाडि भाद्र शुक्लको दिन नगर परिक्रमा गर्ने परम्पराको विशेष अर्थ देखिन्छ । त्यस नगर परिक्रमाको त्यो मार्गको नक्सा खिचेर हेरेमा एक बौद्ध – स्तुपको आकार बन्दछ ।

परिक्रमा गर्ने यात्रालाई "उपकू-हुले" भनिने चलन छ, जसको अर्थ हुन्छ– मूल नगरको परिधिको परिक्रमा । परिक्रमाको त्यो मार्ग– मरू टोल, प्याफल, यटखा, टेङ्गल, क्षेत्रपाटी, ठहिटी, ज्याठा, छुस्यावहाल, कमलाक्षी, भोटाहिटी, महाबौद्ध, दुगमबहिल, धरहरा, गणबहाल,लगन, ब्रम्हटोल, कोहिटी, भीमसेनस्थान र मरु टोलको मार्गको नक्सा खिचेर हेरेमा एक बौद्ध-स्तुपको आकार बन्दछ । निश्चय पनि काठमाडौं नगर बौद्ध परम्परा अनुसार स्तुपको आकारमा निर्माण गरिएको हो ।

## नेपालका सबभन्दा प्राचीन स्मारक र अभिलेखहरू बौध्द-मूलका

नेपालका सबभन्दा प्राचीन स्मारकहरू सबै नै हिन्दू धर्मसित सम्बन्धित होइन, बौद्ध धर्म र संस्कृतिसित सम्बन्धित छन् । अहिले सम्म बाँकी रहेका स्मारक वा मन्दिरहरूमध्ये सबभन्दा पुराना पाटनका चारवटा थूरहरू, साँखुको गुम बिहार, चाबहिलको धंदो चैत्य सबै बौद्ध धर्मसित सम्बन्धित छन् । अभिलेखहरू हेरेमा पनि सबभन्दा पुराना दुईवटा अभिलेखहरू(लुम्बिनी-को अशोक-स्तम्भमा रहेको अभिलेख र निग्लिहवाको अशोकको अभिलेख) बौद्ध धर्मसित सम्बन्धित छन् । विदेशी राजाले खडा गरेको अभिलेख-लाई नगनी देशभित्रकै मानिसहरू-द्वारा स्थापित अभिलेखहरूमध्ये सबभन्दा पुरानो चाबहिल स्थित अभिलेख*मा एकजना महिलाले भगबान बुद्धको पूजा र बौद्ध भिक्षुहरूलाई भोजन गराउनको लागि गुठी स्थापना गरेको कुरा उल्लेख छ र त्यही चैत्य-मा धन्दो चैत्य (चाबहिलको स्तुप) को वर्णन छ ।

## प्राचीन नेपालमा बौद्धधर्मको बाहुल्य

स्नेलग्रोवका अनुसार ईश्वी सम्बत शुरू हुनुभन्दा पहिले प्राचीन नेपालमा बौद्ध जनसंख्या थियो । अभिलेखहरूकै प्रामाणिक तथ्यमाथि विचार गर्दा ईशाको सातौं शताब्दीको शुरूको अंशुवर्माको हाँडीगाउँ स्थित (सन् ६०८ को) अभिलेखमा विभिन्न मन्दिर बिहारहरूलाई राज्यबाट दिइने भाग छुट्टयाएको फेहरिस्त दिइएको छ। लोकमा प्रसिद्धी, लोक-प्रियता र भक्तजनहरू जाने संख्याको आधारमा वर्गीकरण गरिएको त्यस अभिलेखमा विशिष्ट श्रेणीमा ७ वटा लाई राखिएको छ, जसलाई सबभन्दा बढी रकम प्रदान गरिएको छ । ती हुन्-भगवान् पशुपतिनाथ,दोलाशिखर-स्वामी (चांगु नारायण), गुंबिहार, श्रीमानविहार, श्रीराजविहार, खर्जु-रिकाविहार र मध्यमविहार, अर्थात एउटा शैव मन्दिर, एउटा वैष्णव मन्दिर र पाँचवटा बौद्ध विहार । यसबाट त्यसबेला हिन्दूभन्दा बौद्ध-हरूको संख्या धेरै भएको स्पष्ट हुन्छ।

## लिच्छवी कालको शुरूतिर हिन्दू धर्मको प्रवेश

प्राचीन कालमा नेपालमा बौद्ध जनसंख्या अधिक भएको सिद्ध हुन्छ, तर नेपालमा वर्ण व्यवस्था नै चौधौं शताब्दीमा मात्र शुरू भयो भन्ने धारणा र एघारौं बाह्रौं शताब्दीतिर भारतबाट शरणार्थीका रूपमा नेपाल पसेकाहरूबाट मात्र हिन्दू धर्म र वर्ण

* मिति पनि बांकी रहेको सबभन्दा पूरानो अभिलेख "सम्बत ३८६" (सन् ४६४ वा वि. सं. ५२१)को राजा मानदेवद्वारा स्थापित चांगु अभिलेख हो । तर मिति फुटेर पढ्न नसकिने भएतापनि अहिलेसम्म प्राप्त अभिलेखहरूमध्ये सबभन्दा पुरानो र राजा मानदेवका बराजु बृषदेवको पालाको अभिलेख यो हो ।

व्यवस्थाको प्रवेश नेपालमा भयो भन्ने कुरा पनि सत्य होइन । यो भन्दा धेरै पहिले लिच्छवी शासन कालको शुरुतिर नै नेपालमा हिन्दू धर्माव-लम्बीहरू प्रशस्त भैसकेका र लिच्छवी राजाहरूले अनेक प्रयत्न गरी नेपाली समाजमा वर्ण-व्यवस्था लागू गर्न खोजेका थिए । स्वयंम लिच्छवीहरू मूल-भूमि वैशालीमा रहेको बेला (बुद्धको समयमा) बौद्ध भएता पनि नेपालमा पसेको बेला वा पसिसकेपछि धेरै जसोले हिन्दू धम अपनाइसकेका थिए। लिच्छवी राजाहरूमध्ये वृषदेव एकजना मात्र बौद्ध धर्मावलम्बी भएको देखिन्छ, अरू धेरैजसो शैव मतका थिए ।

> नेपालका गैर-हिन्दू जातिका जनतामाथि वर्ण-व्यवस्था लाद्ने र हिन्दूकरण गर्ने कार्य एघारौं-बाह्रौं शताब्दी पछि होइन,छैठौं शताब्दीभन्दा पहिले नै गरिसकेको कुरा स्पष्ट हुन्छ ।

ईशाको छैठौं शताब्दीको शुरुतिर सन् ५०६ को थानकोट स्थित लिच्छवी राजा वसन्त देवको अभिलेखको शुरूमा वसन्तदेवबाट "जय पल्लिका गाउँका ब्राम्हण लगायत··· गाउँका अठारै जातका गृहस्थीहरूलाई कुशल मङ्गल" सोधी आज्ञा प्रसार गरिएको छ (अभिलेख नं नोली १२, धनवज्र २२) । यसबाट त्यसबेला नेपालमा ब्राम्हणहरू पसिसकेको मात्र होइन, विभिन्न जात जातिमा ब्राम्हणको नाम सवभन्दा पहिले लिने बाहुनहरूको प्रभूत्व भइसकेको वा हिन्दू राजाहरूले दिइसकेको देखिन्छ, साथै विभिन्न जातिहरू लाई जातमा समावेश गर्ने ब्राम्हणवादी प्रचलन शुरु भइसकेको देखिन्छ। अभिलेखमा उल्लिखित 'अष्टादशप्रकृति' को अर्थ अठार जातिका वा प्रकारका भन्ने आउँछ । लिच्छवी राजाहरूले नेपाली समाजलाई वर्ण–व्यवस्था अन्तर्गत चार वर्णमा समावेश गर्न खोजेको तर गैर-हिन्दू र वर्ण व्यवस्थामा नअटाउने जातिलाई अलग्गै अठार जात भन्ने गरेको देखिन्छ । लिच्छवी राजाहरूले क्रमिक रूपले सबै जातिलाई वर्ण विभाजनभित्र समावेश गर्न खोजेको तथ्यवाट नेपालमा वर्ण-व्यवस्था स्थापना गर्ने पहिलो राजा मल्ल राजा जयस्थिति मल्ल नभई लिच्छवी राजाहरू थिए भन्ने थाहा हुन्छ । साथै नेपालका गैर-हिन्दू जातिका जनतमाथि वर्ण-व्यवस्था लाद्ने र हिन्दूकरण गर्ने कार्य एघारौं बाह्रौं शताब्दीपछि होइन,छैठौं शताब्दीभन्दा पहिले नै गरिसकिएको कुरा स्पष्ट हुन्छ । तर वसन्तदेवकै सन् ५१२ को टिस्टुङ स्थित अभिलेखमा 'तेस्टुङ गाउँ निवासी प्रधान(मुखिया) लग।यत सबै गृहस्थीहरुलाई' भनी सम्वोधन गरिएको 'ब्राम्हण' शब्द वा 'अरू जातहरू' भन्ने शब्दहरू नभएकाले टिस्टुङका जनतालाई गैर-हिन्दू तथा वर्ण व्यवस्थाभित्र ल्याइनसकेको देखिन्छ । वसन्तदेवकै चौकिटारस्थित सन् ५३२ को अभिलेख र अरू धेरै अभिलेखहरूमा 'ब्राम्हण लगायत सबै गृहस्थी' भनी सम्वोधन गरिएको देखिन्छ भने कुनै कुनै अभिलेखमा(सीतापाइलाको सन् ५०८ लगायतमा) 'गाउँका वासिन्दाहरूलाई' भनी सम्वोधन गरिएको छ । त्यसबेला विभिन्न बस्तीहरूमा ब्राम्हणहरू तथा हिन्दूधर्मावलम्वी वर्ण व्यवस्था मान्ने जातिहरूको बसोबास नेपालमा भइसकेको देखिन्छ ।

## लिच्छवीकालमा वर्ण व्यवस्था लागू गर्ने प्रयत्न

माथि भनिए झैं नेपालमा लिच्छवी शासन कालको शुरुतिर नै, कम से कम इशाको पाँचौ शताब्दीसम्ममा प्रशस्त हिन्दू धर्मावलम्वीहरू प्रवेश गरिसकेको देखिन्छ । साथै लिच्छवी राजाहरू र लिच्छवीकालका शासक–हरुले सम्पूर्ण नेपाली समाजलाई नै वर्ण व्यवस्था अन्तर्गत राख्ने (अर्थात अर्को शब्दमा नेपालका गैर हिन्दू जाति समेतमाथि वर्ण व्यवस्था लाद्ने) वा नेपाली समाजलाई हिन्दूकरण गर्न हरसम्भव उपाय अपनाए । यो काम (नेपाली समाजमा वर्ण व्यवस्था र हिन्दू धर्म लाद्ने काम) कुनै शासकले गैर हिन्दू धर्मप्रति द्वेषको भावना लिई जबजस्ती हिन्दूकरण गर्न खोजे भने कुनै शासकले सुक्ष्म रूपले नरम तरीकाले जनतालाई हिन्दू धर्म र वर्ण

> अनेकौं अभिलेखहरूमा तिनी आफ्नो नामको प्रशस्तिमा नै वर्णव्यवस्थाका पक्षपाती देखाउने शब्दहरू जोड्न गौरव मान्दथे ।

व्यवस्था लिन प्रेरित गरे । सम्भवतः वृषदेव जस्ता बौद्ध धर्मावलम्वी राजाको पालामा मात्र यस्तो भएन होला। 'धार्मिक सहिष्णुता भएका' 'सबै धर्म प्रति समान व्यवहार गर्ने' शासक भनी एक थरी 'इतिहासकार' हरूले प्रशंसा गरेर नथाकेका लिच्छवीकालीन शासक अंशुवर्माले पनि वर्ण व्यवस्था लागू गर्न अथक प्रयत्न गरेका थिए। अनेकौं अभिलेखहरूमा तिनी आफ्नो नामको प्रशस्तिमा नै वर्णव्यवस्थाका पक्षपाती देखाउने शब्दहरू जोड्न गौरव मान्दथे। टिस्टुङमा प्राप्त र टिस्टुङ नजीकै भटुवालमा प्राप्त दुईवटा अभिलेख (सन् ६०७ को)मा अंशुवर्माले आफ्नो प्रशस्तिमा नै 'अनतिवृत्तार्यमर्यादासेतु' भन्ने शब्दहरू जोडी आफूलाई 'आर्य मर्यादा (वर्ण व्यवस्था) उल्लंघन हुन नदिने' भनी वर्णन गरेको पाइन्छ ।

वर्ण व्यवस्थाको नियम विपरीत

काम गर्ने 'अपराध' लाई हेर्ने एक ब्राम्हण पण्डितको इजलास 'भट्टाधिकरण' ले मुद्दा हेर्ने व्यवस्था लिच्छवीकालमा थियो । बूगायूमी (बुङ्गमती) गाउँमा भट्टाधिकरण लगायतले मुद्दा नहेर्नु भनी उक्त गाउँबाट भट्टाधिकरणको नियन्त्रण झिक्दा वर्ण व्यवस्थाको नियम (धर्म) उल्लंघन हुन जाला भनी अंशुवर्मालाई विशेष चिन्ता लागेको थियो, धर्म शंकरका मुद्दाहरू उठेमा (धर्म शंकरको अर्थ प्रत्येक वर्णको धर्म वा कर्तव्य विपरीतका काम हुन गएमा) त्यस्ता मुद्दा राज दरवार आफैले हेर्नेछ भन्ने फरमान अंशुवर्माले बुङ्गमती अभिलेख (सन् ६०५) मा जारी गरेका थिए। नेपाली समाजमा वर्ण व्यवस्था दृढतासाथ लागू गर्न अंशुवर्मा कति तल्लीन थिए भन्ने कुरा यसबाट देखिन्छ। अंशुवर्माभन्दा पहिलेका कैयौं शासकहरुले आफूलाई 'वर्ण व्यवस्था कसरी कायम गर्ने भनी चिन्ता लिइरहने व्यक्ति' भनी वर्णन गरेको पनि देखिन्छ । लिच्छवी दरवारका सामन्त भारदार गुप्त परिवारका एक व्यक्ति अनुपरम (भौम गुप्तका बाबु) को हाँडीगाउँ सत्य नारायण मन्दिर स्थित अभिलेखमा ✶ (इशाको छैठौं शताब्दीको अघिल्लो अवधितिरको) अनुपरमले हिन्दू आदर्शको प्रशंसा, वेदान्तको प्रचार गरेको मात्र होइन, बौद्ध धर्मप्रति द्वेष गरी बौद्ध धर्मावलम्वीहरूलाई 'नास्तिक, कुतार्किक, मूर्ख, कुमति' आदि शब्दले निन्दा पनि गरेका छन् । लिच्छवी कालको एक लामो अवधिसम्म ठूलो शक्ति लिई शासन गरेका गुप्तहरू हिन्दू धर्म संस्कृति र वर्ण व्यवस्था लाद्न तथा अरू धर्मको विरोध गर्न कत्तिको धर्मान्ध थिए भन्ने कुरा त यसबाट पनि स्पष्ट हुन्छ । गुप्त शासकहरूको तुलनामा मात्र अंशुवर्मा उदार देखिएको र तिनको शासन कालमा गुप्तहरूको धार्मिक दमन नीति नलिएको मात्र हो (जसको कारण फर्पिङ्ग अभिलेखमा बौद्ध भिक्षुहरूद्वारा अंशुवर्मालाई धार्मिक दमन सहनु परेकालाई त्राण दिने व्यक्तिको रूपमा 'गुणको द्वेष गर्ने कलि कालका राजाहरूले संधै पीडा दिइरहेको यस लोकलाई 'सुखदिने' भनी प्रशंसा गरिएको छ।) तर तिनले पनि वर्णव्यवस्था लागू गर्ने र हिन्दूकरण गर्ने उत्साह त्यागेका थिएनन् । अंशुवर्मापछिका राजा उदयदेव धेरै काल गद्दीमा रहन पाएनन्, तिनका मन्त्री जिष्णु गुप्तबाट धपिएर तिब्बत भाग्नु पर्‍यो, उदयदेवकी छोरी भृकुटी बौद्ध थिइन्, उदयदेवका छोरा नरेन्द्रदेव पनि बौद्ध धर्मावलम्वी नै थिए वा बौद्ध धर्मप्रति श्रद्धा राख्ने थिए। तर उनीहरू तिब्बत रहुन्जेल (सन ६२२ देखि ६४३ सम्म) गुप्त शासकहरूले नेपाली समाजको हिन्दूकरण गर्न सम्पूर्ण शक्ति लगाएका थिए । सन् ६४३ मा राजा नरेन्द्रदेवले नेपालमा आई फेरि लिच्छवी राजगद्दी कब्जा गरेर३६/३७ वर्ष लामो समयसम्म राज्य गर्दा यो हिन्दूकरणको प्रक्रिया त्यति चलाएका थिएनन्, यसको कारण नरेन्द्रदेवमा त्यस्तो इच्छा नभएको मात्र होइन, त्यसको आवश्यकता पनि रहेन, किनभने त्यस बेलासम्म हिन्दूकरणको प्रक्रिया मजबूत भइसकेको थियो, नेपालमा वर्ण व्यवस्था बलियोसित लागू भइसकेको थियो ।

## सातौं शताब्दीको अन्त – सम्ममा वर्ण– व्यवस्था पूर्ण लागू

नरेन्द्रदेवका छोरा लिच्छवी राजा द्वितीयको राज्य–कालसम्ममा नेपाली

**देशको ऐन कानूनलाई हिन्दू धर्मशास्त्रमा आधारित कानून तुल्याउँदै लग्ने काम जोडतोडले अगाडि बढाउने काम गुप्त शासकहरूले गरे।**

समाजमा वर्ण – व्यवस्था लागू गर्ने काम पूरा भईसकेको देखिन्छ। देशका सम्पूर्ण जनताले हिन्दू धर्म नअपनाए पनि हिन्दू र गैर हिन्दू सबै जातिलाई वर्ण व्यवस्था अन्तर्गत लिने (सरकारी नियम ऐन कानूनमा) प्रथा बसिसकेको थियो । राजा शिवदेवले आफूलाई सुनागुठीको भृङ्गारेश्वर महादेव स्थानको अभिलेखमा (सन् ६९७) 'विहितवर्णाश्रमस्थिति' (वर्णाश्रमको स्थिति बन्देज राम्ररी बाँधेका) भनी तथा बलम्बुको अभिलेखमा (सन्७०५) 'सभ्याग्विरचितसकलवर्णाश्रमिव्यवस्थ' (वर्णाश्रमको सबै व्यवस्था पूर्ण रूपले लागू गरेका) भनी वर्णन गरेका छन् ।

त्यस बेलासम्म नेपालको सम्पूर्ण ऐन कानून पनि हिन्दू धर्मशास्त्रमा आधारित तुल्याइसकिएको थियो। देशको ऐन कानूनलाई हिन्दू धर्मशास्त्रमा आधारित तुल्याउँदै जोडतोडले अगाडि बढाउने काम गुप्त शासकहरूले (खास गरी सन् ६२२-६४३ को अवधिमा) गरेको कुरा माथि उल्लेख छ । यस अवधिका एक जना शासक विष्णु गुप्तको मालिगाउँ स्थित अभिलेख (सन् ६३३) विशेष उल्लेखनीय छ । हिन्दू धर्म अनुसार विवाह, खास गरी स्वानीमानिसको लागि जीवन भरिको लागि हुन्छ, कुनै अवस्थामा पनि लोग्नेसित सम्बन्ध विच्छेद गर्न पाइदैन, लोग्ने मरेको विधवाको पुनर्विवाहलाई पनि हिन्दू धर्मले मान्यता दिंदैन । तर नेपालका जनजातिहरूमा वा देशको बहुसंख्या ओगटेका गैर हिन्दू जातिहरूमा जातीय चलन परम्परा अनुसार विधवाको

✶ अभिलेखको मिति फुटेर पढ्न नसकिने भइसकेको छ, तर अनुपरमको मृत्यु सन् ५४० मा भएको देखिएकोले यो अभिलेख छैठौं शताब्दीको अघिल्लो अवधितिरको हो ।

पुनर्विवाह हुन सक्छ, पहिलो लोग्ने–सित सम्बन्ध विच्छेद गरी स्वास्नी पोइल जान पनि सक्दछे तैपनि स–न्तान भइसकेका महिलाहरूका लागि दोश्रो विवाह सम्भव भए पनि त्यति धेरै प्रचलित थिएन । जातीय परम्पराले दिएको प्रथालाई विष्णु गुप्तले रोक्ने आँट गर्न सकेनन्, तर त्यसलाई नियन्त्रण गरी हिन्दू कानून लाद्ने उद्देश्यले तिनले 'त्यस्तो दोश्रो विवाह गरेका तर निःसन्तान भएका स्वास्नी मानिसहरूमाथि माप्चोक अधिकरणको कानून लगाउने र तिनीहरूको शेषपछि तिनीहरूको सम्पत्ति माप्चोकका बृत्तिवाला (जागीरदार)ले लिनू' भन्ने नियम बनाइदिए ।

**तथाकथित सबै धर्मप्रति समान भाव राख्ने भन्ने अंशुवर्मा लगायत लिच्छवी राजाहरू तथा लिच्छवीकालीन शासकहरूले हिन्दूकरणको प्रक्रियालाई निकै अगाडि बढाएका थिए ।**

लिच्छवीकालको शुरूमा शायद त्यो भन्दा पहिलेदेखि आएको कुथेर, लिङ्ग्वल, शोल्ल र माप्चोक चारवटा अधिकरण (प्रशासकीय अड्डा र न्यायिक तथा अर्ध-न्यायिक अदालत) विद्यमान थिए । लिच्छवी राजाहरू र लिच्छवीकालीन शासकहरूले अरू अधिकरणहरू थप्दै गए, हिन्दू धर्मशास्त्रमा आधारित कानून लागू गरिएपछि धार्मिक मुद्दा मामिला हेर्नु पनि आवश्यक भयो र भट्ट (ब्राम्हण पण्डित) अधिकारी रहने भट्टाधिकरणको पनि गठन भयो ।

राजा शिवदेवको अनुमति लिएर महासामन्त अंशुवर्माले सनद गरिदिएको कुरा उल्लिखित लेलेस्थित अभिलेख (सन् ६०४) मा सरकार–बाट विभिन्न गोष्ठी (गुठी) हरूलाई गुठी चलाउन आयस्ताको लागि जग्गा प्रदान गरेको फेहरिस्तमा प्रदीप गोष्ठी (बत्ती बाल्ने गुठी), पानीय गोष्ठी (पानी खुवाउने गुठी), प्रणाली गोष्ठी (खाने पानीको धाराको व्यवस्था गर्ने गुठी), प्रवहण गोष्ठी (यातायातका साधनको प्रबन्ध गर्ने गुठी) आरोग्यशाला (औषधालय) मल्लयुद्ध गोष्ठी (पहलमान लडाउने मनोरञ्जनको व्यवस्था गर्ने गुठी) जस्ता लौकिक जीवनसित सम्बन्धित गुठीको साथै केही धार्मिक र वर्गीय गुठीहरूलाई जग्गा प्रदान गरिएको देखिन्छ, तर त्यसमा भगवान वासुदेव ब्राम्हण गोष्ठी, ब्राम्हणसानात्थ्य गोष्ठी जस्ता ब्राम्हणहरुको गुठी मात्र देखिन्छन् । राजा शिवदेवको समयमा अंशुवर्माको प्रशासनमा प्रभाव भए देखि नै तिनले हिन्दूकरणको प्रक्रियालाई प्रोत्साहन गर्न शुरू गरेको स्पष्ट छ ।

जे होस् तथाकथित 'सबै धर्मप्रति समान भाव राख्ने' भन्ने अंशुवर्मा लगायत लिच्छवी राजाहरू तथा लिच्छवीकालीन शासकहरूले हिन्दूकरणको प्रक्रियालाई निकै अगाडि बढाएका थिए ।

## मल्ल शासनकालमा हिन्दूकरणको नीति

हिन्दूकरणको यो नीति अन्तर्गत नै चौधौं शताब्दीमा राजा जयस्थिति मल्लले 'मानव न्याय शास्त्र'को नाममा हिन्दू धर्मशास्त्रमा आधारित कानून बनाई नेपालका हिन्दू तथा गैर हिन्दू सबै जनतामाथि समान रूपले हिन्दू कानून लादेका थिए। खास गरी विभिन्न वर्ण र वर्ण अर्न्तगत जात जाति राखेर तिनीहरूले गर्ने काम सम्बन्धी स्थिति बन्देज, समाजमा विभिन्न जातिको स्थिति, उनीहरूले गर्नुपर्ने कर्तब्य, परिवारभित्र लोग्ने स्वास्नीको सम्बन्ध, घर मूलीको स्थिति र अधिकार जस्ता पारिवारिक कानूनका नियमहरू, सम्पत्तिमाथि अधिकार आदि सबै कुरामा जयस्थिति मल्लले हिन्दू धर्मशास्त्रमा आधारित कानून बनाई लागू गरेका थिए ।

मल्ल शासनकालभरि यही हिन्दूकरणको प्रक्रिया झन झन बढ्दै गयो, मल्लहरूको केन्द्रिय शासन–कमजोर भएर केही शताब्दीसम्म नेपाल छिन्न भिन्न र विभाजित भएर अनेक स्वतन्त्र राज्यमा विभाजित हुँदा तीन वटा मल्ल राज्यहरूमध्ये पाटनमा र पाटन राजधानी भएको राज्य-क्षेत्रभरि नै बौद्धहरूको जनसंख्या अत्यधिक भएकोले त्यो एक ठाउँमा हिन्दूकरण-प्रक्रिया त्यति चर्को हुन सकेन, नत्र भक्तपुर राजधानी रहेको राज्य र कान्तिपुरलाई राजधानी बनाएको दुबै मल्ल-राज्यहरूमा हिन्दूधर्म र संस्कृति लाद्ने काम जोडतोडले भयो ।

## अरु हिन्दू राजाहरूद्वारा हिन्दूकरणको कार्य

मल्ल राज्यहरूमा मात्र होइन, राजा हिन्दू रहेका सबै राज्यहरूमा गैरहिन्दू जातिहरुलाई हिन्दूकरण गर्ने, प्रत्यक्ष रुपले हिन्दू धर्म नै लिन लगाउन नसके पनि हिन्दू रीतिरीवाज, हिन्दू संस्कृति र हिन्दू ऐन कानून अन्तर्गत राख्ने काम सर्वत्र गरियो । विभिन्न जनजातिहरूमा प्रमुखहरू र नेताहरूलाई हिन्दूत्व ग्रहण गर्न लगाई हिन्दू वर्ण व्यवस्था भित्रका जातहरू दिने काम भयो । गोरखाका गणेश पाण्डे र नारायण अर्यालले गोरखामा एउटा बलियो राज्य कायम गर्न लगाउने र त्यस राजालाई क्षेत्रीय (ठकुरी) बनाउने र हिन्दू आदर्श अनुसार

**विभिन्न जनजातिहरूमा प्रमुखहरू र नेताहरूलाई हिन्दूत्व ग्रहण गर्न लगाई हिन्दू वर्ण व्यवस्था भित्रका जातहरू दिने काम भयो ।**

# अ र हं



बुद्धको देश 'हिन्दू राष्ट्र'

राज्य–संचालन गर्न लगाउने अनेक योजना बनाई गोरखा – राज्य र शाह-वंशको स्थापना गर्न सफल भए। द्रव्य शाहको शासन कायम भए पछि त्यहाँका गैर हिन्दू जनजातिहरू, खास गरी मगरहरूलाई, हिन्दूकरण गर्ने, हिन्दू वर्ण व्यवस्था अन्तर्गत ल्याउने मात्र होइन, हिन्दू धर्म नै ग्रहण गराउने कार्य जोडतोडले भयो, जसको फलस्वरुप मगरहरूको मूल–धर्म अर्कै भएतापनि आज उनीहरू हिन्दू जस्ता देखिसकेका छन् ।

## राम शाह र पृथ्वीनारायण शाहको हिन्दूकरणका नीति

क्रमशः कान्तिपुर, ललितपुर र भक्तपुरलाई राजधानी बनाएर रहेका तीन वटा मल्ल राज्यहरूमा लिखित कानून अनुसार न्याय दिने काम भइरहे झैं गोरखामा पनि लिखित ऐन (वा कोड) बनाउने र ऐन कानून–लाई समय सुहाउँदो तुल्याउने न्याय निसाफ राम्ररी दिने भन्ने घोषित उद्देश्यले गोरखाका राजा राम शाहले लागू गरेको कानून र न्याय–व्यवस्था पनि पूर्ण रुपले हिन्दू धर्मशास्त्रमा आधारित थियो र मगर तथा अरु जन जातिहरूलाई हिन्दू रीतिस्थिति, हिन्दू संस्कृति र हिन्दू न्याय–विधान अन्तर्गत त्याई पूर्ण रुपले हिन्दूकरण गर्ने कार्यमा राम शाहको कानूनको पनि ठूलो भूमिका थियो ।

हिन्दू आदर्श र धर्म संस्कृतिमा पृथ्वी नारायण शाहको अटल अस्था थियो र आफूमात्र होइन आफ्ना प्रजाहरू सबै पनि यही आदर्श र व्यवस्थामा ढालिनुपर्दछ भन्ने उनको धारणा थियो । राम शाहको कानून र जय स्थिति मल्लको कानून अनुसार तिनले आफ्नो राज्यभर नियमहरू लागू गरे, नयाँ जितेका इलाकाका गैर–हिन्दू जनजातिमा हिन्दू –रीतिस्थिति लागू गर्ने र हिन्दू धार्मिक कानून अन्तर्गत राख्ने तिनको नीति थियो । तिनले काठमाण्डौं–विजय गरे पछि काठमाण्डौंका इशाई नेवारहरू सबैलाई देश-निकाला गरे । (त्यस बेला नेवार जातिमा हिन्दू, बौद्ध मुसलमान र इशाई चारै धर्मावलम्वीहरू थिए, क्रिश्चियनहरू देश निकाला भए पछि र नेवार मुसलमानहरू अरू जातिका मुसलमानहरूमा विलीन भएपछि अब नेवारमा हिन्दू र बौद्धहरू मात्र बाँकी छन्।) इशाईहरूको देश निकालाको कार्यलाई राजनैतिक कारण देखाई पश्चिमी साम्राज्यवादी मुलुकहरूको प्रभाव रोक्न गरिएको भनी व्याख्या गर्ने "इतिहासकार"हरू पनि छन्, तर मिस्सनरी पादरीहरू मात्र होइन, आफ्नो देशका सम्पूर्ण इशाई जनता-(बूढाबूढी केटाकेटी सबै लगायत) लाई देश निकाला गरिएकोमा धार्मिक कट्टरता पनि एक कारण थियो । पृथ्वी नारायण शाहले, आफ्नो राज्यलाई " गोरक्ष स्थल" र "असली हिन्दूस्थान" भनेर पनि घोषणा गरेको कुरा स्मरणीय छ ।

## हिन्दूकरणको नीति अद्यावधि कायम

हिन्दूकरणको नीतिलाई उत्साह साथ लागू गर्नको साथै अरू धर्म संस्कृतिलाई दमन गरी लोप नै गर्न राणा शासनले खोजेको कुरा त हाम्रो अगाडिकै वर्तमान इतिहास हो। लामा धर्म–प्रचारक र बौद्ध भिक्षुहरूलाई देश निकाला र "बाहुनलाई नढोगेको अपराध"मा सजाय दिएका घटनाहरू समेत हाम्रो सामु छ । राणा –शासनका संस्थापक जङ्गवहादुरले तयार गराई लागू गरेको पांच भाग ऐनको मुख्य उद्देश्य नै सबै जातिका जनतामाथि हिन्दू धर्मशास्त्रका आदर्श लागू गर्ने र हिन्दू – कानून समान रुपले लागू गर्ने घोषित उद्देश्य ऐन लागू गर्दाको इस्तिहारबाटै स्पष्ट छ ।

अरु कुरा छोडौं, वर्तमान मुलुकी ऐन पनि हिन्दू धर्म शास्त्रमै आधारित छ । यसको प्रस्तावनामा नै १९१० साल पौष बदी ७ देखि चलि आएको ऐनमा समय समयमा भएको थपघट–लाई पनि एकत्रित गरिएको र अरु पनि आवश्यक संशोधन गरिएको भनी भनिएको छ । नेपालका हिन्दू, गैर हिन्दू सबै जनतामा "युनिवर्सल" रुपले लागू हुने "एक रुपता" दिने नाममा हिन्दू कानून लादिएको ज्वलन्त उदाहरण नयाँ मुलुकी ऐन हो । हिन्दूकरणको नीतिलाई अगाडी बढाउने र सबैमाथि हिन्दूत्व लाद्ने नीतिको अभिव्यक्ति आजको नयाँ सम्विधान र वर्तमान मुलुकी ऐन पनि हो ।

□ माणिकलाल श्रेष्ठः प्राध्यापक
त्रि० वि० वि० / प्रतिष्ठित
वामपन्थी बुद्धिजीवी

समस्या र दृष्टिकोण

# नेपाली अर्थतन्त्रमा घरेलु तथा साना उद्योग: समस्या र सम्भावनाहरू

स्नेह सायमि

एकानब्बे प्रतिशत नेपाली जनताहरू कृषिमै आधारित रहेको कारणले नेपाली अर्थतन्त्रमा कृषि क्षेत्र–को भूमिका अत्यन्तै महत्वपूर्ण छ।तर कृषि योग्य भूमिको सीमितता, कृषि–मा उत्पादकत्वको सीमा, सिंचाइको अव्यवस्था, वीउ-विजन र तालिमको अभाव आदि कारणले कृषिमा निर्भर रहेका जनताहरू दिनानुदिन गरीब हुँदै गइरहेको तथा कृषिको उत्पादकत्व ६५ प्रतिशतले घटेको कारणले नेपाली जनताहरू कृषि बाहेक धेरै प्राविधिक ज्ञान नचाहिने सजिलो रोजगारीको खोजीमा छन् । यतिखेर कृषि पछिको दोश्रो आयमूलक रोजगार तथा उत्पादनशील पेशा भनेको स्थानीय साधन र श्रोतमा आधारित स्थानीय रूपमै बजार पाइने प्रायः जसो कृषिसंगै सम्वन्धित, स-सानो पूँजीबाट घर–आँगनमै आफ्नै परिवारबाटै संचालन हुन सक्ने घरेलु तथा साना उद्योगहरू हुन् ।

विश्वमा अति विकसित भनेर कहालिएका देशहरूको तीव्र विकासको पछाडि ती देशहरूको औद्योगिक विकासले महत्वपूर्ण भूमिका खेलेको छ । औद्योगिक विकास र प्राविधिक ज्ञानको कुनै सीमा हुँदैन । दिनानुदिन नयाँ भन्दा नयाँ प्रविधिको विकास भईरहेको छ । अति विकसित तथा हालै औद्योगिक विकासतिर उन्मुख राष्ट्रहरूको अर्थतन्त्रमा औद्योगीकीकरणको प्रमुख भूमिका रहेको प्रमाणित भइसकेको छ । त्यस्तै ती देशहरूको औद्योगिकीकरण हुनुको पछाडि घरेलु साना तथा मध्यमस्तरका उद्योगहरूको अत्यन्तै प्रभावशाली भूमिका रहेको छ । निम्न लिखित तालिका नं० १ ले पनि हालै औद्योगीकीकरणतिर लम्केका राष्ट्रहरूमा साना उद्योगहरूको कत्तिको महत्वपूर्ण भूमिका छ भन्ने कुरो प्रष्टयाउँदछ ।

> कृषिमा निर्भर रहेका जनताहरू दिनानुदिन गरीव हुँदै गइरहेको तथा कृषिको उत्पादकत्व ५६ प्रतिशतले घटेको कारणले नेपाली जनताहरू कृषि बाहेक धेरै प्राविधिक ज्ञान नचाहिने सजिलो रोजगारको खोजीमा छन् ।

### तालीका नं० १

केही विकासशील एशियाली मुलुकमा साना/मध्यम उद्योगहरूको योगदान

| मुलुक | कूल औद्योगिक इकाईमा | कूल रोजगारमा | कूल मूल्य अभिवृद्धिमा | कूल प्रत्यक्ष निर्यातमा |
|---|---|---|---|---|
| ताइवान | ९७% | ७०% | ५५% | ६६% |
| हङकङ्ग | ९८% | ६२% | ५७% | १७% |
| दक्षिण कोरिया | ९८% | ६६% | ३८% | ३२% |
| सिंगापुर | ८१% | ४०% | २२% | १५% |

छिमेकी मुलुक भारतमै हेर्दा पनि एउटा ठूलो उद्योगको पछाडि हजारौं घरेलु तथा साना उद्योगहरू रहेका हुन्छन् । उदाहरणार्थ भारतको इशर ट्रैक्टर वनाउने कम्पनीले उक्त ट्रैक्टर–मा लाग्ने विभिन्न पार्टपूर्जाहरू आफैं वनाउँदैन र करीब १००० स-साना उद्योगहरूले उक्त उद्योगको लागि सामानहरू तैयार पार्ने गर्दछन् ।

नेपालको वर्तमान औद्योगिक स्थितिलाई गहिरो रूपमा अध्ययन गर्ने हो भने घरेलु तथा साना उद्योग–महत्वपूर्ण भूमिकालाई नकार्न सकिँदैन । देशको कूल औद्योगिक इकाईको ९५ प्रतिशत घरेलु तथा साना उद्योग भएको, कूल औद्योगिक रोजगारमा

९५ प्रतिशतरोजगार घरेलु तथा साना उद्योगहरूले दिएको तथा कूल निकासीमा ६६ प्रतिशत योगदान घरेलु तथा साना उद्योगको उत्पादनको रहेको तथ्यले यो क्षेत्र देशको अर्थतन्त्र-मा अत्यन्तै महत्वपूर्ण सावित भएको छ। हाल करीव ४५,००० घरेलु तथा साना उद्योग श्री ५ को सरकारमा दर्ता भइसकेका छन् भने दर्ता नै नभ-इकन घर-आँगनमा संचालन भएका घरेलु तथा साना उद्योगहरू लाखौंको संख्यामा छन्। तसर्थ यस क्षेत्रलाई उपयुक्त नियम कानून तथा नीति निर्माण गरी वैज्ञानिक ढंगले संयोजन गर्न सकेमा देशको औद्योगीकरणमा निकै ठूलो अभियान चल्नुका साथै अर्थतन्त्रलाई दह्रो बनाउन पनि सहयोग मिल्थ्यो।

**कूल औद्योगिक रोजगारमा ९५% रोजगार घरेलु तथा साना उद्योग-हरूले दिएको तथा कूल निकासीमा ६६% योगदान घरेलु तथा साना उद्योगको उत्पादनको रहेको तथ्यले यो क्षेत्र देशको अर्थतन्त्रमा अत्यन्तै महत्वपूर्ण सावित भएको छ।**

देशमा जुनसुकै व्यवस्था रहेता पनि तथा जुनसुकै पार्टी सत्तामा आएता पनि उद्योगको महत्व घट्दैन। उद्योग भनेको कूल राष्ट्रिय उत्पादन र निकासीको महत्वपूर्ण अंश हो। कूल ग्राहस्र्थ उत्पादनमा जति जति औद्योगिक उत्पादनको योगदान बढेको हुन्छ त्यति त्यति नै देशको अर्थतन्त्र मजवुत हुँदै जाने गरेको उदाहरण अति विकसित तथा विका-सशील देशहरूबाट पाइएको छ।

अत्यन्त नाजुक अर्थतन्त्र रहेको नेपाल जस्तो गरीब मुलुकमा औद्यो-गीकरणको शुरूवातका लागि घरेलु तथा साना उद्योग बाहेक अरू विकल्प छैन। नेपाल एउटा अत्यन्तै सानो मुलुक पनि हो, जहाँ बजार छैन, दक्ष जनशक्ति छैन, प्राविधिक ज्ञान छैन, पूँजी छैन, साधन र स्रोत छैन। अर्को शब्दमा भन्ने हो भने औद्योगिकरणको कुनै पूर्वाधार नै छैन। यस्तो परिस्थि-तिमा, स-सानो पूँजीलाई परिचालन गरी, देशमै उपलब्ध साधन र श्रोतले थोरै प्राविधिक ज्ञानले मालसामान उत्पादन गरी स्वदेश र विदेशमा आफ्नै बजार स्थापना गर्नका लागि घरेलु तथा साना उद्योगहरू अत्यन्तै उपयोगी छन्। उद्योग सचिव श्री नरसिंह नारायण सिंहका अनुसार नेपालमा अहिले निकासीमूलक उद्योगलाई संरक्षण दर २७ प्रतिशत ले ऋणात्मक (–) छ भने विदेशी मुद्राको ठूलो अंश प्रयोग गर्ने जडान उद्योगलाई ६४२ प्रतिशत संरक्षण प्राप्त छ। (ने० उ० वा० सं० रजत जयन्ती स्मारिका) यस्ता विकृतिहरू हटाउनका लागि घरेलु तथा साना उद्योगहरूले महत्वपूर्ण भूमिका खेल्न सक्दछ।

महत्वपूर्ण भूमिका हुँदा हुँदै पनि घरेलु तथा साना उद्योग देश-मा फस्टाउन सकेको छैन। त्यसका पछाडि केही प्रमुख कारणहरू अर्थात समस्याहरू छन्। ती हुन्–

## वित्तीय समस्या

### स्थिति

८० लाख भन्दा वढी नेपालीहरू गरीवीको रेखामुनि रहेको तथा विश्वको सबैभन्दा गरीब मुलुक मध्ये एकको रूपमा चिनिएको देशमा सबै-भन्दा ठूलो समस्या 'पूँजी' को छ। घरेलु र साना उद्योग संचालनका लागि पनि प्रमुख समस्या मध्ये एक वित्तीय समस्या हो। प्रायः जसो उद्योगहरू संचालन पूँजीको अभावमा यति रूग्ण रहेका छन् भने या बन्द भएका छन्। वाणिज्य बैंकहरूबाट २०३१ सालपछि प्राथमिकता प्राप्त कर्जा अन्तर्गत यो क्षेत्रमा लगानी



लेखक

भएको छ। सो लगानी नीतिमा पटक पटक परिवर्तन भई हाल वाणिज्य बैंकहरूको कूल कर्जा र लगानीको १२ प्रतिशत यस क्षेत्रमा प्रवाह गर्ने निर्णय भएको छ। यी सबका बाव-जूद घरेलु र साना उद्योगमा वित्तीय समस्या अत्यन्तै प्रवल छ।

**देशमा जस्तो व्यवस्था रहेता पनि तथा जुनसुकै पार्टी सत्तामा आएता पनि उद्योगको महत्व घट्दैन।**

गत: २०४७ माघमा नेपाल घरेलु तथा साना उद्योग संघले ४५ जिल्लामा समस्या संकलन र सर्वेक्षण गर्दा ७५ प्रतिशत भन्दा बढी उद्यमी-हरूले प्रमुख समस्या 'वित्तीय समस्या भएको' बताए।

### समस्याका कारणहरू

यसरी घरेलु तथा साना उद्योग-मा वित्तीय समस्या किन प्रबल रूपमा देखा परेको छ त? भन्ने सन्दर्भमा सम्बन्धित संघ, विशेषज्ञ, प्राध्यापक र बैंकहरूसंग सम्पर्क गर्दा निम्न कारण-हरू देखा परेका छन् –

### कमजोर अर्थतन्त्र र गरीबी

घरेलु तथा साना उद्योग भनेको आफूसंग भएको थोरै रकमले आफ्नै

घर-आँगन देखि ३० लाखसम्म स्थिर ज्येथाको व्यवस्था गरी संचालन गरिने उद्योग हो । यसको लागि आवश्यक पूँजी उद्यमी आफैले राख्न सक्ने स्थिति छैन । त्यसको प्रमुख कारण देशको कमजोर अर्थतन्त्र र दिनानुदिन आर्थिक स्थिति खस्कदै गइरहेका जनतामा विद्यमान गरीवी नै हो ।

## घरेलु तथा साना उद्योग प्रति सकारात्मक धारणा नहुनु

सरकारले यो क्षेत्रलाई अत्यन्तै हचुवा दृष्टिमा हेर्दै आएको छ । नेपाली अर्थतन्त्रमा घरेलु तथा साना उद्योगको भूमिका र महत्वलाई बुझेर यसवारेमा अध्ययन गर्न, नीति नियम तर्जुमा गर्न सरकारको ध्यान पुगेको छैन । त्यसै कारणले यो पक्षमा राज्यको तर्फबाट सही किसिमले लगानी नै हुन सकेन ।

**नेपाल जस्तो गरीव मुलुकमा औद्योगीकरणको शुरुवातका लागि घरेलु तथा साना उद्योग बाहेक अरु विकल्प छैन ।**

२०३१ सालमा 'प्राथमिकता प्राप्त कर्जा' को नियम नेपाल राष्ट्र बैंकले बनाएपछि र २०३८ सालमा घरेलु तथा साना उद्योग परियोजनाको संचालन भएपछि जन-साधारणमा उद्योग स्थापनाको निकै ठूलो लहर चलेको थियो । हजारौं उद्योगहरू दर्ता भएका थिए । तर सही ढंगले नीति नबनेको, कार्यान्वयन पक्ष अत्यन्तै अव्यवहारिक भएको कारणले त्यस्को उल्टो असर यस क्षेत्रमा परेको छ ।

त्यस्तै वित्तीय संस्थाहरू 'प्रशासनिक खर्च बढी हुने हुनाले' यस क्षेत्रमा लगानी गर्न चाहँदैनन् ।

## वित्तीय संस्थाहरूबाट अपेक्षित सहयोग नपाउनु

घरेलु तथा साना उद्योगका लागि पूँजी अभाव भएपछि कुनै पनि उद्यमी नजिकको बैंकमा जाने गर्दछ । तर ती बैंकहरूले औसतमा सहयोग भन्दा पनि हतोत्साहित पार्ने काम गरेका छन् ।

**घरेलु र सानाउद्योग संचालनका लागि पनि प्रमुख समस्या मध्ये एक वित्तीय समस्या हो ।**

वाणिज्य बैंकले हतोत्साह पार्ने विभिन्न कार्य मध्ये प्रमुख यस प्रकार छन् –

[क] बैंकहरूको कार्यमा प्रतिवद्धता (Commitment) नहुनु । भनाइ र गराइमा फरक हुनु ।
[ख] ऋणीको निवेदन नै दर्ता नगर्नु ।
[ग] ऋण परियोजनमुखी भन्दा पनि धितोमुखी हुनु ।
[घ] समयमा ऋण नपाउनु र प्राप्त रकम पनि अपर्याप्त हुनु ।
[ङ] औद्योगिक प्रयोजनको लागि दिने ऋणप्रति सहयोगात्मक भाव नहुनु ।
[च[ वित्तीय सस्थाहरूमा परियोजना विश्लेषण ठीकसंग नहुनु ।
[छ] सम्वन्धित कर्मचारीहरूमा परियोजना विश्लेषण कार्यको ठीक जानकारी नहुनु ।
[ज] प्रवाहित कर्जाको मूल्यांकन र परियोजनाको सुपरिवेक्षण नहुनु।
[झ] व्याजदर संरचना सम्बन्धमा ऋणीहरूमा उचित जानकारी नपुग्नु ।
[ञ[ ऋण र व्याज लगाउने र माफी गर्ने कुनै स्पष्ट नियम नहुनु ।
[ट] धितोको उचित मूल्यांकन नहुनु।
[ठ] बैंक कर्मचारीले उद्यमीहरूलाई मानौं अपराधीको व्यवहार गर्नु ।
[ड] उद्योगको सामाजिक पक्षमा रहेको योगदानप्रति नकारात्मक धारणा रहनु ।

**नेपाली अर्थतन्त्रमा घरेलु तथा साना उद्योगको भूमिका र महत्वलाई बुझेर यस बारेमा अध्ययन गर्न, नीति तर्जुमा गर्न सरकारको ध्यान पुगेको छैन त्यसैकारणले यो पक्षमा राज्यको तर्फवाट सही किसिमले लगानी नै हुन सकेन !**

यी बाहेक कर्जाको माग र आपूर्ति बीचको अन्तरालले गर्दा न्यून



साना उद्योग: राज्यको सही किसिमको लगानी खै ? (फोटो/यूनीसेफ)



लगानी भएर उद्योगहरू रुग्ण हुने गर्दछन् । रुग्ण भएपछि न उद्योग संचालन हुन्छ न ऋण तिर्न सक्छ । ऋण नतिरेपछि बैंकहरूले सुरक्षणमा रहेको सम्पत्ति लिलाम गरेर असूल गर्दछन् । तर विडम्वना के छ भने ऋण लिएका घरेलु तथा साना उद्योग-को सम्पत्तिहरू बैंकहरूले तदारुकता–

**विडम्वना के छ भने ऋण लिएका घरेलु तथा साना उद्योगको सम्पत्तिहरू बैंकहरूले तदारुकताका साथ लिलाम गरिरहेका छन् भने ठूला ऋणीहरूको बारेमा बैंक आफैंले छोपछाप गर्नेगरिहेका छन् ।**

का साथ लिलाम गरिरहेका छन् भने ठूला ऋणीहरूको बारेमा बैंक आफैंले छोपछाप गर्ने गरिरहेका छन् । उदाहरणार्थ तात्कालीन अर्थमन्त्री डा० देवेन्द्रराज पाण्डेका अनुसार नेपाल बैंक लि. र रा. वा: बैंकबाट १०० जना व्यक्तिले ऋण लिई भाखा नाघेको रकम मात्रै २ अरब १५ करोड रहेको छ । (स्वेत पत्र २०४७, अर्थ मन्त्रालय) ।

यस सम्बन्धमा नेपाल घरेलु तथा साना उद्योग संघले (१) सम्पूर्ण घरेलु तथा साना उद्योगहरूको Biodata संकलन गर्ने (२) ती मध्ये रुग्ण उद्योगहरूको सम्बन्धमा रुग्ण भएको कारण पत्ता लगाई कर्जा-को दुरुपयोग भएर उद्योग रुग्ण भएको हो तत्काल कर्जा असुली गराउने वा सदुपयोग गर्दागर्दै अन्य कारणले रुग्ण भएको हो भने धितो अनुसार ऋण पुनः थप गरी भुक्तानी तालिकाको म्याद बढाई वा अन्य किसिमले सहयोग गरी ऋण भुक्तानी गराउने कार्यक्रम बैंकहरूसंग मिलेर गर्ने प्रयत्न गरेको थियो । तर बैंकहरूले त्यसको वास्ता गरेनन् र साँच्चै नै साना उद्योगको हितमा काम गर्ने प्रवृत्ति नै देखा परेन । यसै सन्दर्भमा बैंकर्स एशोसियसन, नेपाल घरेलु तथा साना उद्योग संघ, नेपाल राष्ट्र बैंक समेत भएको घरेलु तथा साना उद्योग वित्तीय समस्या समाधान समिति पनि गठन भयो । वित्तीय समस्या बारे छलफल पनि भयो । तर त्यस-प्रति सकारात्मक धारणा वित्तीय संस्थाहरूले राखेनन् ।

# बजारको समस्या

## स्थिति

घरेलु तथा साना उद्योग होस् वा ठूला उद्योग उद्योगको जन्म भएर बामे सर्न नपाउँदै उत्पादनको प्रतिस्पर्धाको दौडमा जित हुन सके मात्र त्यो टिक्न सक्दछ । अर्थात नेपाली उद्योगहरूले भारतीय,चिनीयाँ लगायत तेश्रो मुलुकबाट आयात गरिएका वस्तुहरूको तीव्र रूपमा प्रतिस्पर्धा गर्न सक्ने स्थिति भएमा मात्र उद्योग टिक्न सक्छ । तर विडम्वना के छ भने नेपाल जस्तो प्राविधिक, व्यवस्थापन दक्षता र पूँजीको हिसावले समेत पछाडि परेको देशमा उत्पादित वस्तु एकै पटक अन्तर्राष्ट्रिय उत्पादनहरूसंग प्रति-स्पर्धात्मक रूपमा बजारमा आउन नसकेपछि स्वत: उद्योग टिकाउने दुई नम्बरी उपायहरू लगाउने प्रवृत्तिको श्रृजना भएको छ ।

**अमेरिका जस्तो खुला अर्थनीतिको प्रणेता रहेको मुलुकले समेत विश्वका अत्याधुनिक, अतिगुण-स्तरयुक्त सामानहरू खुला रूपमा आयात गर्न दिएको छैन ।**

संसारमा अत्यन्तै विकसित मुलुकहरूले समेत आफ्नो देशमा उत्पादित सामानहरू निकासी गर्न, बजार खोज्न विभिन्न तिकडमबाजी खेलिरहेका छन् । कुनै पनि विकसित मुलुक आफ्नो औद्योगिक उत्पादनहरू विकासोन्मुख राष्ट्रमा ऋणको रूपमा अनुदानको रूपमा, प्राविधिक ज्ञानको

रूपमा, सल्लाह र तालीमको रूपमा निर्यात गरिरहेका छन्। विश्वको अहिलेको चर्को राजनीति नै यही

**तर यसको विपरित हाम्रो मुलुकमा भने राज्यले खुल्ला प्रतिस्पर्धाका कुरा गरिरहेको छ। जनतालाई राहत दिनेका नाउँमा बर्षेनी थोरै कर लगाएर देश भित्रै उत्पादन हुन सक्ने दैनिक उपभोग्यका सामान पनि वाहिरी देशवाट आयात गर्न दिइएको छ।**

रहेकोछ। अमेरिका जस्तो खुला अर्थ नीतिको प्रणेता रहेको मुलुकले समेत विश्वका अत्याधुनिक अति गुणस्तरयुक्त सामानहरू खुला रूपमा आयात गर्न दिएको छैन। किनभने आज अमेरिकीहरूले आर्थिक स्थिति जतिसुकै 'मजबूत' भएपनि स्वदेशी उत्पादनलाई प्राथमिकता नदिने हो भने अमेरिकी अर्थतन्त्र ठाडै खतरामा पुग्न धेरै बेर लाग्ने छैन।

तर यसको विपरीत अति कम विकसित हाम्रो मुलुकमा भने राज्यले खुल्ला प्रतिस्पर्धाका कुरा गरिरहेको छ। एउटा बहुराष्ट्रिय (**Multi-national**) कम्पनीले उत्पादन गरेको सामान जतिकै घरेलु उत्पादनहरू पनि गुणस्तरयुक्त र आकर्षक हुनुपर्छ भन्ने अव्यवहारिक माग यहाँ भइरहेछ। विशेषतया जनतालाई राहत दिनेका नाउँमा वर्षेनी थोरै कर लगाएर देश भित्रै उत्पादन हुन सक्ने दैनिक उपभोग्यका सामान पनि बाहिरी देशबाट आयात गर्न दिइएको र करोडौंको आयात इजाजतपत्र प्रदान गरी विदेशी मुद्रा व्यर्थमा खर्च गरिएको छ। तर यी सबका बावजुद पनि जनताले सस्तोमा दैनिक उपभोग्यका सामान कहिल्यै नपाएको तथ्य एकातिर छ भने अर्कोतिर विदेशी दैनिक उपभोग्यका सामान स्वदेशमा भित्र्याएर स्वदेशी उद्योगको उत्पादनलाई लात मार्ने काम भइरहेको छ।

कुनै पनि सामान आयात गर्नु भन्दा अगाडि नेपालमा सो सामानको उत्पादन कति हुन्छ ? त्यसले कति उपभोक्ताको मागलाई पूरा गर्छ र कति कुन सामान कुन देशबाट आयात गरेमा नेपालको माग पूर्ति हुन्छ भन्ने किसिमको कुनै नीति नियम र योजना राज्यसित छैन। व्यापारीहरूको दर्खास्तको भरमा जुन सुकै वस्तु जति सुकै पनि आयात गर्न दिने प्रथा हाम्रो मुलुकमा रहेको छ। यसले के देखाएको छ भने राज्यको स्वदेशी उद्योगहरू विकास गर्ने सवालमा कुनै निर्णयात्मक प्रतिवद्धता छैन। राज्य कर्मचारी तन्त्रको स्वदेशी उद्योगको विकासमा भन्दा विदेशी सामान खुलेआम आयात गर्न दिंदा व्यक्तिगत रुपमा पाइने मोटो कमीशनमा बढी दिलचस्पी छ।

यसले गर्दा नेपाली उद्योगहरूले स्वदेशकै बजार पनि पाएका छैनन्। नेपाल ज्यादै सानो मुलुक हो। यसको बजार सानो छ। अर्थतन्त्र सानो छ। यो सानो मुलुकमा पनि स्वदेशी भन्दा विदेशी वस्तुको बाहुल्यता छ। त्यस्तै छिमेकी मुलुक भारतसंग असमान व्यापार सन्धि भएको कारणले, खुला सीमाना भएको कारणले, चीनको स्वशासित क्षेत्र तिब्बतबाट तस्करी भएर आउने सामानले, झिटी–गुण्टा

**नेपालमा दैनिक उपभोग्यका सामान, निर्माण सामग्रीका उत्पादन भन्दा पनि इलेक्ट्रोनिक जडान उद्योग, रक्सी र वियर उद्योग तथा चुरोट उद्योगले राज्यको संरक्षण पाएको छ।**

र यातु सुविधाको नाउँमा आयात हुने तथा अनियोजित वैधानिक आयातले नेपालका घरेलु तथा साना उद्योगको उत्पादनले निकै असमान प्रतिस्पर्धा व्यहोर्नु परेको छ।

औद्योगिक संरक्षण भन्नाले सब भन्दा पहिले, राज्यको तर्फबाट बजारको संर-

**राज्य नोकरशाहीतन्त्रको व्यक्तिगत कमीशनको लाभको खातिर स्वदेशी वजारलाई स्वदेशी उद्योगको हातमा सुम्पन सरकार हिचकिचाईरहेको महशूस उद्यमीहरूले गरेका छन्।**

क्षण हो। तर नेपालमा दैनिक उपभोग्यका सामान, निर्माण सामाग्रीका उत्पादन भन्दा इलेट्रोनिक जडान उद्योग, रक्सी र वियर उद्योग तथा चुरोट उद्योगले राज्यको संरक्षण पाएको छ। जुन उद्योगले बढी संरक्षण पाएको छ, स्वभावत: त्यहि खाले उद्योग फस्टाउने नै भयो।

गत आर्थिक बर्षको प्रथम नौ महिनामा कूल व्यापारिक घाटा ४ अरब २६ करोड रह्यो (आर्थिक सर्वेक्षण २०४७/४८) अर्थात यस अबधिमा भारतबाट हुने पैठारी ५८.३%ले वृद्धि भई भारतसंगको व्यापार घाटा ३५.२ प्रतिशतले वृद्धि भएको र अन्य मुलुकतर्फको व्यापार घाटा १४.६ प्रतिशतले वृद्धि भई रु.७ अरब ११ करोड पुग्नुले औद्योगिकीकरण प्रतिको नेपालको नीति तथा स्वदेशी उद्योग-प्रति राज्यको संरक्षणको यथार्थ स्थिति कस्तो छ भन्ने कुरा स्पष्ट पारेको छ।

देशमा आत्मनिर्भर औद्योगिकीकरण प्रति सकारात्मक दृष्टिकोण नहुनु तथा स्वदेशी बजारलाई राज्यको तर्फबाट संरक्षण नगरिएको कारणले सम्पूर्ण उद्योगलाई समस्या छदैछ-त्यसमा पनि घरेलु तथा साना उद्योग-लाई झनै ठूलो समस्या छ। किन भने उनीहरूले अन्तर्राष्ट्रिय स्तरका विदेशी उद्योग मात्र नभई स्वदेशमै रहेका ठूला उद्योगहरूसंग पनि प्रति-स्पर्धा गर्नु पर्ने हुन्छ। जतिसुकै गुण-स्तरको सामान सस्तो मूल्यमा उप–

लब्ध गराए पनि बजारमा आफ्नो शाख नभएको कारणले, वितरणको माध्यम नभएकोले, विज्ञापनमा खर्च गर्न नसक्नाको कारणले घरेलु तथा साना उद्योगका उत्पादनहरूले बजार नपाएको स्थिति छ। त्यस्तै स्वदेशमा निर्मित वस्तु प्रति भन्दा विदेशी वस्तु प्रति उपभोक्ताको आकर्षण बढिरहेको कारणले विदेशी लेवल लगाएर स्वदेशी सामान बेच्नु परेको स्थिति पनि त्यतिकै दुःखदायी छ!

**नेपाली गलैंचाको उत्पादनको नक्कल गरी भारतले पनि नेपाली नमूनाको गलैंचा उत्पादन र निकासी शुरू गरिसकेको छ।**

यसरी राज्य नोकरशाहीतन्त्रको व्यक्तिगत कमिशनको लाभको खातिर स्वदेशी बजारलाई स्वदेशी उद्योगको हातमा सुम्पन सरकार हिचकिचाईरहेको महशुस उद्यमीहरूले गरेका छन् भने विदेशमा निर्यात गर्ने लक्ष लिएर बस्तु उत्पादन गर्ने उद्योगहरूको छुट्टै समस्या छ।

घरेलु तथा साना उद्योगको कूल निकासीमा ६६% योगदान रहेको तथ्य पहिले नै उल्लेख गरिसकिएको छ। हाल निकासी हुने प्रमुख उत्पादनहरूमा हातले बुनेका गलैंचा, तयारी पोशाक, मूर्ति, काष्ठकला आदि रहेका छन्। नेपालको ऐतिहासिक महत्वलाई झल्काउने, परम्परागत, शीपमुलक रोजगारमुलक तथा निर्यात उद्योग–हरूलाई प्रोत्साहन छैन। अहिले केही वर्ष अगाडि देखि गलैंचा निर्यातमा जुन किसिमको वृद्धि भएको छ, त्यसमा सरकारी पक्षको कुनै उल्लेखनीय योगदान छैन। नेपाली गलैंचाको उत्पादनको नक्कल गरी भारतले पनि नेपाली नमूनाको गलैंचा उत्पादन र निकासी शुरु गरिसकेको छ। यसरी नेपाली डिजाइनका कार्पेटको निकासी भारतले पनि गरिसकेको हुँदा र भारतमा त्यस्ता उद्योगलाई विभिन्न किसिमको सहुलियत समेत प्राप्त रहेको कारणले अन्तर्राष्ट्रिय बजारमा नेपाली उद्योगले भारतीय उद्योगसंग प्रतिस्पर्धा गर्नुपर्ने र भारतीय उद्योग-हरुले आफ्नो देशमा भएको सहुलियत-को कारणले नेपाली गलैंचा उत्पादन भारतीय निकासीकर्ताको मुठ्ठीमा पर्न जाने र उनीहरूसंग प्रतिस्पर्धा गर्न नसकिने स्थिति निकट भविष्यमै हुने प्रत्यक्ष लक्षण देखा परिसकेको छ।

# अन्य समस्याहरू

माथि उल्लिखित समस्याहरू बाहेक यस क्षेत्रका अन्य समस्याहरू पनि छन्! ती हुन:–

## प्राविधिक ज्ञानको कमी

विश्वमा उत्कृष्ट प्रबिधिको तीव्र विकास भईरहेको बेला नेपाली उद्योग जगतमा त्यसको जानकारी सम्म पनि छैन। थोरै लगानीमा राम्रो स्तरको धेरै उत्पादन गर्नमा प्रविधिको निकै ठूलो भूमिका रहन्छ। तर नेपालका आधुनिक घरेलु तथा साना उद्योग–हरूको निम्ति भने विभिन्न देशमा विकास भएका सुलभ,सस्तो र छरितो प्रविधि हासिल गर्नु अहिले सम्म बूता भन्दा वाहिरका कुरा भईरहेको छ। राज्यले यसको निम्ति कुनै ध्यान नै दिइरहेको छैन। राज्यमा कर्मचारी तन्त्र हावी छ। प्राविधिक ज्ञानको तालीम सम्बन्धमा चाखै नदिनु, तालीमको लागि विदेशबाट आएको सिटमा कर्मचारीहरू जानु, निजीक्षेत्रलाई सुइँको सम्म पनि नदिनु, प्राविधिक ज्ञान सम्बन्धी आएका सूचनाहरू संकलन गर्ने र जानकारी दिने जिम्मेवार निकाय नहुनु, भएकाहरूले पनि जिम्मेवारी महशूस नगर्नु, विदेशमा प्रविधि ज्ञानको तालीमलाई कर्मचारी–हरूले सरकारी सेवाको मौका र बोनसको रूपमा प्रयोग गरी असम्बन्धित व्यक्तिहरूलाई पठाउनु जस्ता कुराहरु समेत यो पक्ष विकास नहुनुका प्रमुख कारणहरू रहेका छन्।

**वास्तवमा उद्योग भनेको कि चल्नु पर्छ कि बन्द हुनु पर्छ।**

**नेपालमा उद्योगदर्ता हुनासाथ उद्यमी हुने र हुनुपर्ने बाध्यताले उद्यमीहरू ठीकसंग आफ्नो उद्योग संचालन गर्न सक्दैनन्। तर राज्यद्वारा त्यस्तो शीपमूलक तालीम दिने ब्यवस्थित प्रवन्धको अभावमा उद्यमीहरू विना दक्षता नै उद्योग चलाउन विवश छन्।**

## कच्चा पदार्थको कमी

स्वदेशमा उपलब्ध हुने कच्चा पदार्थहरू विशेषतया कृषिको उपज बन पैदावार जडिबुटी, खनिज पदार्थ आदि र विदेशबाट आयात गरिने कच्चा पदार्थ जस्तै ऊन, तामा, पित्तलका पाताहरू, कपडाहरू केमिकल, फलाम, प्लास्टीक ग्रेनुयल्स आदि मध्ये स्वदेशमै उपलब्ध हुने कच्चा पदार्थहरू सीमित व्यक्तिहरूको कब्जामा हुने र आवश्यक मौज्दात राख्न नसकिने कारणले गर्दा बेलाबखत सही मोलमा खरिद गर्न पाइँदैन भने आयातित कच्चा पदार्थ पनि केही व्यापारिक प्रतिष्ठानहरूले आफ्नो मनलागी मोल राख्ने गरेको र घरेलु उद्योगहरूलाई आफैंले आयात गर्ने सुविधा नदिइएको कारणले निकै अप्ठेरो पारेको छ। त्यस्तै स्वदेशमा उपलब्ध कच्चापदार्थको प्रशोधन गर्न नसकिनु, कच्चापदार्थ सुलभ रूपले वितरण गर्ने जिम्मेवार संस्था नहुनु यसका थप समस्याहरू हुन्।

## तालीमको अभाव

कुनै पनि कार्य शुरू गर्नु भन्दा अगाडि सो सम्बन्धी आवश्यक जानकारी र दक्षता हासिल गर्नु आवश्यक छ। नेपालमा उद्योग दर्ता हुनासाथ उद्यमी हुने र हुनुपर्ने वाध्यताले उद्यमीहरू ठीकसंग आफ्नो उद्योग संचालन गर्न सक्दैनन्। तर राज्यद्वारा त्यस्तो शीपमूलक तालीम दिने व्यवस्थित प्रवन्धको अभावमा उद्यमीहरू विना दक्षता नै उद्योग चलाउन विवश छन्। उद्योगहरू बिफल हुनुमा तालीमको अभाव पनि एउटा प्रमुख कारक तत्व रही आएको छ।

घरेलु तथा ग्रामीण उद्योग बिभाग, घरेलु तथा ग्रामीण उद्योग विकास समिति, TRUGA PROJECT लगायत अन्य संस्थाहरूले पनि विभिन्न ठाउँमा विभिन्न किसिमको शीपमूलक तालीम संचालन गरेको छ। तर ती तालीमहरू तालीम पछि व्यवसाय गर्ने पूर्वाधार नहुनु, तालीमको संयोजन नहुनु, त्यस्तो गुणस्तर समेत नहुनु आदि कारणले यी उपलब्धीमूलक भएका छैनन्।

तुलनात्मक रूपले हेर्दा जी० टि० जेड० को सहयोगमा संचालित साना व्यवसाय प्रवर्द्धन आयोजना द्वारा दिइने गरेका तालीम धेरै हदसम्म उद्यमीको लागि उपयोगी सिद्ध भएको छ, तर त्यहाँ पनि तालीम पश्चात उद्योग स्थापनामा जोड दिन सकिएको छैन।

## निस्कर्ष:-

नेपाली अर्थतन्त्रमा घरेलु तथा साना उद्योगको सर्वोपरी महत्व छ। यतिखेर औद्योगिकरणको अभियानको शुरुवात यही क्षेत्रबाट मात्रै हुन सक्दछ। विकास हुँदै गएको स्थितिमा पनि ठूला उद्योगहरूलाई यिनै उद्योगहरूले कांध थाप्ने छन्।

तर यस क्षेत्रका माथि उल्लिखित समस्याहरूले प्राय: जसो उद्योगहरूलाई रूग्ण वनाएका छन्। कुनै पनि उद्योग रूग्ण हुनु भनेको राम्रो होइन। यसले अन्य समस्याहरू पनि उठाउने गर्दछ। वास्तवमा उद्योग भनेको कि चल्नु पर्छ कि बन्द हुनु पर्छ।

यसरी घरेलु तथा साना उद्योगमा विभिन्न समस्याहरू शृजना हुनुका पछाडि पञ्चायती कमिशन–मुखी गलत औद्योगिक नीति यथावतै रहनु, सरकारले घरेलु तथा साना उद्योगको संरक्षणको निम्ति सही बाटो पहिल्याउन नसक्नु र जे-जति पहिल्याएको छ, त्यसलाई गलत ढंगले संचालन गरिनु नै समस्याको जड रहेको छ।

त्यसकारण यस क्षेत्रमा रहेको समस्याको पहिलो चरणको समाधान भनेको वर्तमान तथा भविष्यमा राज्यको यस क्षेत्र प्रति निर्णायात्मक प्रतिवद्धता (Determenant Commitment) हो। सो प्रतिवद्धता भएमा समाधानका हजारौं उपायहरू उपलब्ध हुनेछन्।

▩

तालिका नं० १ को श्रोत

★ Dr. Philipe Regmier Small & Medium Enterprises in the Four Asian NIEOs (Modern Asian Research Center) Oct./1988/Geneva.

☐ स्नेह सायमि; महा-सचिव घरेलु तथा साना उद्योग संघ, नेपाल तथा साहित्यकार /


मूल्यांकन

विचार अर्न्तक्रियामुखी मासिकलाई

हार्दिक शुभकामना !

क्राफ्ट बेकरी

इण्डष्ट्रिज (प्रा.) लि.

काठमाडौं



बडादशैं तथा दीपावलीको शुभ उपलक्ष्यमा

समस्त देशवासीहरूमा

हार्दिक मंगलमय शुभ कामना !

इन्द्रदेव शाह

आई० डि० कन्स्ट्रक्सन

गोदार, धनुषा

आँखी झ्याल

# अमेरिका संकटको भुमरीमा !

**आज पूँजीवादी खेमाबाट समाजवाद डुब्यो, भत्क्यो, मर्‍यो आदि आदि शब्दहरू प्रयोग गरी जोडतोडले प्रचार-प्रसार गरिँदैछ। यस्तो प्रचार प्रसार भइरहेछ, मानौं अब पूँजीवाद नै विश्वको लागि एक मात्र विकल्प बाँकि रहेको छ। के यो साँचो हो ? के पूँजीवाद संकटग्रष्त छैन ? के यसले आफैंले आफ्नो चिहान खन्न अब छोडेको छ ?**

**यी प्रश्नहरूको जवाफ तलका विवरणहरू आफैंले दिने छन्। हालको विश्व पूँजीबादको "नायक" मानिने अमेरिकामा चालू वर्षमा छाइरहेको आर्थिक संकटको एक झलक यसमा प्रस्तुत गरिएको छ।**

☐ अमेरिकाको कूल गाहर्स्थ उत्पादन (GNP) गत वर्ष सन १९९० को अन्तिम चार महिनामा त्यस अघिको चार महिनामा भन्दा २% ले कम भएको थियो र यो यसरी घट्ने क्रम यस वर्षको पहिलो चार महिनासम्म पनि १% छ।

☐ गत वर्षको अक्टोबर महिना देखि यस वर्षको फरवरी महिनासम्म अमेरिकी औद्योगिक उत्पादन क्रमशः एक पछि अर्को महिना झन झन गिर्दै गएको छ। यसरी गिर्दै जाने क्रम १.७% सम्म पुग्यो, जुन डिसेम्बर, १९८२ पछिको सबै भन्दा ज्यादा हो। यस अवधिभित्र यान्त्रिक उत्पादन क्षेत्रमा क्षमताको प्रयोग ८२.५% बाट ७८% मा झर्‍यो, जुन गत आठ वर्ष भित्रको सबै भन्दा नराम्रो स्थिति हो। धेरै जसो यान्त्रिक उत्पादन क्षेत्रले निकै कम मात्र नाफा पाउन सक्षम हुनुका साथै संकुचित उत्पादन व्यहोर्नु पर्‍यो। त्यस्तै मोटर उद्योगले नराम्रो मार खप्नु पर्‍यो, १९९० को पहिलो चार महिनामा यसको निर्यात २४%ले घटेको थियो।

☐ गत वर्ष १९९० मा अमेरिकामा दोश्रो विश्व युद्ध पछि सबै भन्दा गंभीर र खतरनाक ढंगले अमेरिकी फर्म, कम्पनी तथा उद्योगहरू टाट पल्टेका घटनाहरू देखिन आए। यसरी टाट पल्टेका ६० हजार अमेरिकी फर्म तथा कंपनीहरूको नाममा ७० अरव अमेरिकी डलर ऋण देखिन्छ। गत वर्षको अगस्त महिनादेखि प्रत्येक हप्ता १५०० वटा कंपनीहरू टाट पल्टेर बन्द नै भैरहेका छन्। यसरी यति वढी संख्यामा टाट पल्टिरहेका कम्पनी तथा तिनीहरूका ऋणको मात्रालाई हेर्दा अमेरिकामा दोस्रो विश्व युद्धपछिको सबै भन्दा गंभीर र खतरनाक स्थितिको महसूस भइरहेको छ।

☐ सम्पूर्ण अमेरिकी अर्थव्यवस्थालाई नै यो गत्यावरोधले लपेट्नु अघि नै असंख्य कम्पनीहरूले आफ्ना कामदार मजदूरलाई कामबाट निकाल्ने क्रम पनि निकै वढाएका छन्। अमेरिकाको श्रम विभाग कै तथ्य अनुसार पनि गत वर्ष मई महिना देखि बेरोजगारीको दर ५.२% बाट यस वर्षको फरवरी मा ६.५% मा वृद्धि भएको छ। यसबाट के स्पष्ट देखिन्छ भने अमेरिकी वेरोजगार जनताको संख्या ६० लाखबाट ८० लाखमा वृद्धि भएको छ। त्यस्तै अर्ध बेरोजगारहरूको जनसंख्या ५० लाख भन्दा वढी पुगेको छ र यो बढ्ने क्रम जारी नै छ। यस अर्थ, प्रत्येक १९ जनामा एक जना अमेरिकी बेरोजगार वा अर्ध बेरोजगारको जीवन गुजार्न वाध्य छन्।

☐ सन् १९९० मा अमेरिकी बैंकहरूले ३० अरव अमेरिकी डलर ऋण तिर्न नसकेर नयाँ रिकर्ड स्थापित गरेका छन्, जुन सन् १९८२ मा भन्दा चार गुणा वढी छ। सन् १९८२ को रिकर्ड भन्दा बढी १७०वटा बैंकहरू गत वर्ष टाट पल्टेका थिए।

☐ सन् १९८० देखि नै खुद्रा व्यापार तर्फ औसत वृद्धि दर ३ प्रतिशत भैरहेकोमा त्यो घटेर १९९० मा १ प्रतिशतमा आइपुगेको छ र गत वर्षको पछिल्लो चार महिनामा खुद्रा व्यापारको आयतन ४ प्रतिशतले खसेको थियो।

---

**गत वर्षको अगस्त महिनादेखि प्रत्येक हप्ता १५०० वटा कंपनीहरू टाट पल्टेर बन्द नै भरहेकाछन्।**

---

☐ हवाई उड्डयन उद्योगको हालत पनि अत्यधिक घाटाको कारणले तल गिर्‍यो। यसरी गिर्दै गएको हवाई उड्डयन उद्योगहरू मध्ये ७० वर्ष लामो इतिहास भएको PAN



सडकमा सुतिरहेका बेरोजगार र घरवारविहीन अमेरिकीहरू !

AMERICA जस्तो उड्डयन कम्पनी पनि परेको छ ।

अमेरिकाका वित्तीय तथा बीमा फर्महरू स्टक एक्चेन्ज, विज्ञापन, कानून तथा लेखा फर्महरूमा यो आर्थिक संकटबाट नराम्ररी आघात परेको छ ।

☐ अनेरिकी उपभोक्ता जनता तथा लगानी गर्ने उद्यमीहरूको आत्म-विश्वास झन झन कम हुँदै गइरहेको छ। उपभोक्तहरूले बढी पैसा कमाउन नसकी विवशताको जीवन बाँच्नु परे-काले एकातिर आफ्नो पैसा सितैमा खर्च गर्न चाहिरहेका छैनन् भने अर्को-तिर यस वर्ष धेरै जसो कर्पोरेशन-हरूले उत्पादनशील· उद्योगहरूमा लगानी गर्ने काममा कटौती गरेका छन् । फलस्वरूप ठूल-ठूला सर-सामानहरू उत्पादन गर्ने उद्योगहरू माथि गरिने लगानीमा १.३ प्रतिशत-ले कमी आएको छ ।

☐ एकातिर अमेरिकी संघीय वजेट लगातार बढी भन्दा बढी घाटा मै चलिरहेको छ भने अर्कोतिर यसरी झनझन खस्किदै गइरहेको आर्थिक घाटापूर्ति गर्नका लागि अमेरिकी प्रशासनसंग कुनै ठोस आर्थिक साधनहरू देखिएका छैनन् ।

अमेरिकी आधिकारिक तथ्यांक अनुसार, संघीय बजेटको बजेट घाटा यस आर्थिक वर्ष (१९९१) मा मात्रै ३०० अरब अमेरिकी डलर वा ३५० अरब अमेरिकी डलर छ, जुन अमेरि-की बजेटको इतिहासमा सबैभन्दा बढी हो। अझ, खाडी युद्धमा गरिएको खर्चको लागत पनि जोड्ने हो भने यो भन्दा कयौं गुना बढ्ने छ ।

☐ अमेरिकामा विदेशी पूँजीको प्रवाहमा कमी आउनुका साथै केही पक्षले त आफ्नो पूँजी लगानी गर्न नै छोडिरहेका छन् । किनकि, एकातिर विश्वको डिपोजिट दर घटेको छ भने अर्को तिर ठूला पूँजीवादी राष्ट्रहरू जर्मन तथा जापानले अमेरिकामा आफ्नो लगानी कमी गर्नुका साथै पूँजी निर्यातमा कमी ल्याएका छन् ।

यसरी संसारभरिनै पूँजीको कमी भैरहेको स्थितिमा अमेरिकाको भन्दा पश्चिमी राष्ट्रहरूको व्याजदर बढी भएको र अमेरिकी पूँजी संसार भरि नै झन झन बढी निर्यात भैरहेकै कारणले पनि संकटमा परेको अमेरिकी अर्थतन्त्रलाई उँभो लगाउन निकै गाह्रो देखिन्छ ।

☐ अमेरिकी बैंक, बचत तथा ऋणको व्यापारमा आएको गंभीर संकटले पनि अमेरिकी अर्थ व्यवस्था-लाई झन झन अधोगति तिर लाँदैछ। एक अनुमान अनुसार, यस वर्ष मात्रै गत वर्ष भन्दा धेरै बढी मात्रामा अर्थात् २३० वटा बैंकहरू ६० अरब अमेरिकी डलरको ऋण सहित डुब्ने वाला छन् ।

☐ अमेरिकी संघीय (केन्द्रीय) सरकारको ऋण ३००० अरब डलर भन्दा पनि माथि पुगिसकेको छ। अमे-रिकी सरकारले व्याज मात्रै प्रति वर्ष १५० अरब डलर बुझाउनु पर्छ ।

☐ प्रस्तुति/राजेन्द्र कुमार
(स्रोत: बेइजिङ्ग रिभ्यू/मई/१९९१)


**वडादशैं तथा दीपावलीको शुभ उपलक्ष्यमा**

समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभ–कामना !

**शारदा कन्स्ट्रक्सन**

**लाहान–५, सिराहा**

# के समाजवादको मृत्यु भएको हो ?

( पृष्ठ ८ को बाँकी )

कुनै पनि साम्राज्यवाद, चाहे त्यो अमेरिकी होस वा सोभियत सामाजिक,को आर्थिक सार एकाधिकार पूँजीवाद हो। त्यसको जग नबसी सामाजिक साम्राज्यवादको महल खडा हुन सक्दैन। समाजवादी आधारहरू निर्माण गरिसकेको सोभियत संघ ख्रुश्चेभी संशोधनवादको उदय पछि एक विशेष प्रकारको राज्य एकाधिकार पूँजीवादमा विकृत हुँदै गएको थियो, जुन व्यवस्थामा नोकरशाह पूँजीपतिहरूको प्रबल नियन्त्रण हुन्छ। संशोधनवादी नोकरशाहहरूको कब्जामा रहेको सोभियत संघको राज्यसत्ता समाजवादबाट राज्य पूँजीवादमा विकृत हुदै गएकोले सोभियत संघ सामाजिक साम्राज्यवादी राष्ट्र बन्दै गईरहेको थियो। सोभियत संघको त्यस संक्रमण बारे क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (RIM) को एक सदस्य पार्टी आर० सि० पी० का अध्यक्ष बब अभाकियान भन्छन्–

"पूँजीवादलाई पुनर्स्थापना गरिसकेपछि सोभियत संघका शासकहरू पूँजीवादका, विशेष गरेर यसको साम्राज्यवादी युगका नियमहरूद्वारा बाँधिएका छन्। स्टालिनको मृत्यु पछि र ख्रुश्चेभले सत्ता कब्जा गरिसकेपछि उनीहरू संसारभरि लुट खसोट गर्न लागिपरेका छन्। एकै साथ सोभियत संघभित्र र बाहिरका जनतामाथि शोषण र लूट मच्चाउँदै छन्।(रिभोल्यूशन, डिसेम्बर १९७९, पृष्ठ १०)

सोभियत संघमा वर्ग संघर्षलाई तिलाञ्जली दिएर शान्तिपूर्ण संक्रमण–द्वारा साम्यवादतर्फ अगाडि बढन सकिने अवधारणा प्रस्तुत गरिरहेको ख्रुश्चेभी संशोधनवाद यथार्थमा समाजवादको खोलमा पूँजीवादको पुनर्स्थापना गर्दै थियो। सोभियत राज्य ख्रुश्चेभले नेतृत्व गरेको नोकरशाहहरूको अधिकारमा थियो। मजदूरको पंक्तिभित्र र सरकारी कर्मचारी वर्ग भित्र प्रवेश गरिरहेका यी नौला बुर्जुवाहरू स्टालिन युगमा निर्माण गरिएको समाजवादी आधार तोडेर पूँजीवाद स्थापना गर्न सक्रिय थिए। सो. क. पा. को बीसौं महाधिवेशनमा



नोकरशाही राज्य पूँजीवादको संकटलाई सुधारबाट हल गर्न गोर्वाचोभ दिन परदिन स्वतंन्त्र बजारद्वारा निर्देशित हुने नांगो पूँजीवादी अर्थ व्यवस्थाकै नजीक पुग्दै थिए।

स्टालिनको 'व्यक्तिपूजा' विरूद्धको आक्रमणको रूपमा शुरू भएको ख्रुश्चेभी संशोधनवाद २२ औं महाधिवेशन १९६२ सम्म आईपुग्दा पूँजीवादको पुनर्स्थापनाको निम्ति निर्णायक कदमहरू उठाउने स्थितिमा पुगिसकेको थियो। २२ औं महाधिबेशनमा ख्रुश्चेभ र उसका अर्थविदहरूले समाजवाद भनेको 'उत्पादनको प्रचुरता हो' भन्ने नारा दिएर जसरी भएपनि उत्पादन बढाउनु पर्छ भन्ने नीतिको वकालत गरे। यस नयाँ नीतिलाई स्थापित गर्न त्यतिवेला सम्म प्रचलनमा रहेको उत्पादन बृद्धिदरलाई जनताको क्रयशक्तिले निरंतर उछिनीरहनु पर्ने नीतिलाई गलत सावित गर्न कोशीस गरे। त्यो नीतिले गर्दा नै सोभियत संघमा मुद्रास्फिति नबढेको र अति उत्पादनको संकट नभएको कुरा उनीहरूले बिर्सेर अथवा बेवास्ता गरेर जनताको क्रय शक्तिमा ह्रास आउने शर्तमा पनि 'उत्पादनको प्रचुरता'को नीतिलाई लागू गर्न खोजे। पूँजीवादी स्वार्थको पक्षपोषणको यो महत्वपूर्ण मोड थियो। उत्पादन बढाउन व्यक्तिगत संपतिमाथिको नियन्त्रण खुकुलो पारियो। करेसाबारी, कुखुरा पालन आदि जस्ता ससाना व्यक्तिगत संपत्तिको श्रोत प्रयोग गरेर किसानहरूलाई अर्थोपार्जन गर्न प्रोत्साहित गरियो भने फेक्ट्रीहरूमा उत्पादन बृद्धि गर्न भौतिक आकर्षण (Material Incentive) को प्रलोभन दिईयो। यी सुधारहरूको प्रभावमा बिस्तारै एउटा शक्तिशाली नोकरशाह पूँजीपति वर्गको उदय भयो। जसरी टिटो–गुटले राज्यशक्ति लाई प्रयोग गरेर युगोस्लाभियाका मजदूरहरूलाई निर्मम शोषण गर्ने वातावरण बनाई नोकरशाह पूँजीपति वर्गको उत्पादन गरिरहेका थिए; त्यसरी नै ख्रुश्चेभी प्रयोगले गर्दा सोभियत संघको अर्थ व्यवस्था भित्र भित्रै एक विशिष्ठ किसिमको राज्य एकाधिकार अर्थ व्यवस्थामा परिवर्तित हुदै थियो। यसको विशिष्ट चरित्र बारे संकेत गर्दै बब अभाकियान भन्छन् –

"संपूर्ण त होइन,तर मुख्य रूपले सोभियत संघमा एकाधिकार पूँजीवाद र साम्राज्यवादको रूप राज्य हुने गर्दछ। यो व्यक्तिगत पूँजीको रूपमा

हुदैन जस्तो कि विभिन्न कर्पोरेशनहरू–मा रहने गर्दछ,तर आधारभूत रूपमा र बढ्दो मात्रामा यो त्यही कुरा हो। सोभियत संघका उत्पादक संघहरू र विभिन्न मन्त्रालयहरू पश्चिमी देशमा पाईने ठूला कर्पोरेशन, बैंक, कार्टेल, गुठी आदिकै भूमिका निर्वाह गर्दछन् र निर्णायक कुरा त के हो भने सोभियत योजना र अर्थ मन्त्रालयहरूले मूल्यको सिद्धान्तलाई, विशेष गरेर अतिरिक्त मूल्यको संचयनको सिद्धान्त अर्थात मुनाफालाई अर्थ व्यवस्थाको निर्देशक सिद्धान्तको रूपमा पुनर्स्थापित गरिसकेका छन्।" (रिभोल्यूशनरी वर्कर.नं० २१, १९७९, पृष्ठ १२)

आफूलाई समाजवादी देश भनेतापनि मूल्यको सिद्धान्तलाई निर्देशक सिद्धान्त मान्ने, राज्य र नोकरशाहको प्रवल नियन्त्रण भएको, मुनाफामा आधारित राज्य एकाधिकार अर्थ व्यवस्थाको सोभियत संस्करणलाई नोकरशाह राज्य पूँजीवाद भनिनु सबै भन्दा उपयुक्त ठहर्छ भन्ने मलाई लागेको हो। वर्तमान सोभियत संकट त्यही नोकरशाह राज्य पूँजीवादको संकट हो। नोकरशाही राज्य पूँजीवादले जन्माएको आर्थिक गतिरोधको

> **लेनिनको जीवनको अन्तिम पत्रहरूमा स्टालिनलाई महासचिवको पदबाट हटाउनु पर्ने सुझाव पनि दिएका थिए।**

फलस्वरूप १९६० देखि १९८५ को २५ वर्षको अवधिमा पूँजी लगानीको अनुपातमा औद्योगिक उत्पादन ४० प्रतिशत घटीसकेको थियो र राष्ट्रिय आयको बृद्धिदरमा चिन्ताजनक गिरावट आएको थियो। त्यो संकटलाई गोर्वाचोभ नीतिले झन गहिरो र व्यापक बनायो। १९८८ मा सो.क.पा.को केन्द्रिय समितिको विस्तारित बैठकमा गोर्वाचोभ आफैंले 'बिगत तीन पंचवर्षीय योजनामा राष्ट्रिय आय बृद्धिदर आधाभन्दा बढी घटेको र गतिरोधको मानसिकता र सिद्धान्तले संस्कृति, साहित्य र कलामा प्रभाव पारेको' सत्यलाई स्वीकार्न बाध्य भए। सन् १९९१ का घटनाहरू त्यही संकटका उपज हुन। नोकरशाही राज्य पूँजीवादको संकटलाई सुधारद्वारा हल गर्न गोर्वाचेभ दिन-परदिन स्वतन्त्र बजारद्वारा निर्देशित हुने नाङ्गो पूँजीवादी अर्थव्यवस्थाको नजिक पुग्दै थिए। १९ अगस्तमा सैनिक शक्तिको प्रयोग गरेर गोर्वाचोभलाई हटाउने प्रयास नोकरशाह राज्य पूँजीवादलाई नांगो पूँजीवादमा परिवर्तित हुनबाट रोक्ने झिनो प्रयत्न थियो,जुन असफल भयो। यस अर्थमा गेन्नाडी येनायेभहरूले अलि अलि 'सुधार'को चाहना राखे तापनि मूलत: नोकरशाह राज्य पूँजीवादकै प्रति-


# दीपावलीको शुभ उपलक्ष्यमा

## समस्त देशबासीहरूको

## उत्तरोत्तर प्रगतिको कामना गर्दै

## हार्दिक शुभकामना

## व्यक्त गर्दछौं।

# खेतान इण्डष्ट्री हाउस

निधित्व गर्दछन् भन्ने मलाई लाग्दछ।

३५ वर्ष अगाडि ख्रुश्चेभी संशोधनवादले शुरू गरेको नोकरशाह राज्य पूँजीवादी सामाजिक आर्थिक व्यवस्था भत्किन लागेको थुप्रोमाथि अहिले नांगो पूँजीवादको जग बसाउन खोजिदै छ। 'ताप्केबाट उफ्रेको माछा भुंग्रोमा खसे'झैं, यथास्थितिबाट आजित भएका सोभियत जनता एउटा शोषणमूलक व्यवस्थाबाट अर्को शोषण मूलक व्यवस्थाको शिकार हुन पुगिरहेका छन्। 'नोकरशाही राज्य पूँजीवाद' लाई 'समाजवाद' सम्झने गल्ति गर्ने र त्यसलाई छद्‌म पूँजीवाद भनिदिए पुग्छ भन्ठान्ने दुबै पक्षका मित्रहरूले माथिका तर्कहरू माथि विचार गर्नु हुनेछ भन्ने विश्वास राखेको छु।

## आलोचनाको कसीमा स्टालिन युग पनि घोटिनु पर्दछ

आधुनिक संशोधनवादको भर्त्सना गर्दा खुश्चेभको टाउकोमाथि सबै दोष खन्याउने चलन छ। तर त्यो प्रवृत्तिले स्टालिनको मृत्युको केही समय भित्रै ख्रुश्चेभले स्टालिन युगका उपलब्धीहरूलाई उल्टाउन शक्ति कसरी जुटाउन सक्यो भन्ने प्रश्न माथि प्रकाश पार्दैन। द्वन्द्वात्मक भौतिकवादी विश्लेषणले भौतिक परिस्थिति बदल्नमा व्यक्तिको भूमिकाको यथोचित कदर त गर्दछ तर व्यक्ति स्वयं भौतिक परिस्थितिको उपज हुन्छ भन्ने कुरालाई अझ बढी महत्व दिन्छ। स्टालिन युगका विसंगति र कमजोरीहरूले माटो मलिलो नवनाई दिएको भए संशोधनवादले यति छिटै आफ्नो जरा गाड्न र फैलाउन कसरी सक्थ्यो? यो विचारणीय छ। यस प्रश्न माथि विचार गर्दा कतिपय चिन्तकहरू स्टालिनले अझ दृढतापूर्वक 'अधिनायकत्व' लगाउन नसकेको पो हो कि? भन्ने निष्कर्षमा पुग्दैछन्। तर स्टालिन युगलाई ठंडा मस्तिष्कले विश्लेषण गर्न खोज्दा त्यहाँ सर्वहारा जनवादको क्रमिक अवसानले उत्पन्न भएको विचारधारात्मक सचेतनताको कमी र विश्व पूँजीवादको घेराले उत्पन्न गरेको वाह्य प्रभावले ख्रुश्चेभी संशोधनवादलाई फस्टाउने मलिलो जमिन प्रदान गरेको विचारहरू बढी तर्कसंगत देखिन्छन्। यी आन्तरिक र वाह्य कारणहरूले जन्माएका स्टालिन युगका विसंगति र कमजोरीहरूले गर्दा सोभियत संघमा समाजवादका आधारहरू निर्माण भै सकेता पनि त्यति बेलाको सत्ताको प्रकृतिलाई 'राज्य समाजवाद' भनिनु बढी उपयुक्त हुन्छ जस्तो मलाई लाग्दछ। त्यसैले यी प्रस्थापनाहरूलाई केही विस्तारमा केलाउने प्रयत्न गरौं।



खुश्चेभ र उसका अर्थविदहरूले 'समाजवाद भनेको उत्पादनको प्रचुरता हो' भन्ने नारा दिएर जसरी भएता पनि उत्पादन वढाउनु पर्छ भन्ने नीतिको वकालत गरे।

चारैतिरवाट सम्राज्यवादी शक्तिहरूले घेरिएको सोभियत संघले स्टालिनको नेतृत्वमा एउटै देशमा भए पनि समाजवाद निर्माण गर्ने वीरतापूर्ण प्रयत्न गर्‍यो र सोभियत संघलाई यूरोपको पिछडिएको मुलुकबाट एउटा आधुनिक औद्योगिक राष्ट्रमा बदल्यो। दोश्रो विश्वयुद्धमा नाजी र फासी शक्तिहरूलाई पराजित गर्न मुख्य भूमिका निर्वाह गरी सारा मानव जातिलाई नै ठूलो गुन लगायो। अतिरिक्त मूल्यको सिद्धान्तबाट चल्ने अर्थव्यवस्थालाई निर्मूल पारेर समाजवादी अर्थव्यवस्थाका आधारहरू निर्माण गर्‍यो। संशोधनवादी विचार र भडकाउहरू विरूद्ध दृढतापूर्वक संघर्ष गर्‍यो। तर यी सब उपलब्धीहरूका बावजुद स्टालिन युगमा गम्भीर गल्तिहरू भए। त्यसमा कतिपय गल्तिहरूलाई पन्छाउन सकिन्नथ्यो; केहीलाई भने पन्छाउन सकिन्थ्यो। स्टालिन युगका गतिविधिहरूमाथि स्टालिन व्यक्तिको सकारात्मक र नकरात्मक प्रभाव पनि त्यत्तिकै महत्वपूर्ण छ। स्टालिनमा महान क्रान्तिकारीको गुण भएता पनि उनमा केही स्वभावगत कमजोरीहरू थिए। विशेषत: शक्तिको निरंकुश प्रयोग र मित्रहरूसंग पनि कठोर र रूखो व्यवहार गर्न सक्ने स्टालिनका यी दोषहरूलाई औंल्याएर लेनिनले आफ्नो जीवनको अन्तिम पत्रहरूमा उनलाई महा-सचिवको पदबाट हटाउनु पर्ने सुझाव पनि दिएका थिए। लेनिनको त्यो महत्वपूर्ण टिप्पणी यस प्रकार छ–

"कमरेड स्टालिन महा-सचिव भए पछि आफ्नो हातमा असीमित शक्ति केन्द्रित गरेका छन्। र म आश्वस्त छैन कि उनले त्यो प्राधिकारलाई सदैव आवश्यक सावधानीका साथ उपयोग गर्न सक्लान ... ... स्टालिन रूखा (Rude) छन् र यो कमजोरी हामी कम्युनिष्टहरू बीच

व्यवहार गर्न सहन योग्य भएता पनि एउटा महा-सचिवको पदको निम्ति असहनीय हुन्छ । त्यसकारण म कमरेडहरूलाई स्टालिनलाई त्यो पदबाट हटाएर अर्को मान्छेलाई त्यहाँ राख्ने उपायहरू सोच्नको लागि सुझाव दिन्छु, जो स्टालिन भन्दा बढी सहनशील, बढी इमान्दार, बढी नम्र, कमरेडहरूप्रति संवेदनशील र बढी विश्वसनीय होस् ।"(लेनिन चुनिएका रचनाहरू, अंग्रेजी, ग्रन्थ ३, १९७७ पृष्ठ ६८०–६८१)

तर आफ्नो क्रान्तिकारी अडान, संगठन कुशलता र ट्राटस्कीसंगको बहसमा जनमतलाई आफ्नो पक्षमा ल्याउन सफल भएको हुनाले स्टालिन आफ्ना तमाम कमजोरीका वावजुद सत्तामा रहि रहे । पहिलो पञ्चवर्षीय योजनाको कृषि सामूहिकीकरण र औद्योगीकरणको सफलताले उनको लोकप्रियतामा अरू वृद्धि गऱ्यो तर समाजवादको जग बसाल्ने पञ्च वर्षीय योजनाको युगान्तकारी प्रयत्नहरूका साथ साथै सोभियत राज्य संचालनमा सोभियत जनवादको महत्व घटने विसंगति पनि शुरू हुन थाल्यो । मजदुरहरूको हडताल गर्ने अधिकारमा परोक्ष रूपले प्रतिवन्ध लाग्यो । "सोभियतहरूको कांग्रेस" अथवा सुप्रिम सोभियतलाई सर्वोच्च

**स्टालिन युगको समाजवाद जनतावाट अलगिंदै गएको राज्यको अत्याधिक नियन्त्रण भएको समाजवाद हुन पुग्यो ।**

अंग भनिएता पनि व्यवहारमा वसबाट निर्वाचित केन्द्रिय कार्यकारिणी समिति नै सोभियत संघको नीति वनाउने सर्वोच्च अंग भयो र सुप्रिम सोवियत त्यस नीतिलाई औपचारिक स्वीकृती प्रदान गर्ने संस्था मात्र वन्न पुग्यो । सोभियतहरूको चुनावमा कहिल्यै पनि एक भन्दा बढी प्रतिनिधि खडा भएनन् र भोट तिनीहरूकै पक्ष वा विपक्षमा खसाल्नु पर्ने विचित्रको चुनावलाई सोवियत प्रजातन्त्रको मोडेलको रूपमा पेश गरियो । सोवियत जनताको प्रत्यक्ष सहभागिताद्वारा सञ्चालन हुनु पर्ने सर्वहारा वर्गको अधिनायकत्व टुप्पामा बसेका नेताहरूको सद्विवेक र कार्यकुशलतामा निर्भर हुन पुग्यो र त्यसको दुरूपयोग भएको खण्डमा तलबाट नियन्त्रणको संभावना हराएर गयो । स्टालिन युगका यिनै कमजोरीहरूले गर्दा सोभियत संघमा समाजवादका आधारहरू निर्माण भएतापनि योजनावद्ध अर्थव्यवस्थाले आदेशात्मक अर्थव्यवस्थाको रूप लिंदै थियो र नोकरशाहहरूले टाउको उठाउन थालेका थिए ।१९५२ मा सो. कं. पा. को १९ सौं महाधिवेशनमा


विजया दशमी तथा

दीपावलीको उपलक्ष्यमा

समस्त देशवासीमा

हार्दिक मंगलमय

शुभ-कामना

**खाद्य उद्योग (प्रा.) लि.**

**हेटौंडा औद्योगिक क्षेत्र,**

हेटौंडा

**शुभ विजया दशमी**

**तथा**

**दीपावलीको उपलक्ष्यमा**

समस्त ग्राहक वर्गमा

हार्दिक शुभ-कामना

**पशुपति आयल ट्रेड कन्सर्न,**

**(गोलबजार)** सिराहा

मालेन्कोभद्वारा प्रस्तुत गरिएको रिपोर्टमा यी समस्याहरूतर्फ संकेत गरिएको देख्न सकिन्छ।

स्टालिन युगका यी कमजोरीहरूको पछाडि स्टालिन व्यक्ति भित्र रहेका कमजोरीहरू एक निश्चित हदसम्म जिम्मेवार छन् । विशेष गरेर त्यस अवस्थामा, जब स्टालिन एउटा नायकको रूपमा स्थापित भै सकेका थिए र सोभियत र कम्यूनिष्ट पार्टी दुबैका केन्द्रीय कार्यकारिणी समितिका निर्णयहरूलाई आफ्नो व्यक्तित्वको सदुपयोग वा दुरूपयोगले प्रभावित गर्न सक्थे । त्यसैले ख्रुश्चेभी संशोधनवादको आक्रमणबाट स्टालिनको रक्षा गर्दै उनलाई महान मार्क्सवादी लेनिनवादी र सर्वहारा क्रान्तिकारी मानेता पनि चीनिया कम्यूनिष्ट पार्टीले उनको व्यक्तित्वको कमजोर पक्ष औंल्याउन मरमुलाहिजा गरेको थिएन । उदाहरणको लागि-

"स्टालिन कहिलेकाँही वास्तविकता र जनसमुदायबाट टाढिन पुग्थे । पार्टीको भित्री र वाहिरी संघर्षमा...... उनले मित्र र शत्रुहरूको वीचमा र जनताको वीचमार उत्पन्न हुने अन्तरविरोध र त्यसलाई हल गर्ने बेग्ला बेग्लै तरीकाहरू बारे छ्यासमिस गर्थे । स्टालिनको नेतृत्वमा गरिएको प्रतिक्रान्ति दमन अभियानमा कतिपय प्रतिक्रान्तिकारीहरूले उचित सजाय पाए भने कति निर्दोष व्यक्तिहरूलाई दण्डित गरिने गल्ति भयो । १९३७ र १९३८ मा प्रतिक्रान्तिकारीहरूको दमनमा विस्तार गर्ने भूल गरियो । पार्टी र सरकारी संगठनहरूमा उनले पूर्ण रूपेण सर्वहारा जनवादी केन्द्रीयता लागू गरेनन् र कतिपय वेलामा त त्यसको उल्लंघन गरे ।"

('महान वहस' सर्वहारा प्रकाशन पृष्ठ – १२० – १२१)



**स्टालिन युगका विसंगति, कमजोरीहरूले माटो मलिलो नबनाईदिएको भए संशोधनवादले यति छिटै आफ्नो जरा गाड्न र फैलाउन कसरी सक्थ्यो ?**

स्टालिन युग इतिहासको एक अति महत्वपूर्ण अवधि हो र त्यसका केही पक्षहरूको चर्चा गरेर समग्र युगको विश्लेषण हुन सक्तैन । त्यसको लागि छुट्टै प्रयत्नको खाँचो हुन्छ । यो लेखमा स्टालिन युगका केही विसंगति, कमजोरी र विशेषताहरू औंल्याएर त्यति बेलाको समाजवादको विशिष्ट प्रकृति संकेत गर्न मात्र खोजिएको छ र विश्व स्तरमा साम्राज्यवाद र एकाधिकार पूँजीवादको मोर्चा वन्दी, विकसित पूँजीवादी मुलुकमा समाजवादी क्रान्तिको विस्तार हुन नसक्नु, सोवियत रुसको उत्पादक शक्तिहरूको पछौटेपन, समाजवाद निर्माणको व्यवहारिक अनुभवको अभाव, स्टालिनका स्वभावगत कमजोरीहरू, सर्वहारा जनवादको क्रमिक अवसान र सर्वहारावर्गको अधिनायकत्वको अधकचल्वो समझदारी आदि विशिष्ट कारणहरूले गर्दा स्टालिन युगको समाजवाद जनताबाट अलगिद राज्यको अत्यधिक नियन्त्रण भएको समाजवाद हुन पुग्यो । त्यस्तो समादवाद को उपयुक्त नाम 'राज्य समाजवाद' हो भन्ने मेरो मान्यता रहेको छ ।

## केही निष्कर्षहरू

सोभियतमा संघमा समाजवाद निर्माणको प्रयत्न, सशोधनवादको उदय र वजार अर्थतन्त्रमा आधारित पूजीवादको वर्तमान लहरले समाजवादी आन्दोलनलाई दुई महत्वपूर्ण पाठ सिकाएको छ । पहिलो-पार्टी र जनसमुंदायको विचारधारात्मक सचेतनताको स्तर जति तल गिऱ्यो, त्यति समाजवादी आन्दोलन संशोधनवाद या जडसूत्रवादमा जाकिने डर हुन्छ । सो. क.पा.को १९ सौं महाधिवेशनमा प्रस्तुत गरिएको रिपोर्टमा उल्लेख भएको झैं यदि आलोचना र आत्मालोचनालाई वेवास्ता गरियो भने, यदि संगठन र संस्थाहरू माथि जनताको नियन्त्रण कमजोर भयो भने त्यसको अवश्यंभावी परिणाम नोकरशाही तन्त्र र विभिन्न प्रकारका विकृतिहरूको जन्म हुन्छ । "सर्वहारा जनवाद विना सर्वहारा अधिनायकत्व संभव छैन" भन्ने घोषणा गर्दै जननीति (Mass Line) र सर्वहारा साँस्कृतिक क्रान्तिलाई व्यवहारमा लागू गरेर देखाउने माओत्सेतुङ्गका विचारहरूको महत्व यस संदर्भमा अझ बढी खुल्न आउँछ ।

दोश्रो, एउटा देशमा समाजवाद निर्माण एउटा सीमा सम्म मात्र गर्न सकिन्छ । विश्वका अन्य देशहरूमा पनि समाजवादको विस्तार भएन भने एउटा देश भित्रको समाजवाद निर्माणलाई आवश्यक सरसहयोग पुग्न सक्दैन । साम्राज्यवादी व्यवस्था अत्यन्त एकीकृत विश्व पूजीवादी अर्थ व्यवस्था हो र विश्व क्रान्तिको अभावमा समाजवादी

राष्ट्रहरू यसमा भाग लिन र प्रभावित हुनबाट बच्न सक्तैनन्। पूँजीवादी देशहरुको घेरामा परेको समाजवादी देशमा ढीलो छिटो थुप्रै विसंगति र कमजोरीहरू देखा पर्न थाल्दछन् र अन्तत: त्यसले खुल्ला वा छद्म रूपमा पूँजीवादको पुनर्स्थापना गराई छोड्छ। तसर्थ एउटा देशमा समाजवादी निर्माणको आफ्नै ठूलो महत्व भएता पनि र त्यसको दृढतापूर्वक रक्षा गर्दै अगाडि बढाउनु पर्ने दायित्व भएतापनि त्यो प्रयत्न सदैव विश्व क्रान्तिकारी आन्दोलनको मातहत हुनुपर्छ र विश्व क्रान्तिको सफलता प्रयत्नले प्राथमिकता पाउन कुनै एक देशले खतरा मोल्नुपर्छ भने त्यो खतरा उठाइनु पर्दछ। अर्को शब्दमा सर्वहारा अन्तर्राष्ट्रियवादको महत्व सर्वोपरि भएको स्वीकार्नु बान्छनीय छ।

**माओत्सेतुङ्गका विचारहरूको महत्व यस संदर्भमा अरू बढी खुल्न आउँछ।**

अन्त्यमा, सोवियत संघमा समाजवादको निर्माण अभियान राज्य समाजवादको सीमाभित्र बाँधिन पुग्नु राज्य समाजवादका विसंगति र कमजोरीहरूले ख्रुश्चेभी संशोधनवादको उदय संभव तुल्याउनु र



**पूजीवादको तर्कसंगत र मानवीय बिकल्पको प्रतिनिधित्व समाजवादले मात्र गर्छ।**

त्यसले क्रमश: समाजवादी आधार नष्ट गर्दै जन्माएको नोकरशाही राज्य पूँजीवादको संकटलाई 'समाजवादको मृत्यु' मानेर उत्सव मनाईरहेका श्रम चुसाहा वर्गका प्रलापपूर्ण दावीहरूले समाजवादीहरूलाई दिग्भ्रमित गराउन सकेको छैन भन्ने मेरो विश्वास छ। किनभने पूजीवादको उपस्थितिले नै त्यस्ता दावीहरूको निरर्थकता सावित गर्दछ। पूजीवादको अमानवीय क्रुर र अपराधपूर्ण व्यवस्थाको तर्कसंगत र मानवीय विकल्प समाजवाद मात्र हो र समाजवादीहरू, पहिले भन्दा अझ डटेर, त्यो विकल्पको रक्षा गर्दै त्यसलाई अघि बढाईरहेका छन्। राल्फ मिलिब्रान्डको शब्दमा –

"के कुराले त्यस्ता दावीहरूलाई वाहियात सावित गर्दछ भने पूँजीवाद अझै अस्तित्वमा छ। यसको मेटाउनै नसकिने सीमाहरूले गर्दा पूँजीवाद आफ्नै चारैतिर मानिसहरूलाई विकल्प खोज्न निरन्तर लागि रहनु पर्ने स्थितिको ग्यारंटी गर्दछ। पूँजीवादको तर्कसंगत र मानवीय विकल्पको प्रतिनिधित्व समाजवादले मात्र गर्दछ। समाजवादीको रूपमा हाम्रो दायित्व पहिले भन्दा अझ डटेर, त्यो विकल्पको रक्षा गर्नु र त्यसलाई अघि बढाउनु हो।"


विजया दशमी २०४८ को पुनीत उपलक्ष्यमा हाम्रा समस्त ग्राहक वर्गहरूमा हार्दिक मंगलमय शुभ-कामना अर्पण गर्दछौं।

देशव्यापी फैलिएका हाम्रा संपूर्ण शाखाहरूवाट छिटो, छरितो तथा स्तरयुक्त बैंकिग सेवाको लागि हामीलाई संझनु होस्।

**राष्ट्रिय वाणिज्य बैंक**
**केन्द्रिय कार्यालय**
टंगाल, काठमाडौं
फो.नं. ४१७५३६, ४१४८००, ४१६८४७

विजया दशमी र दीपावलीको शुभ उपलक्ष्यमा
समस्त ग्राहक वर्गमा
तथा
जिल्लावासीहरूमा
**हार्दिक शुभ कामना**
व्यक्त गर्दछौं !

**रामरतन शाह**
**अमरनाथ राइस मिल**
घनगढी, सिराहा

# यस पटकको संसदले के देखाएको छ ?

( १० पेजको बाँकी )

यसरी यो नियमावलीको अभ्यासद्वारा जनताले आफूमा रहेको सार्वभौमसत्ता आफूले चुनेको सांसद मार्फत अभ्यास नै गर्न सक्दैनन् । यो नियमावलीले संसद र सांसदहरूलाई होइन,सरकार र सभामुखलाई मात्र सर्वाधिकार संपन्न बनाएको छ । पार्टीका कुरादेखि बाहेक सार र गुणमा यो नियमावली पञ्चायती निरंकुशतन्त्रको पालाको राष्ट्रिय पञ्चायत नियमावली भन्दा प्रगतिशील र भिन्न छैन । यो नियमावलीको प्रजातन्त्रको कुनै पनि पक्षपाती शक्तिबाट सशक्त विरोध हुनु पर्दथ्यो । तर विडम्बना र विरोधाभाषको कुरो के भने यही प्रतिगामी र गैर प्रजातान्त्रिक नियमावलीलाई आफूलाई सबैभन्दा प्रजातन्त्रवादी ठान्ने नेपाली कांग्रेसले गीता वाक्य बनाएर संसद संचालन गरीरहेछ, वामपन्थी सांसदहरू समेत चुपचाप यसको अनुसरण गरीरहेछन् ।

## संसदमा सरकारका क्रियाकलापहरू

संसदमा वामपन्थी सांसद मुकुन्द न्यौपाने ( ने. क. पा. एमाले ) द्वारा पेश गरिएको ट्रेडयूनियन, औद्योगिक व्यवसाय र श्रम संबन्धी तीन वटा विधेयक दर्ता भईसके पछि पनि छलफलमै नल्याई जवर्दस्ती खारेज गरियो । खारेजीको विरोधमा संसद वहिष्कार गरेको मौका पारेर कायरतापूर्ण ढंगबाट ४ वटा विधेयक पास गरियो । यही अधिवेशन अवधिमा अर्घाखाँची र खोटाङमा सरकारले जनतामाथि अन्यायपूर्वक गोली हान्यो र मानिस समेत मार्‍यो । वामपन्थी सांसदहरूले यसको न्यायिक जाँच हुनुपर्छ भनेर विल्कुलै प्रजातान्त्रिक माग गरे । तर नेपाली कांग्रेस सरकारले यो मागलाई समेत जवर्जस्ती अस्वीकार गर्‍यो । नेपाली कांग्रेसको पार्टी सचेतकलाई समेत प्रतिनिधि सभाको विपक्षी दलका नेता सरह र राष्ट्रिय सभाको विपक्षी दलका नेता भन्दा बढी तलव सुविधा दिलाउने अनैतिक निर्णय पनि सरकारले संसदीय बहुमतको दुरुपयोग गर्दै यसै अधिवेशनमा पास गरायो । संसद चलिरहेकै समयमा संसदलाई सुचनै नगरी र यसको स्वीकृती विना नै २०१४ सालको प्रतिगामी' अत्यावश्यक सेवा संवन्धी ऐन' समेत गैर संवैधानिक र गैर प्रजातान्त्रिक तवरले लागू गर्ने कार्य समेत सरकारले गर्‍यो । वामपन्थी सांसद रकम चेमजोङ (एमाले) द्वारा राखिएको जनजाति संबन्धी संकल्प पनि नेपाली कांग्रेसका पार्टी सचेतकको प्रस्तावमा मूल आशयनै खतम हुने गरी संशोधन गरियो ।

यही अधिवेशनले सरकारको प्रस्तावमा 'प्रेस र छापाखाना संबन्धी विधेयकमा त्यस्तो प्रावधान पनि जवर्जस्ती पास गर्‍यो जसले संविधानमा तोकें जस्तो राजा, रानी र युवराजको आचारणको संसदमा मात्र आलोचना गर्न नपाईने होइन, राजपरिवारको ज्यादतीको पत्र पत्रिकामा समेत आलोचना छाप्न प्रतिबन्ध लगाउँछ । यो जन-आन्दोलनले जनतामा ल्याएको प्रजातान्त्रिक अधिकार एक एक गरी खोस्दै दर्वारमा बुझाउने सरकारको प्रवृतिको एउटा नांगो उदाहरण हो । राजा समेत जनतामा आलोच्य भईरहेको अहिलेको परिस्थितिमा राजपरिवारलाई पनि आलोचना भन्दा माथि बनाउने नेपाली कांग्रेसको सरकारको दर्वारमुखी प्रवृति प्रजातन्त्रको खतरापूर्ण भविष्यको संकत हो । तर आश्चर्यको कुरो के भने यति गंभीर गैर-प्रजातान्त्रिक निर्णय विरूद्ध कहींबाट पनि सार्वजनिक भण्डाफोर र सशक्त संघर्ष भएन, मानौ, यहाँ केही ठूलो घटना घटेकै छैन । स्थानीय निकायको प्रतिनिधिमूलक चुनाव र स्वायत्तताको प्रश्न वामपन्थी सांसदहरूले संसदमा उठाएका हुन् । सरकारले त्यसमा यसै वर्ष चुनाव गराउने र ऐन ल्याइने भनेर वचन पनि दिएको हो । तर आफ्नै वचन विपरीत त्यस संबन्धी कुनै विधेयक नल्याईकन नै यस पटकको अधिवेशन सिध्याइएको छ ।

यी क्रियाकलापहरूले नेपाली कांग्रेसको सरकार र संसदीय वहुमत संसदमा नियमावलीको प्रयोग र दुरूपयोगद्वारा आफ्नो स्वार्थ अनुकूल जे पनि गर्न र निर्णय लाद्न तयार छ भन्ने देखाएका छन् । आफूलाई देशको एक मात्र 'प्रजातन्त्रवादी शक्ति' ठाने-

**सरकार र बहु मत एक्लिनुको सट्टा बलवान बनिरहन सम्भव भयो ।**

तापनि सत्ता आफ्नो हातमा आउँदा नेपाली कांग्रेस पनि तानाशाहीकै अभ्यास गर्दो रहेछ भन्ने यी घटनाहरूले उदांगो पारेका छन् । यी घटनाहरूले के पनि देखाएका छन् भने संसदीय प्रजातन्त्र वास्तवमा एउटा औपचारिक मामला मात्र बन्न गएको छ । प्रजातन्त्र भनेको अभिव्यक्ति स्वतन्त्रता मात्र होइन, यो विचारहरूको मन्थनद्वारा सबै भन्दा उन्नत, सही र समग्र विचार विकास गर्ने प्रक्रिया हो । यो उद्देश्य र प्रक्रिया नभएको प्रजातन्त्र निरर्थक र औपचारिक मात्र हुन्छ । तर संसदमा भने यो प्रक्रिया नै विद्यमान

छैन । संसदमा सरकार र वहुमत बिपक्षीको कुनै पनि विचार स्वीकार गर्न तयार छैन, चाहे त्यो जतिसुकै तथ्यसम्मत, सही र जनमुखी किन नहोस् । विपक्षी सांसदहरू बोल्छन् । सरकार र वहुमत त्यो सुन्छ मात्र । तर अन्ततः त्यही नै विचार मात्र पास हुन्छ, जुन सरकार वा वहुमतले पहिलै नै प्रस्ताव गरेको थियो । सरकारको कार्यक्रम, वार्षिक बजेट, र सरकारले पेश गरेका संपूर्ण विधेयकहरूमा संसद अधिवेशनमा यस्तै भयो ।

**प्रतिगामी र गैर प्रजातान्त्रिक नियमावलीलाई आफूलाई सबै - भन्दा प्रजातन्त्रवादी ठान्ने नेपाली कांग्रेसले गीता वाक्य वनाएर संसद संचालन गरीरहेछ, वाम-पन्थी सांसदहरू समेत चुपचाप यसको अनुसरण गरीरहेछन ।**

यो स्थिति आफैले जनताको जीवनको र समाजको विकासको मूलभूत समस्या हल गर्नका लागि संसदमा बोलेर छलफल गरेर संसद मार्फत नै उन्नत, सही र जनमुखी विचार, नीति र कार्यक्रम विकास गर्न सकिन्छ भन्ने प्रस्थापनालाई गलत सावित गरेको छ । यसका लागि गैर -संसदीय संघर्ष अर्थात सडक - संघर्ष सिवाय अर्को कुनै प्रभावकारी बाटो नै छैन भन्ने कुरा संसदको स्थिति आफैले देखाएको छ । यसरी संसदको यस अधिवेशन आफैले संसद प्रति अविश्वास जगाउने आधार पैदा गरेको छ ।संसद आफैले सडक गतिविधिको आवश्यकता - को माग गरेको छ ।


## पढ्न नभुल्नु होस्!

साप्ताहिक - छलफल

साप्ताहिक - नेपाल पत्र

साप्ताहिक - उषा

वा:पौ- इनाप (नेपालभाषा)


## संसदमा बामपन्थी सांसदहरू -को क्रियाकलापको समीक्षा

संसदको यस अधिवेशनमा जनता - को जीवन, जनताको सर्वोच्चता र राष्ट्रको स्वाधीनताको निम्ति, अन्यायमा परेकाहरू र उत्पीडितहरूको लागि सबैभन्दा बुलन्द आवाज उठाउ-ने शक्ति वामपन्थी सांसदहरू नै भए । महंगीको सवालदेखि लिएर मजदूर निष्काशनको सवाल सम्म, कर्मचारी दमनको सवालदेखि लिएर सुकुम्वासी - को समस्या सम्म, असमान सन्धिको खारेजीको सवालदेखि, अर्घाखाँची र खोटाङको गोलि काण्ड सम्म, संसदमा वहुमतको तानाशाहीदेखि लिएर देशका अन्य भागमा चलाईएको मनपरीतन्त्रसम्म, जन जीवन, जन अधिकार र राष्ट्रको हितको पक्षमा लगातार संसद भित्र आवाज उठाउने शक्तिका रुपमा वामपन्थी सांसदहरू नै रहे ।

**संसदमा सरकार र बहुमत विपक्षको कुनै पनि विचार स्वीकार गर्न तयार छैन, चाहे त्यो जतिसुकै तथ्यसम्मत सही र जनमुखी किन नहोस् ?**

नेपाली कांग्रेसको संसदम प्रजातन्त्रको हत्या गर्ने, सार्वभौमसत्ता सरकारमा सीमित गर्ने र जनताले आन्दोलनद्वारा लिएको अधिकार खोस्दै लैजाने प्रवृति र प्रक्रयाको सजग प्रहरी र सशक्त बिरोधीको रुपमा पनि वामपन्थी सांसदहरू नै रहे ।

कर्मचारी आन्दोलनको सवालमा वामपन्थी सांसदहरूले सडक र सदन दुवै ठाउँमा सशक्त आवाज उठाए

यी सबै सकारात्मक पक्षहरूका बावजूद घोषित उद्देश्य र गरिएका कामहरूको परिप्रेक्ष्यमा वामपन्थी विपक्ष संसदमा असंगठित, असंयोजित र दिशाहीन रह्यो । न संसदको क्रान्तिकारी भण्डाफोर र उपयोग गर्ने उद्देश्यले साँसदमा जाने संसदहरूले संसदका दोषहरू संसदकै क्रियाकलाप - का आधारमा जन समक्ष भण्डाफोर गर्न सके न संसद मार्फत जनताको जीवन र समाजको विकासको निम्ति रचनात्मक काम गर्न सकिन्छ भनेर संसदमा जाने सांसदहरूले नै त्यो निष्कर्ष व्यवहारमा सही सावित गर्न सके ।

**क्रान्तिकारी भण्डाफोर र उपयो-गको निम्ति संसदमा जाने सांस-दहरू र संसद मार्फत रचनात्मक काम गर्न सकिन्छ भनेर जाने सांसदहरू - दुवैको निम्ति मुख्य समस्या विषय–वस्तुको अस्पष्टता रह्यो ।**

क्रान्तिकारी भण्डाफोर र उपयो-गको निम्ति संसदमा जाने सांसदहरू र संसद मार्फत रचनात्मक काम गर्न सकिन्छ भनेर जाने सांसदहरू दुवैको निम्ति मुख्य समस्या बिषय-वस्तुको अस्पष्टता रह्यो । संसदमा कुन सवालमा के वोल्ने र के गर्ने ? पूरै अधिवेशन भरी यही समस्याले उनी - हरूलाई पिरोलीरह्यो । सम्वन्धित पार्टीले यस संवन्धमा उनीहरूलाई सही किसिमले र निरन्तर रुपमा दिशा निर्देश गर्नु पर्दथ्यो । तर गर्न सकेन । यो कामको निम्ति सक्षम, सवल र छरितो पार्टी यन्त्रको आवश्य-

**ससंद प्रतिको जनताको भ्रम साफ गर्ने थुप्रै मसलाहरू सरकारले दिदा दिंदै पनि ती सार्वजनिक भण्डाफोडको विषय बन्न सकेनन् ।**

कता हुन्थ्यो । त्यस्तो पार्टी यन्त्रले मात्र हरेक सवालबारे, निरन्तर रूपमा र ठीक समयमा बोलिनु पर्ने र गरिनु पर्ने कुराहरूबारे दिशा निर्देश गर्न सक्दथ्यो । सदन र सडकलाई संयोजित गरिदिन सक्दथ्यो । आवश्यक पर्दा तुरुन्तै सडक कार्यक्रम र विषय विशेषज्ञहरू समेत संगठित गरीदिन सक्दथ्यो । तर पार्टी नेतृत्वले या त यस्तो संयोजन र दिशा निर्देशको आवश्यकता नै बोध गरेन या यस्तो पार्टीयन्त्र नै रहेन । फलस्वरुप पार्टी नेतृत्व र सांसदहरू बीच जीवित संबन्ध र संयोजन नै हुन सकेन ।

**जन जीवन, जन अधिकार र राष्ट्रको हितको पक्षमा लगातार संसद भित्र आवाज उठाउने शक्तिका रूपमा वामपन्थी सांसदहरू नै रहे ।**

क्रान्तिकारी उपयोग वा भण्डाफोरका निम्ति सबै भन्दा महत्वपूर्ण साधन सदन र जनतालाई पूलका रुपमा जोड्ने दैनिक पत्रिका र पर्चा हुन्छ र जनता बीच तुरुन्तै प्रचार र व्याख्या गर्ने बलियो सांगठनिक प्रचारकहरूको जालो हुन्छ । यो बिना तुरुन्तै संसदको गतिविधि जनसमक्ष भण्डाफोर गर्न र सडकबाट जन दवाव सिर्जना गर्न संभव नै हुँदैन । तर पार्टीले यस्तो दैनिक पत्रिका, पर्चा र संगठक प्रचारकहरूको जालोको पनि प्रभावकारी र व्यवस्थित प्रबन्ध गर्न सकेन । फलस्वरुप भण्डाफोर वा उपयोगको निम्ति गएका सांसदहरू गोलीगठ्ठा विनाका सेना जस्तै भए । भण्डाफोर मूलतः संसदकै चारकिल्लाभित्र कैद भयो । संसद प्रतिको जनताको भ्रम साफ गर्ने थुप्र मसलाहरू सरकारले दिँदा दिँदै पनि ती सार्वजनिक भण्डाफोरको विषय बन्न सकेनन् ।

सरकारको र नेपाली कांग्रेसको तानाशाही, गल्ती कमजोरी र मनपरीतन्त्र विरुद्ध प्रभावकारी संघर्ष गर्न सडक र सदन दुवै ठाउँमा मूलतः वामपन्थी सांसदहरूको बीच र संभव विषयमा संपूर्ण विपक्षी दलहरू बीच जीवित संवन्ध र संयोजनको र संयुक्त संघर्षको जरुरी हुन्छ । समूहगत अभिमान र अदूरदर्शिताको कारणले यो पनि यस पटकको संसद अधिवेशन -मा भएको देखिएन । यस्तो नगर्नाले थुप्रै गल्ती कमजोरीका बाबजूद सरकार र वहुमत एक्लिनुको सट्टा बलवान बनीरहन संभव भयो ।

यो नियमावली विरुद्ध संघर्ष नगर्नु, चूपचाप स्वीकार्नु अर्को ठूलो गल्ती थियो । समय अझै छ । आगामी अधिवेशनमा यो प्रतिगामी नियमावलीको सशक्त विरोध हुनु जरुरी छ ।

वाम सांसदहरूको अत्यधिक समय अरु नै स्रोतवाट बुझेर हेरे पनि थाहा हुने सवालमा प्रश्न गरेर वितेको देखिन्छ । यो प्रक्रया रोक्नु जरुरी छ र अत्याधिक समय आफ्नो उद्देश्य पूरा गर्ने विषयमा केन्द्रित गर्नु जरुरी छ । □

**– श्याम श्रेष्ठ**

ज्ञान / विज्ञान

# के तपाईं क्यान्सर निको पार्न चाहनु हुन्छ ?

## क्यान्सर विरूद्धको संघर्षमा विजयी डा. नान शान

अत्यन्त भयानक र औषधिविहीन रोग मानिने क्यान्सर विरूद्धको संघर्षमा चीनिया डाक्टर डा० नान शानले 'फर्माश्यूटिकल नं. १' नामक जडिबुटीको औषधि अविष्कार गरी विजय प्राप्त गरेका छन् ।

क्यान्सर विरूद्धको संघर्षमा विजय प्राप्त गरेपछि डा० नान शानको क्लिनिक र उहाँको 'फर्माश्यूटिकल नं० १' नामक औषधिको प्रसिद्धी चीनमा मात्र होइन, संसार भरिनै फैलिन थालेको छ, जसको प्रभावस्वरूप उहाँको क्लिनिकमा देश देशान्तरका क्यान्सरका रोगीहरू ओइरिन थालेका छन् ।

डा० नान शानको 'फर्माश्यूटिकल नं० १' औषधिको पछाडिको सिद्धान्तको प्रस्थापना के छ भने प्रत्येक व्यक्तिमा क्यान्सरका सेलहरू हुन्छन्, तर क्यान्सरको सेल तिनीहरूमा मात्र वृद्धि हुन्छ, जसको रोग विरूद्धको प्रतिरोध शक्ति नष्ट भएको हुन्छ । त्यसैले क्यान्सर निको पार्ने हो भने रोगीमा प्रतिरोध क्षमता बृद्धिगर्नु पर्दछ, ताकि रोग विरूद्ध लड्ने

**'जादूगर डाक्टर' तथा 'क्यान्सर उन्मुलक' जस्ता विशेषणद्वारा विभूषित डा. नान शानले सन् १९८८ मई महिनादेखि १९९० फरवरी भित्रमा मात्रै ९,५२६ जना क्यान्सरका रोगीहरूलाई सफल उपचार गर्नु भयो ।**

क्षमता रोगी आफैंमा बृद्धि होस् । डा० नान शानको क्यान्सरको ओखती 'फर्माश्यूटिकल नं० १' ले यही कार्य गर्छ ।

'जादूगर डाक्टर' तथा 'क्यान्सर उन्मुलक' जस्ता विशेषणद्वारा विभूषित डा० नान शानले सन् १९८८ मई महिनादेखि १९९० फरवरी

भित्रमा मात्रै ९,५२६ जना क्यान्सर-का रोगीहरूलाई सफल उपचार गर्नु भयो । डा० नान शानद्वारा 'फर्माश्यूटिकल नं० १' को प्रयोगबाट उपचार गरिएका ४४ जना क्यान्सरका रोगीहरूमाथि 'चिनीया औषधीमाथि बहुआयामिक अध्ययनको निम्ति हाङ्चाउ उन्सान संस्था द्वारा गरिएको एक अध्ययन अनुसार १८ जना रोगीहरू पूर्ण स्वस्थ भएको र अन्य २६ जना मध्ये १२ जनामा औषधिले सन्तोषजनक असर देखाएको, अरू १२ जनालाई उल्लेखनीय असर परेको र २ जनामा मध्यम स्तरको असर परेको भेटिएको छ ।

उक्त अध्ययनको रिपोर्ट अनुसार 'फर्माश्यूटिकल नं० १' ले ब्यक्तिलाई स्वस्थ रहन सहयोग पुर्‍याउँछ, अस्वस्थ प्रभावहरूबाट मुक्त पार्छ तथा रोगहरू विरुद्धको शारीरिक प्रतिरोध क्षमतालाई सवल बनाउँछ । यो अनुसन्धानले 'फर्माश्यूटिकल नं० १' लाई ट्यूमरको उपचारमा प्रभावकारी तथा सुरक्षित औषधि हो भन्ने देखायो ।

यो औषधि विरामीका लागि कत्तिको लाभदायक छ वा हानिकारक छ भन्ने सवालमा दुईवटा चीनिया स्वास्थ्य सम्बन्धी संस्थाले संयुक्त रूपमा जुलाई १९८९ मा एउटा अनुसन्धान गरेका थिए । जनावर तथा क्यान्सरकै रोगीहरूमाथि अध्ययन अनुसन्धान गरी ६ महिनापछि प्रकाशित रिपोर्टको निस्कर्ष अनुसार 'फर्माश्यूटिकल नं १' मा बिषाक्तता र कुनै पनि अतिरिक्त नराम्रो प्रभाव नभएको र क्यान्सरका कोषहरूको वृद्धिलाई प्रभावकारी ढंगले नियन्त्रण गर्ने क्षमता यसमा भएको सिद्ध भएको छ ।

यसरी प्रत्येक परीक्षणबाट क्यान्सर निर्मूल गर्न सक्षम सिद्ध भएको 'फर्माश्यूटिकल नं० १' औषधि



# डा० नान शानको संघर्षशील कथा

दशौं हजार भन्दा वढी क्यान्सरका रोगीहरूलाई जीबनदान दिइसक्नु भएका डा० नान शान स्वयं अपांग हुनुहुन्छ । उहाँका दुवै खुट्टाहरू पक्षघात रोगको कारण नचल्ने छन् । पूर्वी चीनको झेजियाङ्ग प्रान्तको वेन्चाऊ शहरमा सन् १९२० मा परम्परागत चीनिया मेडिकल डाक्टरको घरमा जन्मिनु भएका डा० नान शानले आफ्ना बुबा तथा बाजेको प्रशिक्षणमा किशोर अवस्थादेखि नै रोगीहरूको उपचार गर्ने काम शुरू गर्नु भएको हो ।

सन् १९४९ मा चीनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा जनवादी गणतन्त्र चीनको स्थापना भएपछि डा० नान शान स्थानीय शहरको बजार तथा वितरण सहकारी कर्मचारीको रूपमा काम गर्न थाल्नु भयो । जागिरबाट निस्कने फुर्सदको समयलाई उहाँले परम्परागत चीनिया औषधि विज्ञानका शास्त्रीय ग्रन्थहरूको अध्ययनमा लगाउनु भयो।

आफ्ना अध्ययन र अनुभवहरूका साथै पिताको मार्गदर्शनमा उहाँले हानिकारक (Maliguet) ट्यूमरहरूको उपचारबारे अनुसन्धानको क्रम थाल्नु भयो । यसै वीच उहाँको दुई वटै खुट्टा पक्षघातको रोगले ग्रस्त भयो । तापनि उहाँले आफ्ना पिताद्वारा प्राप्त औषधोपचार सम्बन्धी गोप्य निर्देशिका तथा प्रोत्साहनमा आफ्नो अनुसन्धान कार्य जारी राख्नु भयो । २० औं वर्षको अथक लगनशीलता र कठोर मिहेनतको फलस्वरूप डा० नान शान १० बटा भन्दा वढी चीनिया जडीबुटी औषधिहरू र वनस्पति तेलहरू मिसाई, वफाई र काढा बनाई 'फर्माश्यूटिकल नं० १' नामक क्यान्सर उन्मुलक औषधी आविष्कार गर्न सफल हुनुभयो ।

विजया दशमीको शुभ उपलक्ष्यमा ग्राहकवर्ग तथा समस्त देशवासीमा

हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)

बाट उहाँ अहिले कलेजो र मलद्वारको क्यान्सरका अतिरिक्त आमाशय, पेट, भोजन नली, स्तन, फोक्सो र मूत्राशयको पछिल्लो अवस्थाको क्यान्सरको पनि उपचार गर्नु हुन्छ।

यसको सफलता पछि डा० नान शानले विविध प्रकारका क्यान्सरहरू तथा अन्य रोगहरूको उपचार गर्ने उद्देश्य लिई 'फर्माश्यूटिकल नं० २, नं० ३, र नं० ४' नामका औषधीहरूको निर्माण पनि गर्न लाग्नु भएको छ।

**डा० नान शानको ठेगाना**

**Nan Shan Tumour Clinic**
**No. 195, Jiefang Road**
**Hangzhou City**
**Zhejiang Province**
**China.**


**नयाँ वर्ष ने. सं. १११२ को**

**सुखद उपलक्ष्यमा**

समस्त देशवासीमा

हार्दिक मंगलमय

शुभकामना !

**लक्ष्मीदास हरिदास**

**ठहिटी, काठमाडौं**

फोन २२१८२५, २२६८३८


## प्रशिद्धी

यस औषधिको आविष्कार पश्चात् उहाँले आफ्नो शहर वेन्चाऊ स्थित एक छिमेकी क्यान्सर रोगी माथि उक्त औषधिको प्रथम सफल प्रयोग गर्नुभयो। यस सफलताको खबरले चीनका गाउँ र शहरका क्यान्सर रोगीहरू डा० नान शानको क्लिनिकमा 'फर्माश्यूटिकल नं० १' का लागि ओइरिन थाले। उहाँले रोगीहरूको चापलाई ध्यानमा राखी १९८४ मा चाओशान क्लिनिक खोल्नुका साथै मई १९८८ मा हाङ्चाऊको अपांग संघको सहयोगमा ट्यूमरका रोगीहरूका लागि विशेष क्लिनिक संचालन गर्नुभयो।

यसरी आफ्नो आविष्कारलाई उहाँले धेरै भन्दा धेरै प्रभावकारी बनाई क्यान्सर पीडित चीनियाहरूको मात्र सेवा गर्नु भएन। अहिले नं० १९५, जेइफङ्ग रोड, हाङ्चाऊ शहर स्थित उहाँको 'नान शान ट्युमर क्लिनिक' मा ताइवान, हङ्कङ्ग, जापान, अमेरिका र दक्षिणपूर्वी एशियाका विभिन्न देशहरूवाट उपचारार्थ पुगेका विरामीहरूको भीड लाग्ने गर्छ। यसरी चीन वाहिर समेत यसको प्रशिद्धी पुऱ्याउने श्रेय जापानी दैनिक अखवार 'आशाही शिम्बुन' (Asahi Shimbun) लाई जान्छ। सो पत्रिकाले डा० नान शानद्वारा उपचार गराई फर्केका एक जापानी योको गोवा नोबुओमाथि आधारित भएर 'नान शान क्लिनिक' बारे समाचार दिंदै 'हुवा टुवा (प्रख्यात प्राचीन चीनिया डाक्टर) को पुनर्जन्म' भन्ने लेख प्रकाशित गरेको थियो।

**अहिले उहाँको 'नान शान ट्यूमर क्लिनिक' मा ताइवान हङ्कङ्ग, जापान, अमेरिका र दक्षिणपूर्वी एशियाका विभिन्न देशहरूवाट उपचारार्थ पुगेका विरामीहरूको भीड लाग्ने गर्छ।**

यसरी क्यान्सर रोगीका मुक्तिदाताको रूपमा स्थापित हुनु भएका डा० नान शान यस औषधिलाई अझ वैज्ञानिक ढंगले सुरक्षित, प्रभावकारी र सर्वशुलभ वनाउन सबै जनतावाट सर-सहयोगको आशा गरिरहनु भएको छ। तर स्थापित नियमावली अनुसार परीक्षण पूरा गरी नसकिएकोले चीनको केन्द्रिय सरकारले भने यसलाई आधिकारिक रूपले मान्यता प्रदान गरिसकेको छैन।

अझै क्यान्सरको अवस्था, बृद्धिको प्रक्रिया र परिणामबारे राम्रो र स्पष्ट ज्ञान नभैसकेकोले यसवारे थप अध्ययन हुनुपर्ने कुरामाथि जोडदिंदै उहाँ भन्नु हुन्छ 'शरीरको स्वास्थ शक्ति (health energy) र रोग निरोध क्षमतामाथि विशेष जोड दिने हजारौं वर्षको इतिहास भएको चीनिया परम्परागत औषधि एवं उपचार विधि विश्वको औषधोपचारमा ठूलो उपलब्धि हो।' अतः उहाँ भन्नुहुन्छ 'यसलाई आधुनिक पश्चिमी औषधोपचारसंग संयोजित गरेर आधुनिक चीनिया औषधोपचारको विकास गर्नु नै मेरो जीवनको उद्देश्य हो।

प्र. –राजेन्द्र कुमार

( स्रोत: बेइजिङ्ग रिभ्यू / अङ्क २० /१ ९९१)

# 'मूल्यांकन' को अनुरोध

☐ "मूल्याङ्कन" को यो अंकलाई हामीले असोज–कार्तिकको संयुक्तांकको रूपमा प्रकाशन गर्ने योजना राखेका थियौं। तर केही प्राविधिक कारणले यो केही ढीलो हुन पुगेकोले यस अङ्कलाई "असोज - कार्तिक–मंसिर"को संयुक्तांकको रूपमा लिइदिनु हुन पाठक बर्गमा निवेदन गर्दछौं।

☐ "मूल्याङ्कन" का लागि सल्लाह–सुझाव, प्रतिक्रिया एवं लेख रचनाहरू पठाउनु हुन समस्त बौद्धिक व्यक्ति–व्यक्तित्वहरूसंग हामी हार्दिक अनुरोध गर्दछौं।

☐ हल्का र आधारहीन प्रचारवाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार-आदान–प्रदान "मूल्याङ्कन" को अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूको स्रोत समेत खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं। अस्वीकृत लेख रचनाहरू फिर्ता गर्न प्रायः सम्भव नहुने हुनाले प्रतिलिपि आफूसंग राख्न नभुल्नु होला। सामान्य संपादनको अधिकार "मूल्यांकन परिवार"लाई दिनु होला। तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ।

☐ वैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषाको प्रयोग होस् भनी लेखक, विचारकहरूसंग विशेष अनुरोध गर्दछौं।


समस्त देशवासीहरूमा

शुभ दीपावलीको उपलक्ष्यमा

हार्दिक मंगलमय

शुभ–कामना!

खेतान ट्राभल ऐजेन्सी (प्रा) लि०

**हाम्रो अनुभवले के देखाउँछ भने हामीले एकता रोज्दा विचार छुट्ने, विचार रोज्दा एकता टुट्ने खालको स्थिति बढी भोगेका छौं ।**

# वैचारिक अस्पष्टता हाम्रो समस्या हो

– श्यामप्रसाद शर्मा



**(गत असोज ४ र ५ गते प्रगतिशील लेखक संघ (प्र.ले.सं.) को दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भयो ।**

**बहुदलीय व्यवस्था आएपछि प्रगतिशील लेखकहरुको यो राष्ट्रिय स्तरको पहिलो जमघट थियो । साझा मञ्चको रुपमा रहेको यो संघले परिवर्तित राष्ट्रिय स्थितिमा आफूलाई कसरी सक्रिय बनाउँछ भन्ने कुरा आम जनपक्षीय व्यक्तिहरुको चासोको विषय रहेको छ ।**

**यस विषयमा रहेको यो जन-जिज्ञासा समेतलाई ध्यानमा राखी हामीले लामो समयसम्मको भूमिगत जीवन बिताएर आउनुभएका दीर्घसेवी र लब्ध प्रतिष्ठित साहित्यकार श्यामप्रसाद शर्मा, जो हालै यस संघका अध्यक्ष चुनिनु भएको छ, सँग भेटी कुराकानी गरेका थियौं । संघका तर्फबाट यसका महासचिव खगेन्द्र संग्रौलाको पनि सक्रिय सहभागिता रहेको उक्त कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ ।**

**वर्तमान परिस्थितिमा नेपालका प्रगतिशील लेखकहरुको प्रमुख दायित्वको सन्दर्भलाई प्राथमिकता दिँदै हामीले महासचिव खगेन्द्र संग्रौलासँग पनि उहाँको विचार माग गरेका थियौं । उहाँबाट प्राप्त विचार पनि यसको लगत्तै प्रस्तुत गरिएको छ । – सम्पादक)**

**मूल्यांकनः प्र.ले.सं. का सामु अहिले के के समस्याहरु रहेका छन् ?**

**श्यामप्रसादः** संघको सीमा र हाम्रा क्षमताहरुभित्र रहेर हामीले थुप्रै कामहरु गर्नु जरुरी छ । हाल यस संघप्रति प्रगतिशील क्षेत्रमा देखा परेको सुझबुझ र सचेत जनताले यसप्रति प्रकट गरेको शुभेच्छालाई हेर्दा हामीहरु निकै आशावादी छौं । "प्रगतिशील" शब्द नै उन्नत कुरा निर्माणसँग जोडिएको शब्द हो । निर्माण कार्यमा निश्चय नै समस्याहरु पनि बढी हुन्छन् नै ।

प्र.ले.सं. प्रगतिशील विचार अन्तरगत विभिन्न सोच राख्ने लेखकहरुको साझा मंच हो । शोषित पीडित वर्गसँग जोडिएर नवचेतनाको सृजना गर्नका लागि एकता अत्यन्तै जरुरी हुन्छ । तर **हाम्रो अनुभवले के देखाउँछ भने हामीले एकता रोज्दा विचार छुट्ने, विचार रोज्दा एकता टुट्ने खालको स्थिति बढी भोगेका छौं ।** त्यसैले प्रगतिशील क्षेत्रका फरक फरक सोचहरु र तिनका बीच साझा सवालमा एकता, यी दुवै कुरा साथै रही क्रियाशील रहन सकिने कार्यक्रम र कार्यशैली कस्तो हुन्छ र हुनुपर्छ भन्ने विषयमा रहेको अस्पष्टता हाम्रा सामुको एउटा प्रमुख समस्या हो । हामीले साझा चिन्तनप्रणाली र कार्यप्रणाली तय गरी जानु जरुरी छ, मतभेद रहेका कुराहरुमा वैचारिक अन्तर्क्रियालाई वैज्ञानिक बनाउन सकिएन भने सैद्धान्तिक मतभेदले व्यक्तिगत मतभेदको रुप लिन पुग्दोरहेछ ।

दोस्रो समस्या सांगठनिक-साझाभावको कसरी विकास गर्ने भन्ने नै रहेको छ । विचारदेखि व्यवहारसम्म यो भावको विस्तार गर्नु अत्यन्त जरुरी छ ।

अर्को समस्या सृजना क्षेत्रमा रहेको छ । २०३६ साल यता प्रगतिशील साहित्य क्षेत्रमा युवालेखकहरुको एउटा ठूलो जमात बढेको छ । यो अत्यन्त राम्रो कुरा हो । तर मात्रा बढे अनुरुप लेखनमा गुणको वृद्धि हुन सकेको छैन । लेखनमा हावी हुने कोरा उग्रशब्दवाद समस्याको एउटा पाटो रहेको छ भने अर्को पाटो वैचारिक विचलनको कारण पैदा हुने खरो रुपवाद रहेको छ ।

**मूल्यांकनः यसो हुनुको कारण के होला ?**

**श्यामप्रसादः** लेखकहरुमा अध्ययन गर्ने, सिक्ने, अरुको लेखनलाई राम्ररी पढ्ने र मिहेनतसाथ अभ्यासरत रहने पक्षमा रहेको कमजोरीले गर्दा यस्तो हुन पुगेको हो । समग्र प्रगतिवादी आन्दोलन खण्डित भएकोले यसको छाप लेखकीय क्षेत्रमा पनि परेको छ । आफ्नो सोचसँग नजीकका लेखकहरुका रचनाहरु मात्र पढ्ने खालका खण्डित र साँघुरा चिन्तनका घेराहरु तोड्नु जरुरी छ । एक लेखकले अर्कोबाट सिक्ने, एक आपसमा सौहार्द्रता कायम राखी एक आपसभित्रको अभाव पूरा गर्नतिर लाग्नु जरुरी छ ।

**मूल्यांकनः लेखकहरुमा समाजलाई हेर्ने दृष्टिकोणमै पनि अस्पष्टताहरु रहेको र विषयवस्तुको पहिचान, पकड मै पनि कमजोरीहरु रहेकोबारे यहाँको प्रतिकृया के छ ?**

**श्यामप्रासदः** हो, यो ठूलो समस्याको रुपमा विद्यमान छ । यसका लागि लेखकहरुले आफूलाई वैचारिक रुपले समृद्धपार्नमा अत्यन्त महत्वकासाथ ध्यान दिनैपर्छ ।

लेखकभित्रको ज्ञानको भण्डार बढ्नै पर्छ । इतिहासको अनुभवको ढुकुटी र जन-संघर्ष, संसारमा यी दुई कुराबाट ज्ञान प्राप्त हुन्छ । त्यसकारण समाजको द्वन्दरत यथार्थसँग जोडिएर वैचारिक स्पष्टता र स्तर हासिल गर्नुपर्ने हुन्छ ।

**मूल्यांकनः माथिका समस्याहरु हलगर्न तपाईहरु अब के के उपायहरु अपनाउनु हुन्छ त ?**

**श्यामप्रसादः** मुख्यगरी, "साझामंच" संचालनको वैज्ञानिक जनवादी पद्धतिको खोजीतर्फ हामी लाग्ने छौं । प्रगतिवादका आधारभुत मान्यताहरुबारे स्पष्टता प्राप्त गर्न भेटघाट, अध्ययन, भेला, गोष्ठी, सेमिनार आदिमा हाम्रो मुख्य जोड रहने छ

माथि उल्लेख भएका बाहेक हाम्रा अन्य आर्थिक भैतिक समस्याहरु समाधानार्थ पनि हामी सम्पूर्ण शुभेच्छुकहरुको सहयोग समेत लिएर अघि बढ्ने छौं ।

**मूल्यांकनः वाम विचार राख्ने व्यक्ति र शक्तिहरुबाट के अपेक्षा राख्नुहुन्छ ?**

**श्यामप्रसादः** एकताको भावनाको विकास र विस्तार गरी प्र.ले.सं. को ध्येयलाई व्यवहारिक रुपले टेवा दिनेतर्फ उहाँहरुले सक्रियता देखाउनुहुनेछ भन्ने विनम्र आग्रह छ । प्रगतिशील साहित्यको प्रकाशनमा, वितरणमा भरथेगको आशा पनि हामी राख्दछौं ।

# अब के गर्ने ?

## – खगेन्द्र संग्रौला

"प्रगतिशील लेखक संघ"को सम्मेलन हालै सम्पन्न भयो । सम्मेलनपछि बडो जोश-जाँगरका साथ एउटा प्रश्न उठेको छ, हामी लेखकहरुले अब के गर्ने ? के गर्ने भन्ने प्रश्नको उत्तर ठहर गर्नुअघि हाम्रो परिस्थिति कस्तो छ र हाम्रो वैचारिक-साँस्कृतिक फाँटको आजको खाँचो के हो भन्ने प्रश्नकै उत्तर खोज्नु जरुरी छ । यहाँ यसै सम्बन्धमा म एकाध कुरा अघि सार्दैछु ।

केही समयअघि नेपाली कांग्रेसको सरकारका एक जना मन्त्रीले भनेथे- "पंचायतकालमा मौनताको संस्कृतिको प्रभुत्व थियो, अहिले भने परिस्थिति त्यसको उल्टो छ । अर्थात् अहिले सबैले आ-आफ्नो आस्था बेरोकटोक प्रकट गर्ने अवसर पाएका छन् ।" सतही ढंगले हेर्दा यो कुरा साँचो हो भैं लाग्छ । जन-आन्दोलनपछि भाषणमा र छापामा राजादेखि रङ्कसम्म सबैका बारेमा टीकाटीप्पणी र आलोचना भइरहेका छन् । तर मुलुकको कूल जनसंख्याको हिसाबले हेर्दा अभिव्यक्ति स्वतन्त्रताको यो सीमित हक भोगचलन गर्न पाउनेहरुको संख्या सारै थोरै छ । शहर-बजारमा बस्ने दुईचार अक्षर पढेलेखेका र एक मानाको बन्दोवस्त भएका सारै सीमित मानिसहरुले मात्र यस हकको भोग गर्ने अवसर पाएका छन् । मुलुकका सयकडा पन्चानब्बे भन्दा बढी मानिसहरु भोजन र ज्ञानको अकालमा परी छट्पटाइरहेका छन् । राष्ट्रिय जन-जीवनको सारै ठूलो खण्डको निम्ति पंचायती कालरात्रीमा एकरत्ती हेरफेर भएको छैन । हेरफेर भएको छ भने केवल बेसाहाको भाउ बढेको छ र जनताका नाउँमा प्रजातन्त्र र मानव अधिकारका मीठा-मीठा नारा बेच्ने बजारको घेरा पहिले हेरी फराकिलो भएको छ । त्यसैले, कांग्रेसी सरकारका ती मन्त्रीले भनेभैं आज जनसंख्याको ठूलो खण्डमाझ मौनताको संस्कृतिको अन्त भएको छैन । सीमित होहल्ला माझको आम मौनता आजको हाम्रो राष्ट्रिय यथार्थ हो । सत्ता वरिपरिको यस भ्रान्तिकारी होहल्लालाई छिचोल्ने गरी व्यापक जनताको शोषक शासकहरुप्रतिको मौन आक्रोशलाई आवाज दिनु जनपक्षका कलाकर्मीहरुको आजको मूल दायित्व हो ।

विश्व प्रतिक्रियावादको हस्तक्षेप र आन्तरिक राजनैतिक कार्यविधिका त्रुटीहरुका कारणबाट विश्व समाजवादी व्यवस्थाको हार भएको छ । श्रमजीवी जनताको यस अस्थायी हारलाई विश्व प्रतिक्रियावादले मार्क्सवादकै हार ठानेर व्यापक प्रचारबाजी गरिरहेछ । यस्तो दुष्प्रचारबाट निश्चयनै असल मनसाय भएका निकै मानिसहरु पनि प्रभावित र दुःखित भएका छन् । मार्क्सवादको हार भयो भन्नुको सोझो अर्थ




सम्मेलनपछि केन्द्रीय समिति

शोषण, असमानता र युद्धको जीत भयो भन्नु हो । तैपनि, आम जनगणका दृष्टिमा सत्य स्वतः प्रष्ट हुने कुरा होइन । ब्यूँझेकाहरुले ब्यूँझिन खोजेकाहरु, अलमलमा परेकाहरु र निन्द्रामा लट्ठिएकाहरुसामु सत्यको जागरणकारी प्रकाश फिंजाउने प्रयास गरिरहनु पर्दछ । आज प्रगतिवादी शिविरबाट प्रतिक्रियावादी दुष्प्रचारको पुग्दो मात्रामा प्रतिवाद र प्रतिकार नभएझैं लाग्छ । तसर्थ, योजनाबद्ध, संगठित र भीषण वैचारिक संघर्षका निम्ति दरो मोर्चा कस्नु आज हामीले नगरी नहुने काम हो ।

वर्गमा विभाजित भएको समाजमा समय पनि विभाजित हुन्छ । नेपाली परजीवि वर्गका विचारमा क्रान्तिको युग अब समाप्त भएको छ । यस भनाईलाई साँचो मान्ने हो भने भोक र अज्ञानताको घना अन्धकारमा निसासिएका सहस्र श्रमजीवि नेपालीले परजीवी वर्गको कृपामा जीउन बाध्य हुनुपर्नेछ । यस्तो कृपाको अर्थ हुनेछ- आम जनताको अन्ततः शोषण, दमन र अत्याचार । तर वास्तविकता के हो भने पंचायती यथास्थितिवादको ठाउँमा अर्को नाउँको यथास्थितिवाद भर्ती भएपछि वर्गीय ध्रुवीकरणको प्रक्रिया तीव्र भएको छ र साँचो जन-क्रान्तिबिना आम जनता आफै आफ्नो श्रम र सिर्जनाको मालिक बन्न नपाउने कुरा झन्झन् टड्कारो भएको छ । आफ्ना तीव्र संवेदना, गहन अनुभूति र तिख्खर अन्तरदृष्टिका माध्यमले यस वास्तविकतालाई कला-साहित्यमा उतार्नु इतिहासले हाम्रा काँधमा सुम्पेको हाँक हो । यस हाँकलाई पूरा गर्ने क्रममा शोषक सत्ताका गुलिया बचनभित्रको कुटिलता, मानव अधिकारका खोक्रा नाराभित्रको क्रूरता, गरीबी हटाउने अभिनयभित्रको निरर्थकताको सांगोपांगो रुपबाट चित्रण गर्नु हाम्रो काम हुनेछ ।

मेरो विचारमा आज हाम्रो प्रगतिवादी शिविरमा संवादको संकट छ । व्यक्तिहरु, समूहहरु र दलहरु आफूबाहेक अर्को प्रवृत्तिको आलोचना गर्नमा त महसूर देखिन्छन् तर आफैलाई समेत आलोचनाको कसीमा राखेर केलाउनमा भने जाँगरिला देखिन्नन् । विचार अभिव्यक्तिको एकतर्फी शैलीले संवादको संकट पैदा गरेको छ । अरुका दुर्बलतालाई आफ्ना सबलताको सबुत ठान्ने मनोवृत्ति पनि लर्तरो छैन । मार्क्सवाद भनेको मार्क्सवाद आफैलाई समेत आलोचनात्मक दृष्टिले हेर्नसक्ने ह्याउ भएको दर्शन हो । यस्तो दर्शन अँगालेर चल्नेहरुले आफू, आफ्नो समूह र आफ्नो दललाई समेत आलोचनात्मक दृष्टिले हेर्न सक्नुपर्न हो । आफ्ना दुर्बलता र सीमा नकेलाइकन सबलताको विकास गर्न र सीमा तोड्न सकिन्न । आजको हाम्रो आवश्यकता स्वाँगे एकताका निमित्त विचारको परित्याग गर्नु होइन, बरु साँचो एकताका निमित्त विचारनिष्ठ आधारको खोजी र निर्माण गर्नु हो । प्रगतिशील लेखकहरुले सहमतिका बुँदाहरुका आधारमा काम थाल्दै मतभेदका बुँदाहरुलाई तर्कसंगत र मर्यादित छलफल तथा आन्तरिक संघर्षको सूचीमा राखेर काम गर्दै जाँदा नै हाम्रो माझको एकता झन्झन् दरिलो र फराकिलो होला भनी आसा गर्न सकिन्छ ।

गत जन-आन्दोलनमा निरंकुश शासकको सालिक ताकेर त्यसतर्फ लम्केको निशस्त्र र क्रुद्ध जन-सागरको वीरगाथा आन्दोलनकारीहरुका स्मृतिपटमा रगतका अक्षरले अंकित भएको छ । इतिहासको त्यो गौरवमय क्षण, जनताको त्यो उल्लासमय चेतना र मनुष्य जीवन जीउनका लागि मर्न-मार्न तयार हुने त्यो सुन्याइँ - आजको नेपाली जन-आकांक्षाको उपल्लो उँचाइ र चेतनाको उपल्लो विन्दु त्यही हो । संझौतामा र त्यसपछि लेखिएको संविधानमा जन-आकांक्षाको त्यस उँचाइको अनादर भएको छ र क्रान्तिकारी जन-चेतनामा चोट लागेको छ । जन-चेतनाको त्यस उँचाइबाट यथार्थलाई ग्रहण गर्नु र आफ्ना रचनाहरुमा सुन्याइँ र इमानकासाथ त्यसलाई अभिव्यक्त गर्नु इतिहासले हामीलाई सुम्पेको अर्को गहन दायित्व हो । मलाई लाग्छ, चेतनाको त्यस उचाइबाट नियाल्न सक्दा जीवनलाई

(बाँकी ५८ पेजमा)

# मार्क्सवादलाई मार्क्सवादी ढंगबाट कसरी प्रयोग गर्ने ?

बिमल फुयाँल

**संसारमा आज पर्यन्त प्रादुर्भाव भएका दर्शनहरुले मान्छे र विश्व ब्रम्हाण्डबारे बुझ्ने जमर्को गरेका छन् भने मार्क्सवादी दर्शनले चाहिं जीवन र जगत् सम्बन्धी वस्तुगत यथार्थ बुझेर त्यसमा अन्तरनिहित परिवर्तनका नियमहरु पत्ता लगाएर संसारलाई सकारात्मकतातर्फ फेर्न पनि सकिन्छ भन्ने धारणा दृष्टान्त सहित पेश गरेको छ। यो नै मार्क्सवादी चिन्तन प्रणालीको विशिष्टता हो।**

यतिबेला संसारमा मार्क्सवादबारे थरीथरीका चर्चाहरु चलेको सुन्न पाइन्छ। कोही भन्छन्- मार्क्सवाद पूर्णतः असफल सावित भएको छ र यसको कुनै भविष्य छैन। कोही भन्छन्- मार्क्सवादले विद्यमान संसारको सटीक व्याख्या गर्न सक्तैन किनकि यो आफैंमा अपूर्ण छ। कोही भन्छन्- मार्क्सवाद कुनै बेला संसारको निम्ति सामयिक र उपयोगी थियो तर अहिले पूरानो र बेकम्मा भइसकेको छ। अर्को तर्फ, एकाथरी आफूलाई मार्क्सवादको रक्षक ठान्नेहरुको मत के छ भने मार्क्सवाद बिलकूल सही छ, त्यतिमात्र हैन मार्क्सदेखि माओसम्मका दार्शनिक र नेताहरुले संसारको सकारात्मक परिवर्तनको निम्ति कसरी अगाडि बढ्ने भन्ने कुरा तोकेर नै बताईसकेका छन्। हाम्रो काम सिर्फ दायाँ बायाँ नहेरीकन उक्त तोकिएको रेखामा यात्रा गर्नु हो। अहिले सापेक्षिक रुपमा कमजोर अवस्थामा देखिए पनि मार्क्सवादलाई विज्ञान र बैज्ञानिक पद्धतिको रुपमा ग्रहण गरिनु पर्छ भन्ने पक्ष नै आजको उदीयमान प्रगतिवादी धारा हो।

यसरी हेर्दा अहिलेको संसारमा एकातर्फ मार्क्सबादलाई प्रत्यक्षतः आक्रमण गर्ने र मार्क्सवादलाई नै अधिभुतवादी ढंगले ग्रहण गर्ने सम्प्रदाय देखा परेको छ भने अर्कोतर्फ मार्क्सवादलाई विज्ञान र बैज्ञानिक पद्धतिको रुपमा ग्रहण गरेर मानव सभ्यतालाई उन्नत तुल्याउँदै लैजाने बैचारिक मार्गदर्शनको रुपमा लिनुपर्छ भन्ने धारणा विकसित हुँदैछ।

## मार्क्सवाद र मार्क्सवादी व्याख्या

मार्क्सवाद विरोधीहरुले आफ्नो डम्फु जतिसुकै चर्को किसिमले बजाएर तिललाई पहाड बनाउँदै प्रचार गरे पनि मार्क्सवादी दर्शनको आधारभूत स्थापना द्वन्दात्मक वस्तुवादको विकल्प प्रस्तुत गर्नु त परै जावस् यो किन ठीक छैन पनि उनीहरुले भन्न सकेका छैनन।

यति बेलाको विडम्बना चाहिं आफूलाई मार्क्सवादको रक्षक ठान्नेहरुले नै मार्क्सवाद स्वयंलाई अधिभूतवादी ढंगले ग्रहण गर्न पुग्नु नै हो। मार्क्सवादी विश्व दृष्टिकोण र कुनै पनि परिघटनाको मार्क्सवादी व्याख्या विश्लेषण बीचको भिन्नता राम्ररी पक्डन नसक्नु हो। द्वन्द्वात्मक वस्तुवादले हामीलाई कुनै पनि पदार्थ एवं परिघटनाको उत्पत्ति, उत्थान एवं पतनको अवस्थाबारे अध्ययन गर्ने विधि प्रदान गरेको छ। सोही विधि प्रयोग गरेर संसारका मार्क्सवादी चिन्तक, राजनीतिज्ञ र समाजशास्त्रीहरुले विभिन्न मुलुकका परिघटनाबारे समय सापेक्ष व्याख्या विश्लेषण अघि सारेका छन्। विभिन्न मुलुकको विभिन्न सामाजिक चरणमा गरिएका यस्ता व्याख्याहरु ऐतिहासिक महत्वका विशिष्ट मार्क्सवादी व्याख्या हुन सक्दछन् तर तिनै सर्वकालीन तथा सार्वभौम सामान्यीकरण हुन सक्तैनन्।

बीशौं शताब्दीको पूर्वार्द्धमा लेनिनले अघि सारेको पूँजीवाद बारेको व्याख्या एउटा विशिष्ट मार्क्सवादी व्याख्या हो। तर लेनिनको व्याख्या अन्तर्गत पर्ने दुमाको बहिष्कार वा सहभागिता, अक्टोवर क्रान्तिको रणनीति, नयाँ आर्थिक योजना, मेन्सेविकहरुसँगको संयुक्तता वा अलगाव आदि विषयहरु सार्वभौम सिद्धांन्तहरु होइनन्। यस्ता विशिष्ट व्याख्याहरुलाई नै मार्क्सवाद ठानेर अन्धानुकरण गर्न खोज्नु नै मार्क्सवादको अधिभूतवादी ग्रहण गराइ हो।

यही कुरा माओको नौलो जनवाद सम्बन्धी व्याख्यामा पनि लागू हुन्छ। माओको बैचारिक नेतृत्वमा सम्पन्न चिनियाँ किसान क्रान्तिबाट संसारमा मार्क्सवादीहरुले सिक्नु पर्ने कुराहरु प्रसस्तै छन्। तात्कालीन विश्वसम्बन्ध र चिनियाँ समाजको विश्लेषणगर्दै अघि सारिएको माओको व्याख्या एक विशिष्ट मार्क्सवादी विश्लेषण हो। कोमिन्टर्नले प्रदान गरेको क्रान्तिको सूत्रहरुलाई अनुशरण गर्न अस्वीकार गर्दै आफ्नो विशिष्ट परिस्थितिको व्याख्या गर्न मार्क्सवादको मौलिक प्रयोग गर्ने, अर्थात मार्क्सवादलाई विज्ञानको रुपमा ग्रहण गर्ने माओको अनुयायी हौं भन्नेहरुले पनि माओका विचारहरुलाई यान्त्रिक रुपमा लिन खोजिरहेको देखिन्छ।

संर्वहाराको नेतृत्वमा सम्पूर्ण निम्न वर्ग लगायत राष्ट्रिय पूँजीपति वर्गसम्मको संयुक्त एकता, स्थानीय आधारक्षेत्रहरु निर्माण गर्दै गाउँले शहरलाई घेर्ने रणनीति, राष्ट्रिय मुक्ति आन्दोलनलाई सामाजिक मुक्ति अभियानमा गाँस्दै दीर्घकालीन जनयुद्धको अख्तियार आदि माओले चिनियाँ क्रान्तिको क्रममा तत्कालीन परिस्थितिको व्याख्या गर्दै अघि सारेका विचारहरु हुन्। अब नेपालमा नौलो जनवाद चाहनेहरुले यिनै कुराहरु जस्ताको तस्तै अन्धानुकरण गरेर हुन्छ त ? नेपालमा वर्गको रुपमा सर्वहारावर्गको विकास भएकै छैन र हाम्रो राष्ट्रिय परिवेशमा दलाल पूँजीपति वर्ग बाहेक राष्ट्रिय पूँजीपति वर्गको अस्तित्व पनि भेटिएको छैन। अब यस्तो अवस्थामा कसरी सर्वहारादेखि राष्ट्रिय पूँजीपति सम्मको संयुक्त मोर्चा निर्माण गर्ने हो ? चीनमा युद्ध सरदारहरुलाई परास्त गरेर ग्रामीण सत्ता कब्जा गरे जस्तो परिस्थिति नेपालमा छैन। शहरले गाउँलाई दिन पर दिन घेर्दै गएको अवस्था छ। यो कुरालाई गम्भीर ढंगले सोच्नु जरुरी छ। चीनमा नौलो जनवादी क्रान्ति सम्पन्न हुनुमा राष्ट्रिय मुक्ति आन्दोलनको भूमिका पनि अर्को महत्वपूर्ण विषय हो। नेपालमा त्यस्तो परिस्थिति विद्यमान छैन।

क्युवाली क्रान्तिको सिलसिलामा चेगुएवारा र फिडेल क्यास्त्रोले अघि सारेको व्याख्या पनि आफ्नो समयका विशिष्ट व्याख्या हुन्, यद्यपि उक्त व्याख्यालाई मार्क्सवादी मान्ने वा नमान्नेबारे संसारमा विवाद नै छ।

## मार्क्सवादी विश्लेषण पद्धति

कुनै पनि विशिष्ट परिस्थितिलाई लिएर गरिएको मार्क्सवादी व्याख्या स्वयं नै सार्वभौम मार्क्सवादी सिद्धान्त बन्न सक्तैन भन्ने सवाल माथि उठाई सकिएको छ। मार्क्सवादको आधारभूत स्थापना र विभिन्न समयमा विभिन्न मुलुकमा अघि सारिएका मार्क्सवादी व्याख्याहरुका आधारमा मार्क्सवादी विश्लेषण पद्धति स्थापित भएको छ। यद्यपि यसलाई अझै समृद्ध लुल्याउँदै लैजानु निकै जरुरी छ। मार्क्सवादी व्यक्ति, संस्था र राजनैतिक पार्टीहरुले विगतमा खास घटना र व्यक्तित्वबाट प्रभावित भएर अन्धानुकरण गर्नु भन्दा पनि मार्क्सवादी पद्धतिको आधारमा सामाजिक यथार्थलाई आफैले विश्लेषण गर्दै जानुपर्ने हुन्छ।

वर्तमान नेपालको सन्दर्भमा कुन वर्गदेखि कुन वर्गसम्मको संयुक्त मोर्चा बनाउने भन्दा पनि नेपालमा के कस्ता सामाजिक वर्गहरुको उपस्थिति रहेको छ, सो पत्ता लगाउनु प्रथम कार्य हो । नेपालको हिमाल, पहाड, र तराईमा भूमि सम्बन्ध कस्तो छ र यस अन्तर्गत कस्ता वर्गहरु र सामाजिक तब्काहरु छन् सो पत्ता नलगाई कसको विरुद्ध कसले आन्दोलन छेड्ने र कसको नेतृत्वमा भन्ने प्रश्न निरर्थक हुन्छ । नेपालको विशिष्ट परिस्थितिमा शहरीकरणको प्रकृया कसरी चल्दै आएको छ र यसको आर्थिक आधार बारेको परम्परागत व्याख्या हाम्रो सन्दर्भमा प्रासंगिक छैन कि ? यी प्रश्नहरुको जवाफ माओको चिनियाँ समाजको वर्ग विश्लेषणमा खोजेर भेटिँदैन ।

द्वन्द्वात्मक वस्तुवाद व्यवहारमा प्रयोग गर्ने हो भने कहाँ, के हुनु पर्छ भनेर आदर्श प्रस्तुत गर्नु अघि सर्वप्रथम त कहाँ के के रहेको छ र किन त्यस्तो हुँदै आएको छ भन्ने बारे थाहा पाउनु अनिवार्य हुन्छ । नेपाली समाज अन्तर्गत कस्ता कस्ता उत्पादन प्रणाली र स्थानीय सामाजिक सम्बन्धहरु विद्यमान छन्, कुन कुन जनजातिहरु छन्, पारिवारिक स्वरुपहरु के कस्ता छन्, स्थानीयदेखि राष्ट्रिय स्तरसम्मको आर्थिक आधारशीला के हो, विद्यमान उत्पादन र वितरण प्रणाली कहाँबाट अहिलेको अवस्थामा आईपुगेको छ इत्यादि कुराहरु थाहा भए पछि मात्र हामीलाई यहाँका अन्तरविरोधहरु बारे मोटामोटी जानकारी हुन थाल्छ । अन्तरविरोधहरु बारे कपड भएपछि मात्र उदीयमान प्रगतिशील वर्ग र यहाँको प्रधान अन्तरविरोध बारे ठम्याउन सकिन्छ र त्यसपछि हामीले अघि सार्ने धारणा क्रान्तिकारी सन्देश हुन सक्छ । ❋

□ बिमल फुयाँलः प्रगतिशील बुद्धिजीवी / साहित्यकार

*अब के......*

समग्रतामा व्यक्त गर्न सकिनेछ र नौलो क्षितिजसम्म दृष्टि फिंजाउन सकिनेछ ।

मार्क्सवादमा जीवन र जगतलाई हेर्ने प्रकाश त छ तर त्यो आफै प्रज्वलित भने हुँदैन । आफ्नो वर्तमानको ठोस धरातलमा उभिएर कठोर यथार्थलाई फेर्ने संग्राममा जुट्न सकेमा मात्र मार्क्सवादको प्रकाश र हाम्रो दृष्टिको मिलन हुनसक्छ । यसका निमित्त विचार र व्यवहार, चिन्तन र सिर्जना, आदर्श र आचरण माझ नङमासुको नाता गाँस्ने चेष्टा गर्नु नितान्त आवश्यक छ । मार्क्सवाद जिब्राको स्वादका लागि जपिने मन्त्र होइन, जीवनलाई बुझ्न र फेर्न प्रयोग गरिने अच्चुक वैचारिक अस्त्र हो । मार्क्सवादको अस्त्रले सुसज्जित भएर प्रलयंकारी जन-संघर्षका निम्ति जन-जागरण अभियानमा डट्नु समस्त प्रगतिशील लेखकहरुको आजको साझा काम हो । ❋

# घटना प्रवाह

## कार्यगत एकताको खाँचो

महंगीको मारले आज जनता तड्पिरहेको छ । वास्तवमा सीमित आय भएका व्यक्तिहरु बाँच्न अत्यन्तै कठीन भैसकेको छ । तर सरकार कमिशन एजेन्टहरु र काला बजारियाहरुको चंगुलमा फसेर तमासे भएको छ । अत्यन्त कमजोर देखापरेको छ ।

मूलतः कृत्रिम रुपले महंगी वृद्धि भैरहेको वर्तमान स्थितिले प्रतिगामी पुनरुत्थानवादीहरु रमाएका छन् । "बरु हिजोकै व्यवस्था ठीक" भन्ने मानसिकता हुर्कने र बढ्ने खतरनाक संभावना समेत प्रवल हुँदै आइरहेको छ । यस स्थितिमा नेपाली कांग्रेस आफ्नै वचनबद्धता र दक्षताको सीमासम्मको जिम्मेवारी पनि पूरा गरिरहेको छैन । घटनाक्रमले सरकार र काला बजारियाहरुको बीचमा गोप्य गठबन्धन भएको कुराको पुष्टि गरिरहेको छ । यसर्थ यस मामलामा मुलुकका खासगरी वाम शक्तिहरुले अत्यन्त गंभीरतासाथ सोच्नु र पाइला चाल्नु जरुरी भएको छ ।

हालसम्म पटक पटक गरी संयुक्त जनमोर्चा, ने.क.मा. (एमाले), मसाल, ने.म.कि.पा. आदि पार्टीहरुले महंगीको विरोधमा राजधानी र अन्य क्षेत्रहरुमा समेत प्रदर्शन र सभाहरु गरेका छन् । तर सरकार "काग कराउँदैछ, पिना सुक्दैछ" भने जस्तै निस्क्रिय रहेको वा नकारात्मक रुपले सक्रिय रहेको वर्तमान स्थितिमा विरोधका सांकेतिक पाइलाहरु मात्र पार्याप्त छैनन् । निश्चित हदसम्म महंगी घटाउने मूर्त-मागहरु राखी सरकारलाई बाध्यात्मक स्थितिमा पुऱ्याउने वा निर्णायात्मक चुनौति दिने काम हुनु जरुरी छ । विपक्षी हुनुको नाताले विरोधको संकेत गरेर औपचारिकता निर्वाह गरी "धर्म रक्षा" गर्ने मानसिकता भन्दा माथि उठेर आम जनतालाई ठोस रुपले राहत पुऱ्याउन वाम-पक्षबीच फराकिलो कार्यगत एकता गरी गंभीर रुपले लाग्नु पर्ने आजको खाँचो रहेको छ ।

## क्षणिक र दलगत लाभका लागि जे पनि हुन सक्छ !

नेपाली भूमिलाई भारतीय स्वार्थ अनुकूल बनाइराख्न हरदम प्रयत्नशील रहेको भारतीय सत्तारुढ वर्गले प्र.म. गिरिजाप्रसाद कोइरालाको हालैको भारत-भ्रमणलाई अत्यन्त सुक्ष्मतापूर्वक र नजानिंदो पाराले आफ्नो पक्षमा एकलौटी रुपले प्रयोग गर्ने प्रवल संभवना छ । प्रधानमन्त्री र ने.का.ले "देशको विकास गर्ने नै हो भने केही साहस त गर्नै पर्छ" भन्ने तर्क अगाडि सारेर नेपालको राष्ट्रिय स्वार्थलाई भारतीय शासक वर्गको पाउमा अर्पने संभावना पनि त्यत्तिकै प्रवल रहेको छ । ने.का. को इतिहासले के देखाउँछ भने यस मामलामा जनताले अत्यन्त चनाखो हुनै पर्छ, नत्र लामो कालको लागि बर्वादीको खाडलमा हामी जाकिन पुग्ने स्थिति आउन सक्छ ।

सन् १९५० को सन्धिलाई समानताको आधारमा संपूर्ण रुपले फेर्नु जरुरी छ । यसलाई यथावत राखी बाँकी दुई-चार गुलिया कुराहरुले जनतालाई अल्मल्याउनुको कुनै तात्विक अर्थ रहन्न ।



नेपालको जलशक्तिको उपयोगमा नेपालको स्वार्थ र हकको विषयले प्राथमिकता पाउँछ, पाउँदैन ? अन्तराष्ट्रिय प्रचलन अनुसार भूपरिवेष्ठित देश नेपालले समुद्री पारवहनको निर्वाध सुविधा पाउँछ, पाउँदैन ? वाणिज्य क्षेत्रमा समानताको वास्तविक चुरो पक्डने काम हुन्छ हुन्न ? नेपाल चाहिं भारतको निर्वाध र एकलौटी बजार बनेको तर नेपालले भने भारतमा सीमित र सशर्त रुपमा मात्र बजार पाइरहेको स्थितिको अन्त हुन्छ कि हुन्न ? खुला सीमानाको समस्या र यसको कारणले सानो देश नेपालमा ठूलो देश भारतबाट जनसंख्याको बाढी ओइरन पाउने "दुवैतर्फको लागि समान रुपले लागू हुने" भनिएको कथित "समानता" लाई अनुकूल बनाइन्छ, बनाइन्न ? साथै, अझ मुख्य कुरो भारतको सुरक्षा छहारीमुनी रही नेपालले सुरक्षाको मामलामा भारतको मर्जी अनुसार मात्र चल्नु पर्ने वा नपर्ने ? के गरिने छ ?

यी यस्ता केही महत्वपूर्ण सवालहरु हुन्, जसमा जनताको प्रत्यक्ष चासो रहन गएको छ ।

क्षणिक र दलगत लाभका लागि घातक सन्धी सम्झौताहरु पनि हुने र त्यसलाई राजनैतिक कोरा तर्कवाजी र झूठा प्रचारवाजीले सकारात्मक देखाउने ठूलो षडयन्त्र हुनसक्छ । यसका लागि राष्ट्रिय स्वाधीनताका पक्षधर तमाम देशभक्त जनतान्त्रिक शक्तिहरु र सचेत जनता अत्यन्तै चनाखो रहनु पर्ने हाम्रो ठहर छ । ❋

*गलुकोज बिस्कुट गुणले सम्पन्न*
*बज्यै नातिनी सधैँ प्रसन्न*




नेबिको
ग्लूकोज

नेबिको प्राइभेट लिमिटेड   बालाजु, काठमाडौं, नेपाल
फोन नं. २७११३०, २७२५४१

विजया दशमी तथा दीपावलीको
शुभ-उपलक्ष्यमा
समस्त देशवासीहरुमा
हार्दिक मंगलमय शुभ-कामना !

Golchha Organisation
INDUSTRY • COMMERCE • WELFARE

**हुलाचन्द्र गोल्छा**
**र**
**गोल्छा अर्गनाइजेशन परिवार**

टूथपेष्ट जगतमा
चिर परिचित




प्रयोग गरी

दाँत र गिजाको
सुरक्षा गर्नुहोस् ।

"श्री पशुपति सुपर बम्पर उपहार कार्यक्रम"

हात खाली नहुने सबैलाई पर्ने २४ महिने उपहार कार्यक्रमको "ख" समूह
अब बजारमा सर्वत्र उपलब्ध छ ।

रजिष्टर्ड नं. ३५५।५२/०४७/०४८



मासिक किस्ता रु. २५०।- बुझाई ६६"X३६"X२१" को स्टील दराज, मेशिन लकर, इन्टर लकर साथै ऐनासहित भएको अथवा थ्रि सिटर हात भएको सोफा सेट अथवा १४" को B/W T.V. का साथै विभिन्न आकर्षक पुरस्कारहरू जित्नुहोस् । यदि तपाईलाई पुरस्कार नपरे हामी तपाईलाई "UNLUCKY PRIZE" ६,००,०००।- ६ व्यक्तिलाई १,००,०००।- का दरले नगदले पुरस्कृत गर्ने छौं ।

रिङ रोड एरियाभित्र मोटर जाने ४ आना जग्गामा बनेको सर्वसम्पन्न अत्याधुनिक घर थान-१ वा नगद रु. ४,००,०००।- वैठक कोठा, डाइनिङ्ग कोठा, बेडरुम, किचन, एटेज बाथरुम तथा विद्युत् धारा जडित ।

(क) बैठककोठा: एयर कण्डिसन १४" टि.भी. सोफासेट, टि टेबुल, भुईंमा कार्पेट, झ्यालमा पर्दा, म्यूजिकल भित्तेघडी, पुस्तक च्याकबाट सुसज्जित ।
(ख) डाइनिङ कोठा: डाइनिङ टेबुल-१, मेच ४ वाटर फिल्टर-१ बाट सुसज्जित ।
(ग) बेडरुम कोठा: डबल बेड पलंग, डस्ना, सिरक, तन्ना, तकिया, ड्रेसिङ टेबुल तथा डेकोरेटेड दराज भुइमा कार्पेट झ्यालमा पर्दाबाट सुसज्जित ।
(घ) भान्छाघर: ग्यास चुल्हो सिलेण्डर सहित, घरायसी फ्रिज, पकाउने र खाने भाँडाकुँडा सेट, वास वेसिनबाट सुसज्जित
(ङ) बाथरुम: नुहाउने सावर, ऐना, टेबल, साबुन बक्स तथा गिजरद्वारा सुसज्जित ।



थान १ इन्डियन बजाज टेम्पो वा नगद रु. ८०,०००।-
थान २५ T.V.S. SUZUKI मोटर साइकल वा नगद रु. ५५,०००।-
थान २५ माउन्टेन बाइक वा नगद रु ५०००।-

UNLUCKY PRIZE
Rs. 6,00,000/-



कलर T.V. २०" को वा नगद रु. २५,०००।-

किस्तामा दिइने सामानहरूको विवरण





थ्रि सिटर सोफासेट हात भएको अथवा



६६"X३६"X२१" को स्टील दराज अथवा B/W T.V. १४" को



V.C.P. फुनाइ डेक वा घरायसी फ्रिज वा नगद रु १५०००।-
थान २५ सुनको सिक्री वा नगद रु ६०००

हरेक महिना पर्ने आकर्षक पुरस्कारहरु

(क) T.V.S. SUZUKI मोटरसाइकल थान १
(ख) कलर T.V. २०" को थान १
(ग) V.C.P. डेक थान १
(घ) सुनको सिक्री थान १
(ङ) माउन्टेन बाइक हरेक महिनाको Alternate मा दिइने छ ।

अन्य आकर्षक पुरस्कारहरु

स्वीङ्ग मेशिन, टेबुल पंखा, सिटिजन क्वार्ज घडी, हि मेक्स क्यामेरा पलास भएको. सिको फाइभ घडी, फिलिप्स २ वेण्ड रेडियो, प्युरो फिल्टर १९ लिटरको, राइस कुकर, राइस थर्मस, १३ लिटरको प्युरो फिल्टर, वीलिण्डर मेशिन, इलेक्ट्रीक आइरन, ड्रेसिङ टेबुल, डबल बेड ओछयाउने फोम, प्रेसर कुकर, सिंगापुर सुपर लेम्प, हेयर ड्राई मेशिन, भित्ते घडी, टि-सेट र स्टीलको आरी उपरोक्त कुनै एक आकर्षक पुरस्कारका साथै आफूले लिन चाहेको किस्ताको सामान ३ (तीन) मध्ये कुनै एक प्राप्त गर्न सक्नु हुनेछ ।

यस उपहार कार्यक्रमका विशेषताहरु

१. यो कार्यक्रम २४ महिनाको हुनेछ ।
२. यस कार्यक्रममा स्टील दराज अथवा थ्रि सिटर सोफासेट अथवा B/W T.V. १४" को (यी तीनमध्ये कुनै एक) साथै अन्य आकर्षक पुरस्कार पाउनु हुनेछ ।
३. पुरस्कार प्राप्त गरिसकेको ग्राहकवर्गलाई अन्तिम पटक खेलिने सुपर बम्पर उपहार कार्यक्रममा पनि अनिवार्य रूपले सहभागी गराइनेछ । साथै पुरस्कार पर्ने ग्राहकले बाँकी किस्ता बुझाउनु पर्ने छैन ।
४. यस उपहार कार्यक्रममा ग्राहकवर्गलाई पहिलो किस्ता बुझेको मितिदेखि संचालन हुने मितिसम्मको अवधिसम्ममा १५ प्रतिशतको दरले ब्याज प्रदान गरिने छ ।
५. सम्पूर्ण किस्ता एकै पटक बुझाउने ग्राहक वर्गलाई १२ प्रतिशत छुट दिइनेछ साथै निजले लिन चाहने किस्ताको सामानहरू तुरुन्तै दिइने छ ।
६. १२ किस्ता एकै पटक बुझाउने ग्राहकलाई ५ प्रतिशत को दरले छुट दिइनेछ ।

प्रधान कार्यालय: ग २/३८१ वडा ३१ धोबिधारा, काठमाडौं
फोन नं. ४१६२९३

मुद्रक: सुकृति पिन्टर्स, भोछें / मोर्डन प्रिन्टिङ प्रेस, जमल कला / टाइपसेटिङ्ग: क्यालिग्राफिक स्टूडियो, कमलादी, फोन: २२४९३२